स्थानीय सरकार

# लालझाडी गाउँपालिका

शंकरपुर, कन्चनपुर

सुदूरपश्चिम प्रदेश, नेपाल

## मस्यौदा प्रतिवेदन

# लालझाडी गाउँपालिकाको मध्यमकालीन खर्च संरचना

**परामर्शदाताः**

रुद्रकाली कन्सल्ट प्रा. लि.

*कुपण्डोल-१, ललितपुर*

आ. ब. २०८१-०८२

# बिषय सूचि

परिच्छेद १परिचय . ........ १२

१पृष्ठभूमी १. ........ १२

१मध्यमकालीन खर्च संरचनाको अवधारणा २. ........ १२

१मध्यमकालीन खर्च संरचना तयारीको उद्देश्य ३. ........ १३

१मध्यमकालीन खर्च संरचना तर्जुमाका आधारहरु ४. ........ १३

१मध्यमकालीन खर्च संरचना र दिगो विकास लक्ष्य ५. ........ १४

१मध्यमकालीन खर्च संरचना तर्जुमा बिधी तथा प्रकृया ६. ........ १६

परिच्छेद २: मध्यमकालीन खर्च संरचना ........ २१

२पृष्ठभूमि १. ........ २१

२चुनौति तथा अवसर २. ........ २१

२सोच ३., उद्देश्य तथा रणनीति ........ २३

२दीर्घकालीन सोच ३.१. ........ २३

२ ३.२.गाउँ विकासको लक्ष्य ........ २३

२गाउँ विकासको उद्देश्य ३.३. ........ २३

२गाउँ विकासको रणनीति ३.४. ........ २३

२मध्यमकालीन आर्थिक खाका ४. ........ २४

२मध्यमकालीन नतिजा खाका ५. ........ २६

२मध्यमकालीन बजेट खाका ६. ........ २८

२बजेट बिनियोजन र प्रक्षेपणको बाँडफाँट ७. ........ ३०

परिच्छेद ३: आर्थिक क्षेत्र ........ ३६

३कृषी १ . ........ ३६

३पृष्ठभूमि १.१. ........ ३६

३समस्या तथा चुनौति १.२. ........ ३६

३सोच १.३. ........ ३७

३उद्देश्य १.४. ........ ३७

३रणनीति १.५. ........ ३७

३नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य १.६. ........ ३७

३विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान १.७. ........ ३८

३बिवरण कार्यक्रम तथा आयोजनाको संक्षिप्त १.८. ........ ३८

३जोखिम तथा अनुमान १.९. ........ ३९

३सिंचाई २. ........ ३९

३पृष्ठभूमि २.१. ........ ३९

३समस्या तथा चुनौति २.२. ........ ४०

३सोच २.३. ........ ४०

३उद्देश्य २.४. ........ ४०

३रणनीति २.५. ........ ४०

३नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य २.६. ........ ४०

३विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान २.७. ........ ४१

३कार्यक्रम तथा आयोजनाको संक्षिप्त बिवरण २.८. ........ ४१

३जोखिम तथा अनुमान २.९. ........ ४१

३पशुपन्छी ३. ........ ४१

३पृष्ठभूमि ३.१. ........ ४१

३समस्या तथा चुनौति ३.२. ........ 42

३३..३ सोच ........ ४२

३उद्देश्य ३.४. ........ ४२

३रणनीति ३.५. ........ ४२

३नतिजा सूचक ३.६. तथा मध्यमकालीन लक्ष्य ........ ४३

३विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ३.७. ........ ४४

३कार्यक्रम तथा आयोजनाको संक्षिप्त बिवरण ३.८. ........ ४४

३जोखिम तथा अनुमान ३.९. ........ ४४

३उद्योग ब्यापार तथा ब्यवसाय ४. ........ ४५

३पृष्ठभूमि ४.१. ........ ४५

३समस्या ४.२. तथा चुनौति ........ ४५

३सोच ४.३. ........ ४५

३उद्देश्य ४.४. ........ ४५

३रणनीति ४.५. ............................................................ ४५
३नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ४.६. ............................................................ ४५
३विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ४.७. ............................................................ ४६
३बिवरण कार्यक्रम तथा आयोजनाको संक्षिप्त ४.८. ............................................................ ४६
३जोखिम तथा अनुमान ४.९. ............................................................ ४७
३पर्यटन तथा संस्कृति ५. ............................................................ ४७
३५..१ पृष्ठभूमि ............................................................ ४७
३समस्या तथा चुनौति ५.२. ............................................................ ४७
३सोच ५.३. ............................................................ ४८
३उद्देश्य ५.४. ............................................................ ४८
३रणनीति ५.५. ............................................................ ४८
३नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ५.६. ............................................................ ४८
३विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ५.७. ............................................................ ४८
३कार्यक्रम तथा आयोजनाको संक्षिप्त बिवरण ५.८. ............................................................ ४९
३जोखिम तथा अनुमान ५.९. ............................................................ ४९
३भूमि ब्यवस्था ६., सहकारि तथा बित्तीय सेवा ............................................................ ४९
३पृष्ठभूमि ६.१. ............................................................ ४९
३समस्या ६.२. तथा चुनौति ............................................................ ५०
३सोच ६.३. ............................................................ ५०
३उद्देश्य ६.४. ............................................................ ५०
३रणनीति ६.५. ............................................................ ५०
३नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ६.६. ............................................................ ५०
३विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ६.७. ............................................................ ५१
३बिवरण कार्यक्रम तथा आयोजनाको संक्षिप्त ६.८. ............................................................ ५१
३जोखिम तथा अनुमान ६.९. ............................................................ ५२
३श्रम रोजगारि तथा गरिबी निवारण ७. ............................................................ ५२
३पृष्ठभूमि ७.१. ............................................................ ५२
३समस्या तथा चुनौति ७.२. ............................................................ ५२

३सोच ७.३........ ५२
३उद्देश्य ७.४. ........ ५२
३रणनीति ७.५. ........ ५३
३नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ७.६. ........ ५३
३विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ७.७. ........ ५३
३कार्यक्रम तथा आयोजनाको संक्षिप्त बिवरण ७.८. ........ ५३
३जोखिम तथा अनुमान ७.९. ........ ५४
परिच्छेद ४: सामाजिक क्षेत्र........ ५५
४जनस्वास्थ्य तथा पोषण १. ........ ५५
४१..१ पृष्ठभूमि ........ ५५
४समस्या तथा चुनौति १.२. ........ ५५
४१..३ सोच........ ५५
४उद्देश्य १.४. ........ ५५
४रणनीति १.५. ........ ५५
४नतिजा सूचक १.६. तथा मध्यमकालीन लक्ष्य ........ ५६
४विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान १.७. ........ 57
४कार्यक्रम तथा आयोजनाको संक्षिप्त बिवरण १.८. ........ ५७
४जोखिम तथा अनुमान १.९. ........ ५७
४ २.शिक्षा, कला, भाषा तथा साहित्य ........ ५८
४पृष्ठभूमि २.१. ........ ५८
४समस्या तथा चुनौति २.२. ........ ५८
४सोच २.३........ ५८
४उद्देश्य २.४. ........ ५८
४रणनीति २.५. ........ ५९
४नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य २.६. ........ ५९
४विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान २.७. ........ ६०
४बिवरण कार्यक्रम तथा आयोजनाको संक्षिप्त २.८. ........ ६०
४जोखिम तथा अनुमान २.९. ........ ६१

४खानेपानि तथा सरसफाई ३. ........ ६१
४पृष्ठभूमि ३.१. ........ ६१
४समस्या तथा चुनौति ३.२. ........ ६२
४३..३ सोच ........ ६२
४उद्देश्य ३.४. ........ ६२
४रणनीति ३.५. ........ ६२
४नतिजा सूचक ३.६. तथा मध्यमकालीन लक्ष्य ........ ६२
४विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ३.७. ........ ६३
४कार्यक्रम तथा आयोजनाको संक्षिप्त बिवरण ३.८. ........ ६३
४जोखिम तथा अनुमान ३.९. ........ ६४
४महिला ४., बालबालिका तथा सामाजिक समावेशीकरण ........ ६४
४पृष्ठभूमि ४.१. ........ ६४
४समस्या ४.२. तथा चुनौति ........ ६४
४सोच ४.३ ........ ६५
४उद्देश्य ४.४. ........ ६५
४रणनीति ४.५. ........ ६५
४नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ४.६. ........ ६६
४विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ४.७. ........ ६७
४कार्यक्रम तथा आयोजनाको संक्षिप्त बिवरण ४.८. ........ ६७
४जोखिम तथा अनुमान ४.९. ........ ६८
४युवा ५., खेलकुद तथा नवप्रवर्त्तन ........ ६८
४पृष्ठभूमि ५.१. ........ ६८
४समस्या तथा चुनौति ५.२. ........ ६८
४सोच ५.३ ........ ६९
४उद्देश्य ५.४. ........ ६९
४रणनीति ५.५. ........ ६९
४नतिज ५.६.ा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ६९
४विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ५.७. ........ ७०

४बिवरण कार्यक्रम तथा आयोजनाको संक्षिप्त ५.८. ........ ७०
४जोखिम तथा अनुमान ५.९. ........ ७१
४सामाजिक सुरक्षा तथा पञ्जीकरण ६. ........ ७१
४पृष्ठभूमि ६.१. ........ ७१
४समस्या ६.२. तथा चुनौति ........ ७१
४सोच ६.३. ........ ७२
४उद्देश्य ६.४. ........ ७२
४रणनीति ६.५. ........ ७२
४नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ६.६. ........ ७२
४विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ६.७. ........ ७३
४कार्यक्रम तथा आयोजनाको संक्षिप्त बिवरण ६.८. ........ ७३
४जोखिम तथा अनुमान ६.९. ........ 73
परिच्छेद ५: पूर्वाधार क्षेत्र ........ ७४
५भवन १., आवास तथा बस्ती विकास ........ ७४
५पृष्ठभूमि १.१. ........ ७४
५समस्या तथा चुनौति १.२. ........ ७४
५सोच १.३. ........ ७४
५उद्देश्य १.४. ........ ७४
५रणनीति १.५. ........ ७४
५नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य १.६. ........ ७५
५विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान १.७. ........ ७५
५बिवरण कार्यक्रम तथा आयोजनाको संक्षिप्त १.८. ........ ७६
५जोखिम तथा अनुमान १.९. ........ ७६
५सडक २., पुल तथा यातायात ........ ७६
५पृष्ठभूमि २.१. ........ ७६
५समस्या २.२. तथा चुनौति ........ ७७
५सोच २.३. ........ ७७
५उद्देश्य २.४. ........ ७७

५रणनीति २.५. ........ ७७
५नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य २.६. ........ ७८
५विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान २.७. ........ ७८
५बिवरण कार्यक्रम तथा आयोजनाको संक्षिप्त २.८. ........ ७९
५जोखिम तथा अनुमान २.९. ........ ७९
५जल ३.स्रोत, विद्युत् तथा स्वच्छ ऊर्जा ........ ७९
५पृष्ठभूमि ३.१. ........ ७९
५समस्या तथा चुनौति ३.२. ........ ८०
५३..३ सोच ........ ८०
५उद्देश्य ३.४. ........ ८०
५रणनीति ३.५. ........ ८०
५नतिजा सूचक ३.६. तथा मध्यमकालीन लक्ष्य ........ ८०
५विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ३.७. ........ ८१
५बिवरण कार्यक्रम तथा आयोजनाको संक्षिप्त ३.८. ........ ८१
५जोखिम तथा अनुमान ३.९. ........ ८२
५सूचना तथा सञ्चार प्रविधि ४. ........ ८२
५पृष्ठभूमि ४.१. ........ ८२
५समस्या ४.२. तथा चुनौति ........ ८२
५सोच ४.३. ........ ८३
५उद्देश्य ४.४. ........ ८३
५रणनीति ४.५. ........ ८३
५नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ४.६. ........ ८३
५विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ४.७. ........ ८४
५कार्यक्रम तथा आयोजनाको संक्षिप्त बिवरण ४.८. ........ ८४
५जोखिम तथा अनुमान ४.९. ........ ८४
परिच्छेद ६: वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र ........ ८५
६वन १., भूसंरक्षण तथा जैविक विविधता ........ ८५
६पृष्ठभूमि १.१. ........ ८५

६समस्या तथा चुनौति १.२. ........ ८५
६१..३ सोच ........ ८६
६उद्देश्य १.४. ........ ८६
६रणनीति १.५. ........ ८६
६नतिजा सूचक १.६. तथा मध्यमकालीन लक्ष्य ........ ८६
६विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान १.७. ........ ८७
६बिवरण कार्यक्रम तथा आयोजनाको संक्षिप्त १.८. ........ ८७
६जोखिम तथा अनुमान १.९. ........ ८८
६वातावरण तथा फोहोरमैला व्यवस्थापन २. ........ ८८
६पृष्ठभूमि २.१. ........ ८८
६समस्या तथा चुनौति २.२. ........ ८८
६२..३ सोच ........ ८९
६उद्देश्य २.४. ........ ८९
६रणनीति २.५. ........ ८९
६नतिजा सूचक २.६. तथा मध्यमकालीन लक्ष्य ........ ८९
६विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान २.७. ........ ९०
६कार्यक्रम तथा आयोजनाको संक्षिप्त बिवरण २.८. ........ ९०
६जोखिम तथा अनुमान २.९. ........ ९०
६विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन ३. ........ ९१
६पृष्ठभूमि ३.१. ........ ९१
६समस्या ३.२. तथा चुनौति ........ ९१
६सोच ३.३. ........ ९१
६उद्देश्य ३.४. ........ ९१
६रणनीति ३.५. ........ ९२
६तथा मध्यमकालीन लक्ष्य नतिजा सूचक ३.६. ........ ९२
६विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ३.७. ........ ९३
६कार्यक्रम तथा आयोजनाको संक्षिप्त बिवरण ३.८. ........ ९३
६जोखिम तथा अनुमान ३.९. ........ ९४

परिच्छेद ७: संस्थागत विकास तथा सुशासन क्षेत्र ........ ९५

७नीति १., कानून, न्याय तथा सुशासन ........ ९५

७पृष्ठभूमि १.१. ........ ९५

७तथा चुनौति समस्या १.२. ........ ९५

७सोच १.३. ........ ९५

७उद्देश्य १.४. ........ ९५

७रणनीति १.५. ........ ९६

७नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य १.६. ........ ९६

७विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान १.७. ........ ९६

७कार्यक्रम तथा आयोजनाको संक्षिप्त बिवरण १.८. ........ ९७

७जोखिम तथा अनुमान १.९. ........ ९७

७सङ्गठन तथा क्षमता विकास २., जनशक्ति व्यवस्थापन र सेवा प्रवाह ........ ९७

७पृष्ठभूमि २.१. ........ ९७

७समस्या २.२. तथा चुनौति ........ ९८

७सोच २.३. ........ ९८

७उद्देश्य २.४. ........ ९८

७रणनीति २.५. ........ ९८

७नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य २.६. ........ ९८

७विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान २.७. ........ ९९

७बिवरण कार्यक्रम तथा आयोजनाको संक्षिप्त २.८. ........ ९९

७जोखिम तथा अनुमान २.९. ........ ९९

७राजस्व तथा स्रोत परिचालन ३. ........ ९९

७पृष्ठभूमि ३.१. ........ ९९

७समस्या तथा चुनौति ३.२. ........ १००

७सोच ३.३. ........ १००

७उद्देश्य ३.४. ........ १००

७रणनीति ३.५. ........ १००

७नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ३.६. ........ १००

७विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ३.७. ........ १०१

७कार्यक्रम तथा आयोजनाको संक्षिप्त बिवरण ३.८. ........ १०१

७जोखिम तथा अनुमान ३.९. ........ १०१

७तथ्याङ्क प्रणाली र योजना तथा विकास व्यवस्थापन ४. ........ १०२

७पृष्ठभूमि ४.१. ........ १०२

७समस्या तथा चुनौति ४.२. ........ १०२

७४..३ सोच ........ १०२

७उद्देश्य ४.४. ........ १०२

७रणनीति ४.५. ........ १०२

७नतिजा सूचक ४.६. तथा मध्यमकालीन लक्ष्य ........ १०३

७विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ४.७. ........ १०३

७कार्यक्रम तथा आयोजनाको संक्षिप्त बिवरण ४.८. ........ १०४

७जोखिम तथा अनुमान ४.९. ........ १०४

# परिच्छेद १. परिचय

## १.१ पृष्ठभूमी

मध्ममकालीन खर्च संरचनाले आवधिक योजना, एकीकृत नगर / गाउँ विकास योजना र वार्षिक बजेट तथा कार्यक्रमबीच अन्तरसम्बन्ध कायम गरी सार्वजनिक वित्त व्यवस्थापनलाई प्रभावकारी बनाउन सहयोग गर्दछ । लालझाडी गाउँपालिकाको आवधिक योजनाले लिएका समष्टिगत तथा विषयगत लक्ष्य र उद्देश्य हासिल गर्न सार्वजनिक वित्त व्यवस्थापनको महत्वपूर्ण भूमिका हुन्छ । विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय सुशासन जस्ता विषयहरू सार्वजनिक खर्च व्यवस्थापनका मुख्य अवयवहरू हुन् । मध्यमकालीन खर्च संरचनाको प्रमुख उद्देश्य प्राथमिकताका आधारमा सार्वजनिक स्रोतको बाँडफाँट गरी खर्चको प्रभावकारिता बढाउनु हो । मध्यमकालीन खर्च संरचनाले विकास योजनाको लक्षित नतिजा हासिल गर्नको निमित्त उपलब्ध स्रोत साधनको प्रभावकारी विनियोजन र परिचालन, पारदर्शी र मितव्ययी खर्च प्रणाली, वित्तीय सुशासन जस्ता पक्षमा सुधार ल्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले संघ, प्रदेश र स्थानीय तहले मध्यमकालीन खर्च संरचना तर्जुमा गरी कार्यान्वयन गर्न अनिवार्य कानुनी व्यवस्था गरेको छ । गाउँ कार्यपालिका, विषयगत समिति, कार्यदल, विषयगत शाखा र अन्य सरोकारवालासँग राय परामर्शका साथै आवधिक योजना, उपलब्ध शाखागत सूचना, सुदूरपश्चिम प्रदेशको प्रथम आवधिक विकास योजना तथा मध्यमकालीन खर्च संरचना र चालु आर्थिक वर्षको वार्षिक कार्यक्रमलाई आधार मानी यो दस्तावेज तयार गरिएको छ ।

## १.२ मध्यमकालीन खर्च संरचनाको अवधारणा

मध्यमकालीन खर्च संरचना सार्वजनिक वित्त व्यवस्थापनको एक औजार हो जसले सरकारसँग उपलब्ध सीमित स्रोत–साधनको वस्तुनिष्ठ आंकलन गर्ने र योजनाको प्राथमिकताको क्षेत्रमा मध्यम अवधिको लागि बाँडफाँट गर्ने गर्दछ । यस संरचनामा मुख्यतः समष्टिगत आर्थिक खाका, नतिजा खाका र बजेट खाका गरी तीन वटा खाकाहरु समावेश गरिएको हुन्छ । चालु आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रमको उपलब्धिको आधारमा उत्पादन, रोजगारी, आय र लगानी लगायतका परिसूचक समावेश गरी मध्यमकालीन आर्थिक खाका (Medium Term Fiscal Framework ( MTFF)) निर्धारण गरिन्छ । स्थानीय तहलाई संघ तथा प्रदेशबाट प्राप्त हुने अनुदान, राजस्व तथा रोयल्टी बाँडफाट, आन्तरिक आय, आन्तरिक ऋण तथा अन्य स्रोत समेत आंकलन गरी क्षेत्रगत प्राथमिकता अनुरूप विषयगत महाशाखा÷शाखा र अन्तर्गतका निकायहरूसँग सम्बन्धित नीति तथा कार्यक्रम कार्यान्वयन गर्न कार्यक्रम तथा आयोजनागत रूपमा खर्चको अनुमान सहितको मध्यमकालीन बजेट खाका (Medium Term Budgetary Framework (MTB)) तयार गरिन्छ । यस दस्तावेज तयार गर्दा बजेटको कार्यान्वयनबाट तीन आर्थिक वर्षमा प्राप्त हुने प्रतिफलको समेत अनुमान गरी मध्यमकालीन नतिजा खाका (Medium Term Result Framework (MTRF)) तयार गरिएको हुन्छ ।

मध्यमकालीन खर्च संरचना चक्रीय हिसाबले वार्षिक रुपमा तयार गरिने योजना दस्तावेज हो । यसमा पहिलो आर्थिक वर्षमा बजेटको वास्तविक स्रोत र व्ययको अनुमान हुन्छ भने त्यसपछिका दुई आर्थिक वर्षका लागि स्रोत र खर्चको

प्रक्षेपण गरिन्छ । पहिलो वर्षको बजेट कार्यान्वयन भएपछि उपलब्धि समीक्षा गरी बाँकी दुई वर्षको प्रक्षेपित अनुमान परिमार्जन एवम् थप एक वर्षको बजेट प्रक्षेपण गरिन्छ, यो प्रकृया वार्षिकरुपमा गरिरहनु पर्दछ । मध्यमकालीन खर्च संरचनाले बजेट तर्जुमा प्रकृयालाई बढी यथार्थपरक र वस्तुनिष्ठ बनाउन महत्वपूर्ण भूमिका खेल्दछ ।

## १.३ मध्यमकालीन खर्च संरचना तयारीको उद्देश्य

मध्यमकालीन खर्च संरचनाको मुख्य उद्देश्य उपलब्ध स्रोत साधनलाई नीति, आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रम बीच तालमेल गराई सार्वजनिक खर्च प्रणालीमा सुधार ल्याई वित्तीय अनुशासन कायम गर्नु हो । साथै मध्यमकालीन खर्च संरचनाको तयारीका विशिष्ठ उद्देश्य देहायअनुसार रहेका छन् :

क) मध्यमकालीन खर्च संरचनालाई दिगो विकासमैत्री बनाई नेपालले निर्धारण गरेका लक्ष्य सन् २०३० सम्ममा प्राप्त गर्न सहयोग गर्ने ।

ख) आवधिक विकास योजना र वार्षिक बजेट तथा कार्यक्रमबीच तादात्म्यता कायम गरी स्रोत–साधनको विनियोजनलाई उपलब्धिमूलक बनाउन बजेट खाका, नतिजा खाका र वित्तीय खाका तयार गर्नु;

ग) दिगो विकासलाई टेवा पुर्याउने आयोजनाहरूलाई प्राथमिकीकरणका आधारमा स्रोतको सुनिश्चितता गर्नु;

घ) स्थानीय सरकारलाई प्राप्त हुने मध्यम अवधिको आन्तरिक र बाह्य स्रोतको वास्तविक अनुमान गरी बजेट खाका तर्जुमा गर्नु;

ङ) सार्वजनिक खर्चलाई प्रभाबकारी एवम् कुशल बनाइ लक्षित प्रतिफल सुनिश्चित गर्नु ।

## १.४ मध्यमकालीन खर्च संरचना तर्जुमाका आधारहरु

सार्वजनिक खर्च संरचना तर्जुमा गर्दा संविधानले व्यवस्था गरेका प्रावधानहरु एवं स्थानीय तहको अधिकार क्षेत्रभित्रका आर्थिक, सामाजिक, वातावरणीय तथा राजनीतिक पक्षसँग सम्बन्धित विभिन्न नीति, ऐन, नियमको कार्यान्वयन तथा दीर्घकालीन योजना, एकीकृत नगर विकास योजना, विषयगत रणनीतिक योजना र दिगो विकासको लक्ष्य हासिल गर्ने पक्षलाई ध्यान दिनु आवश्यक छ । सो बमोजिम यस मध्ममकालीन खर्च संरचना तयार गर्दा देहायमा उल्लिखित लगायत अन्य पक्षलाई आधार लिइएको छ :

क) नेपालको संविधान २०७२

ख) दिगो विकासका लक्ष्यको अवस्था र मार्गचित्र (२०१५–२०३०)

ग) अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४

घ) राष्ट्रिय दीर्घकालीन सोच, २१०० तथा सोह्रौँ राष्ट्रिय योजना (२०८१ / ०८२ - २०८५ / ०८६)

ङ) सुदूरपश्चिम प्रदेशको प्रथम आवधिक योजना (२०७६ / ०७७ – २०८१ / ०८२)

च) नेपाल सरकार तथा प्रदेश सरकारको नीति तथा कार्यक्रम (आ.व.२०७७ / ०७८)

छ) राष्ट्रिय तथा प्रदेश सरकारको मार्गनिर्देशन

ज) लालझाडी गाउँपालिकाको आवधिक योजना (२०७८ / ०७९ – २०८२ / ०८३)

झ) लालझाडी गाउँपालिकाको प्रोफाइल तथा मध्यमकालीन खर्च संरचना (२०८० – ०८१)

ञ) गाउँपालिकाका अन्य विषय क्षेत्रगत नीति र योजनाहरु

## १.५ मध्यमकालीन खर्च संरचना र दिगो विकास लक्ष्य

दिगो विकास लक्ष्य गरिबीको अन्त्य, समग्र पर्यावरण तथा पृथ्वीको संरक्षण र सबै मानिसको शान्ति एवम् समृद्धि हासिल गर्ने उद्देश्यले संयुक्त राष्ट्र सङ्घको १५औं साधारण सभाद्वारा विश्वको साझा, दिगो र सुरक्षित भविष्यका लागि ग्रहण गरिएको विश्वव्यापी लक्ष्य हो । सहस्राब्दी विकास लक्ष्य (Millennium Development Goals - MDGs) मा आधारित रही तर्जुमा गरिएको दिगो विकास लक्ष्य(Sustainable Development Goals – SDGs)मा सन् २०३० सम्ममा हासिल गर्ने गरी १७ वटा विश्वव्यापी लक्ष्यहरू, १६९ परिमाणात्मक गन्तव्य र २३२ वटा सूचक निर्धारण गरिएका छन् । यी दिगो विकास लक्ष्यहरू सङ्घीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारका काम, कर्तव्य अधिकार तथा दायित्वसँग प्रत्यक्ष, परोक्ष रुपमा सम्बन्धित रहेका छन् । नेपालको दीर्घकालीन सोच समृद्ध नेपाल, सुखी नेपालीसँग सम्बन्धित राष्ट्रिय लक्ष्यहरू पनि दिगो विकास लक्ष्यसँग प्रत्यक्ष सम्बन्धित छन्; यसर्थ पनि सबै तहका सरकारहरूले दिगो विकासको लक्ष्य प्राप्तीमा योगदान गर्नुपर्ने आवश्यकता रहेको छ । यसका अतिरिक्त, दिगो विकास लक्ष्यलाई देशको आवधिक तथा वार्षिक योजनामा समाहित गरी कार्यान्वयन गर्ने प्रतिबद्धता विश्वका अन्य राष्ट्रहरूका साथै नेपालले पनि व्यक्त गरेको सन्दर्भमा दिगो विकास लक्ष्यको कार्यान्वयन नेपालको अन्तर्राष्ट्रिय प्रतिबद्धताका रुपमा पनि रहेको छ ।

स्थानीय सरकारहरू नागरिकका समस्या सम्बोधनमा प्रत्यक्ष संलग्न हुने तथा नागरिकहरूसँग प्रत्यक्षरुपमा जोडिएका हुने भएकाले दिगो विकास लक्ष्य प्राप्तीमा स्थानीय सरकारको भूमिका अझ बढी महत्वपूर्ण रहेको छ । उदाहरणका लागि सबै क्षेत्रबाट सबै किसिमका गरिबीको अन्त्य गर्नु दिगो विकास लक्ष्य–१ हो । यो लक्ष्य हासिल गर्ने सन्दर्भमा गरिबीमा रहेको जनसङ्ख्याको पहिचान गर्न र स्रोत तथा सार्वजनिक वित्तलाई सम्बन्धित गरिब व्यक्ति÷समुदायसम्म केन्द्रित गर्न स्थानीय सरकारको भूमिका तुलनात्मक रुपमा बढी प्रभावकारी हुने भएकाले दिगो विकास लक्ष्य हासिल गर्न स्थानीय सरकारहरूको भूमिका अहम् छ । नागरिकहरूसँग प्रत्यक्ष जोडिनुका अतिरिक्त संवैधानिक अधिकार र जिम्मेवारीका हिसाबले पनि दिगो विकास लक्ष्य प्राप्तीमा स्थानीय तहहरूको भूमिका महत्वपूर्ण छ । सेवा प्रवाह र स्थानीय पूर्वाधार विकासलगायतका कार्यजिम्मेवारी स्थानीय तहको कार्यक्षेत्रमा पर्ने भएकोले दिगो विकास लक्ष्य हासिल गर्न यसको स्थानीयकरण गर्ने महत्वपूर्ण अभिभारा स्थानीय तहमा रहन गएको छ । साथै, सरकारको एकल प्रयासले मात्र पनि दिगो विकास लक्ष्य हासिल गर्न सम्भव छैन । यसका लागि निजी क्षेत्र, गैरसरकारी क्षेत्र, नागरिक समाज, समुदाय, विकास साझेदार लगायत विकासका सरोकारवालाबीचमा साझेदारी हुनु पनि उत्तिकै जरुरी छ ।

दिगो विकास सम्बन्धित राष्ट्रको आर्थिक तथा सामाजिक विकास र वातावरण संरक्षणको एकीकृत अवधारणा भएकाले सदस्य राष्ट्रले दिगो विकास लक्ष्यलाई आन्तरिकीकरण वा स्थानीयकरण गर्नु आवश्यक छ । अन्तर्राष्ट्रियस्तरमा सहमती भएका विकासका मुद्दामा सरकारको जिम्मेवारी पूरा गर्ने यो एउटा मुख्य माध्यम समेत हो । नेपालले चौधौं योजनादेखि नै दिगो विकास लक्ष्यलाई आन्तरिकीकरण गरिरहेको छ, जसअनुसार आयवृद्धि, गुणस्तरीय मानवीय पूँजी निर्माण र आर्थिक जोखिमको न्यूनीकरण गर्दै वि.सं. २०७९ सम्ममा अति कम विकसित देशबाट विकासशील देशमा स्तरोन्नति गर्ने र वि.सं. २०८७ सम्ममा दिगो विकास लक्ष्य हासिल गर्दै उच्च मध्यम आयस्तर भएको मुलुकमा स्तरोन्नति हुने गरी दीर्घकालीन लक्ष्य लिइएको छ । सङ्घ, प्रदेश तथा स्थानीय स्तरमा आवधिक योजना तर्जुमा गर्दा दिगो विकास लक्ष्यहरूलाई साङ्केतीकरण गरी सम्बन्धित योजनाले दिगो विकास लक्ष्य प्राप्तीमा पुर्याउने योगदानको आँकलन गरी

समग्र विकास उपलब्धीलाई दिगो विकासका लक्ष्य प्राप्तीतर्फ उन्मुख गराउने प्रयास हुँदै आएको छ । दिगो विकास लक्ष्यको कार्यान्वयनलाई प्रभावकारी र व्यवस्थित बनाउन प्रदेश तथा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन (नमूना) तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ । यसका अलावा, दिगो विकास लक्ष्य कार्यान्वयनलाई अझ प्रवलीकरण गर्न दिगो विकास लक्ष्य अनुकूलको स्थानीय आवधिक योजना तर्जुमा, दिगो विकास लक्ष्य अनुरुपको मध्यमकालीन खर्च संरचना, वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा, दिगो विकास लक्ष्य प्राप्तिका लागि चालु तथा पुँजीगत खर्चको व्यवस्थापन, दिगो विकास लक्ष्य कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन र दिगो विकास लक्ष्य प्राप्तिका लागि समन्वय, सहकार्य तथा साझेदारीको आवश्यकता रहेको छ ।

सार्वजनिक वित्तलाई दिगो विकास लक्ष्य प्राप्तीतर्फ उन्मुख हुने गरी लगानी नगरेसम्म दिगो विकासको अपेक्षित उपलब्धी हासिल नहुने भएकाले दिगो विकास लक्ष्य प्राप्तीमा सार्वजनिक वित्तको अहम् भूमिका रहेको छ । यसर्थ, स्थानीय तहहरूले दिगो विकास लक्ष्य प्राप्तीमा योगदान गर्ने सार्वजनिक वित्तलाई दिगो विकास लक्ष्यका प्राथमिकताप्राप्त क्षेत्रमा लगानी गर्नु आवश्यक हुन गएको छ । लगानीबिना दिगो विकास लक्ष्य प्राप्त हुन नसक्ने र सामाजिक, आर्थिक, भौतिक विकास र वातावरण संरक्षणमा लगानीको मुख्य स्रोत सार्वजनिक वित्त भएकाले स्थानीय तह लगायत प्रदेश र सङ्घस्तरमा समेत दिगो विकास लक्ष्य प्राप्तीमा सार्वजनिक वित्तको मुख्य भूमिका रहेको छ । दिगो विकास लक्ष्यको कार्यान्वयनका लागि वार्षिक रुपमा नेपाललाई औसत रु. २०२४.८ अर्ब आवश्यक पर्ने र यसको ५४.८ प्रतिशत सार्वजनिक क्षेत्र, ३६.५ प्रतिशत निजी क्षेत्र, ४.४ प्रतिशत घरपरिवार र ४.३ प्रतिशत सहकारी तथा गैरसरकारी क्षेत्रबाट योगदान हुने प्रक्षेपण गरिएको छ । यस आँकडाबाट पनि दिगो विकास लक्ष्य प्राप्तीमा सार्वजनिक क्षेत्र तथा सार्वजनिक वित्तको भूमिका अहम् रहेको देखिन्छ ।

सबैजसो दिगो विकास लक्ष्यहरू स्थानीय सरकारका कानुनी कार्यजिम्मेवारीभित्र र जनअपेक्षालाई संवोधन गर्ने किसिमका रहेका छन् । दिगो विकास लक्ष्य–१ (शून्य गरिबी), लक्ष्य–२ (भोकमरीको अन्त्य), लक्ष्य–८ (मर्यादित काम तथा आर्थिक बृद्धि) र लक्ष्य–१० (असमानताको न्यूनीकरण) सँग जोडिएका छन् । संविधानले स्थानीय तहहरूलाई स्थानीय बजारको व्यवस्थापन, कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, सहकारी जस्ता स्थानीय आर्थिक विकासको जिम्मेवारी प्रदान गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले लघु, घरेलु तथा साना उद्योगको दर्ता तथा नियमनसम्बन्धी र स्थानीय संघ संस्था दर्ता, नियमन र परिचालनको जिम्मेवारी प्रदान गरेको छ । यसर्थ, स्थानीय सरकारका उक्त जिम्मेवारीहरू दिगो विकास लक्ष्य १, लक्ष्य २, लक्ष्य ८ र लक्ष्य १० सँग सम्बन्धित छन् ।

स्थानीय सरकारको अर्को महत्वपूर्ण कार्यक्षेत्र सामाजिक विकासको क्षेत्रमा स्थानीय तहको क्षेत्राधिकारभित्र चारवटा प्रमुख क्षेत्र पर्दछन् । यसमा आधारभूत तथा माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य सेवा, खानेपानी तथा सरसफाई, लैंगिक समानता तथा सामाजिक समावेशिता जस्ता पक्षहरू रहेका छन् । सामाजिक विकाससँग दिगो विकास लक्ष्यका चारवटा लक्ष्य, लक्ष्य–३ (स्वस्थ जीवन), लक्ष्य–४ (गुणस्तरीय शिक्षा), लक्ष्य–५ (लैंगिक समानता) र लक्ष्य–६ (स्वच्छ खानेपानी तथा सरसफाइ) का लागि आवश्यक बजेटको सुनिश्चितता गर्न मध्यमकालीन खर्च संरचनाको महत्वपूर्ण भूमिका रहेको छ ।

स्थानीय तहको अर्को कार्यक्षेत्र पूर्वाधार विकासतर्फ दिगो विकास लक्ष्य–९ (उद्योग, नवीनता एवम् पूर्वाधार), लक्ष्य ११ (दिगो शहर तथा समुदाय) र लक्ष्य ७ (दिगो तथा सफा ऊर्जा) पर्दछन्। वातावरणीय दिगोपनाको सन्दर्भमा दिगो विकास लक्ष्य–१२ दिगो उत्पादन तथा उपभोग तथा उत्पादनप्रति जवाफदेहिता), लक्ष्य–१३ जलवायुसम्बन्धी कार्य), र लक्ष्य–१५ (जमिनमाथिको जीवन) जोडिएका छन्। यसरी, दिगो विकास लक्ष्य र स्थानीय सरकारका कार्यक्षेत्रमा ठूलो हदसम्म समानता रहेको छ। स्थानीय सरकारले आफ्नो प्राथमिकताका आयोजना तथा कार्यक्रममा स्रोतको सुनिश्चितता गर्न मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नुपर्ने कानुनी अनिवार्यता हुनु र स्थानीय सरकारका प्राथमिकताका क्षेत्रहरू दिगो विकास लक्ष्यसँग प्रत्यक्ष सम्बन्धित हुने भएकाले दिगो विकास दिगो विकास लक्ष्य र मध्यमकालीन खर्च संरचनाबीच पनि प्रत्यक्ष सम्बन्ध रहेको छ।

लालझाडी गाउँपालिकाले हालसम्म दिगो विकास लक्ष्यमा केन्द्रित गरी दिगो विकास लक्ष्य, महत्व, जिम्मेबारी सम्बन्धी जनप्रतिनिधी, कर्मचारीहरुलाई जानकारीमूलक तालिम कार्यक्रम प्रस्तावित गरेको छ। दिगो विकासका लक्ष्य हासिल गर्न प्रत्येक्ष तथा अप्रत्येक्ष रुपमा योगदान पुर्याउन वार्षिक बजेट तथा कार्यक्रम र मध्यमकालीन खर्च संरचना तयारीलाई दिगो विकास मैत्री तुल्याउने अठोट लिएको छ। दिगो विकास लक्ष्य स्थानियकरणमा आधारीत रही गाउँपालिकाको सङ्घीय सरकार तथा बागमती प्रदेशसँग समन्वय सहकार्य गरी कार्यक्रमहरु कार्यान्वयन गर्ने र गाउँपालिकाका शाखागत कार्यक्रमहरु दिगो विकास लक्ष्यमा आधारित भई समिक्षा गरी प्रतिवेदन तयार गर्ने अभ्यास रहेको छ।

उपर्युक्त पृष्ठभूमिमा यस मध्यमकालीन खर्च संरचनालाई पनि दिगो विकास लक्ष्यमैत्री बनाउने प्रयास गरिएको छ। यसका लागि दिगो विकासका लक्ष्य तथा सूचकहरू र यस मध्यमकालीन खर्च संरचनाको लक्ष्य तथा सूचकहरूबीच अधिकतम सामञ्जस्यता एकरुपमा कायम गर्ने प्रयास छ। यसमा प्रस्तुत आर्थिक खाका तथा नतिजा खाकामा प्रस्तुत सबै सूचकहरूले प्रत्यक्ष वा परोक्ष रुपमा दिगो विकास लक्ष्यका सूचकहरूलाई कुनै न कुनै रुपमा योगदान गर्दछन्। दिगो विकास लक्ष्यको आधारमा बजेटको बाँडफाँटको अवस्था अध्ययन गरी योजना अवधिमा कुन–कुन दिगो विकास लक्ष्यमा के कति बजेट प्राप्त हुन सक्छ भनी अनुमान तथा प्रक्षेपण गरिएको छ। यस मध्यमकालीन खर्च संरचनामा प्रस्तुत विषय उपक्षेत्रगत सोच, उद्देश्य तथा रणनीतिहरू प्रत्यक्ष वा परोक्षरुपमा दिगो विकास लक्ष्यलाई नै योगदान पुर्याउने खालका रहेका छन्। समस्या चुनौतीहरूको विश्लेषण गर्ने क्रममा दिगो विकास लक्ष्य हासिल गर्नमा रहेका समस्या चुनौतीहरूलाई पनि आवश्यकताअनुसार विश्लेषण गरिएको छ। दिगो विकास लक्ष्य प्राप्तीमा योगदान पुर्याउने आयोजना तथा कार्यक्रमहरू र दिगो विकास लक्ष्यसँग प्रत्यक्ष सम्बन्धित क्षेत्रलाई प्राथमिकीकरण गरी लगानीको सुनिश्चितता गर्ने कार्यलाई पनि यस मध्यमकालीन खर्च संरचना तर्जुमाका क्रममा विशेष ध्यान दिइएको छ। समग्रमा यस लालझाडी गाउँपालिकाको मध्यमकालीन खर्च संरचनालाई अधिकतम रुपमा दिगो विकास लक्ष्यमैत्री बनाउने प्रयास गरिएको छ।

### १.६ मध्यमकालीन खर्च संरचना तर्जुमा बिधी तथा प्रकृया

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित), स्थानीय तहको बजेट तथा कार्यक्रममा दिगो विकास लक्ष्यको साङ्केतीकरण श्रोत पुस्तिका, २०७९ र स्थानीय तहको दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचना तयार गर्न सहयोगी श्रोत पुस्तिका, २०७९, लालझाडी गाउँपालिकाको आवधिक योजना लाई आधारमानी यो दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचना

तयार गरिएको छ। यसका साथै संघ, प्रदेश र स्थानीय तहका बिभिन्न ऐन, नीति, नियम, कार्यबिधी लगायत लालझाडी गाउँपालिकाका प्रतिवेदनहरु, बिभिन्न स्रोतमार्फत प्राप्त तथ्याङ्कहरु पनि समेट्ने प्रयास गरिएको छ। मध्यमकालीन खर्च संरचना तर्जुमामा निम्न बमोजिमको चरण तथा प्रक्रिया अबलम्बन गरिएको छ :

**चरण १: तयारी चरण**

***प्रकृया १: प्राविधिक सहयोगका लागि टोलि परिचालन***

मध्यमकालीन खर्च संरचना तयारीमा सहजीकरण गर्न परिचालित हुने प्राविधिक सहयोग टोली गठन गरी अभिमूखीकरण गरियो । अभिमूखीकरणमा मध्यमकालीन खर्च संरचनाको अवधारणा, तयारी प्रक्रिया ढाँचा एवं औजारहरूको सम्बन्धमा प्राविधिक सहयोग टोलीका सदस्यहरूबीच समान बुझाइ कायम गरियो । साथै यस अभिमूखीकरण कार्यक्रममा समय सीमा, सम्पन्न गर्नुपर्ने कार्य, गाउँपालिका र परामर्शदाताको जिम्मेवारी स्पष्ट गरी परिचालन गरियो।

***प्रकृया २: नीतिगत, कानुनी दस्तावेज, दिग्दर्शन एवं अन्य उपयोगी सन्दर्भ सामग्री संकलन तथा अध्ययन***

प्राविधिक सहयोग टोलीद्धारा स्थानीय तहको योजना, श्रोत प्रक्षेपण र सार्वजनिक वित्त व्यवस्थापनसँग सम्बन्धित नीति, कानून, दिग्दर्शन र कार्यविधि लगायतका सान्दर्भिक दस्तावेज संकलन एवं अध्ययन गरियो । दस्तावेजहरुको अध्ययनबाट मध्यमकालीन खर्च संरचना तयारीका सन्दर्भमा व्यवस्था गरिएका महत्वपूर्ण तथा सान्दर्भिक विषय वस्तुहरु पहिचान गरियो। मध्यमकालीन खर्च संरचना तर्जुमा क्रममा निम्न बमोजिम सन्दर्भमा सामाग्रीहरु अध्ययन एवं समीक्षा गरियो :

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- अन्तर सरकारी वित्तव्यवस्थापन ऐन, २०७४
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व ऐन, २०७६ तथा नियमावली, २०७७
- अन्तर–सरकारी वित्तीय हस्तान्तरण कार्यविधि
- नेपाल सरकार तथा प्रदेश सरकारको वित्तीय हस्तान्तरणको अभ्यास
- नेपाल सरकार, प्रदेश सरकार एवं सम्बन्धित स्थानीय सरकारको वित्तीय ऐनहरु
- नेपाल सरकारको क्षेत्रगत नीति, कानून, मार्गदर्शन र मापदण्ड
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित)
- स्थानीय सरकारको बजेट तथा योजना तर्जुमा हाते किताब, २०७७
- नेपाल सरकारको दीर्घकालीन सोच, पन्ध्रौं राष्ट्रिय योजना, प्रदेशका योजनाहरु
- लालझाडी गाउँपालिकाको आवधिक योजना
- लालझाडी गाउँपालिकाको पूर्व मध्यमकालीन खर्च संरचना

- लालझाडी गाउँपालिकाको प्रोफाइल
- लालझाडी गाउँपालिकाको विषय क्षेत्रगत नीति र योजनाहरु
- सुदूरपश्चिम प्रदेशको पहिलो आवधिक योजना
- संघ तथा प्रदेशको सान्दर्भिक नीति, कानून तथा प्रतिवेदनहरु
- लालझाडी गाउँपालिकाका सान्दर्भिक नीति, कानून तथा प्रतिवेदन आदि।

***प्रक्रिया ३: मध्यमकालीन खर्च संरचनाको ढाँचा, औजार र कार्ययोजना तर्जुमा***

स्थानीय तहको मध्यमकालीन खर्च संरचना तयारी सम्बन्धी दिग्दर्शनमा उल्लेखित विधि, औजार एवं कार्ययोजना सम्बन्धमा गाउँपालिकामा प्रारम्भिक बैठकको आयोजना गरी छलफल गरियो। यस बैठकमा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत, विभिन्न महाशाखा - शाखाका प्रमुखहरु लगायतको उपस्थिति रहेको थियो। बैठकमा भएको छलफलका आधारमा मध्यमकालीन खर्च संरचना तयारी विधि तथा प्रक्रिया औजार र दस्तावेजको ढाँचाको प्रस्ताव तयार गरियो। साथै, बैठकमा आएका सुझाब र पृष्ठपोषणका आधारमा मध्यमकालीन खर्च संरचना तयारी कार्ययोजना तर्जुमा र परिमार्जन गरियो।

**चरण २: लेखाजोखा चरण**

***प्रकृया ६: अभिमूखीकरण तथा प्रारम्भिक कार्यशालाको आयोजना***

वि.सं. २०८१ बैशाख २४ गते मध्यमकालीन खर्च संरचनाको तर्जु प्रक्रियाकको सम्बन्धमा साझा बुझाइ तयार गर्ने उद्देश्यले एक दिने अभिमूखीकरण कार्यक्रमको आयोजना गरियो। उक्त कार्यक्रममा नगरपालिकाका विषयगत शाखाको कर्मचारीको सहभागिता रहेको थियो। कार्यशालामा मध्यमकालीन खर्च संरचना सम्बन्धी अवधारणा, कानूनी आधार, विधि तथा प्रक्रिया औजार, संस्थागत व्यवस्था र कार्ययोजना प्रस्तुति गरी यस सम्बन्धमा स्पष्टता तथा बुझाईमा एकरुपता कायम गरियो। मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यदल गठन तथा कार्य योजनाको स्वीकृति र यस सम्बन्धमा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, विषयगत समिति, कार्यदल र विषयगत शाखाको जिम्मेबारी तथा भूमिका समेत स्पष्ट गरियो। मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धमा गठन गरिएको कार्यदलको विवरण अनुसूची १ मा प्रस्तुत छ।

***प्रक्रिया ७: विषयगत समिति तथा शाखाहरुसँग परामर्श तथा छलफल***

विषयगत रणनीतिक योजना, आवधिक योजना र वार्षिक योजनाको उपलब्धि समीक्षाका लागि विषयगत समितिहरुसँग छलफल गरियो। यस छलफलबाट विषयगत समिति तथा शाखाका प्रमुख उपलब्धि, चालु आयोजना, सालबसाली आयोजना तथा कार्यक्रम, विस्तृत आयोजना प्रतिवेदन तयार भएका आयोजना तथा सम्भाव्यता अध्ययन र लागत अनुमान भएका आयोजना र कार्यक्रमहरुको विवरण संकलन गरियो। सो छलफलबाट विषय क्षेत्रगत योजनाको सूची तयार र हरेक आयोजनाको उप–क्षेत्रगत रुपमा श्रोत आवश्यकता निर्धारण गरियो।

***प्रक्रिया ८: श्रोत तथा खर्चको अनुमान र त्रिवर्षिय प्रक्षेपण***

अन्तर–सरकारी वित्तीय हस्तान्तरण, राजस्व बाँडफाँड लगायतका विभिन्न श्रोतबाट उपलब्ध हुने रकमलाई विगत आर्थिक वर्षहरुको श्रोतको उपलब्धताका आधारमा तथा आन्तरिक श्रोतलाई राजस्व सुधार कार्ययोजनाका आधारमा आगामी तीन आर्थिक वर्षको श्रोत अनुमान तथा प्रक्षेपण गरियो। विगत आर्थिक वर्षहरुको खर्च सहित नगर गौरवका आयोजना, चालु तथा बहुवर्षीय आयोजना र एकीकृत नगर विकास योजना, विषयगत क्षेत्र रणनीति र गुरुयोजना अनुसारका प्राथमिकता प्राप्त आयोजनाको कार्यान्वयनमा आवश्यक पर्ने श्रोतलाई मध्यनजर गरी खर्चको अनुमान तथा प्रक्षेपण गरियो। श्रोत तथा खर्च प्रक्षेपणका आधारमा तीन वर्षको विषय क्षेत्र तथा उपक्षेत्रगत बजेट सीमा निर्धारण गरियो। यसरी तयार गरिएको बजेट सीमालाई सबै विषयगत महाशाखा र शाखामा क्षेत्रगत मध्यमकालीन खर्च संरचना तयारीका लागि उपलब्ध गराइयो।

**चरण ३: तर्जुमा चरण**

***प्रक्रिया ९: क्षेत्रगत योजना तर्जुमा***

विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचना तयारीका लागि विषयगत शाखासँग छलफल तथा बैठक गरियो विषयगत महाशाखा÷शाखा÷एकाइका कर्मचारी तथा विषयगत समितिका पदाधिकारीहरुको सहभागिता रहेको छलफलबाट प्रत्येक उप–क्षेत्रका आगामी तीन वर्ष सञ्चालन गरिने आयोजना तथा कार्यक्रको पहिचान गर्ने, प्राथमिकता निर्धारण गर्ने, लागत अनुमान यकिन गर्ने र आगामी तीन आर्थिक वर्षको लागि स्रोत आवश्यकता निर्धारण गर्नुका साथै स्थानीय रणनीतिक स्तम्भ, प्राथमिकताक्रम, दिगो विकास लक्ष्य, लैंगिक तथा जलवायु संकेतका आधारमा कार्यक्रम तथा आयोजना तथा उप–क्षेत्रको सांकेतीकरण गरियो।

***प्रक्रिया १०: विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको दस्तावेज तयारी***

उपलब्ध बजेट सीमा तथा मार्गदर्शनका आधारमा विषयगत महाशाखा / शाखा / एकाइ सँग छलफल गरी उप–क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयार गरियो। यसरी तयार गरिएको उप–क्षेत्रगत मध्यमकालीन खर्च संरचनालाई एकीकृत गरी विषयगत क्षेत्र मध्यमकालीन खर्च संरचना तयार गरियो।

***प्रक्रिया ११: मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयारी***

निर्धारित ढाँचामा विषयगत क्षेत्रका मध्यमकालीन खर्च संरचनालाई एकीकृत गरी मध्यमकालीन खर्च संरचनाको एकीकृत मस्यौदा दस्तावेज तयार गरियो। यस क्रममा मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यदल र बजेट तथा कार्यक्रम तर्जुमा समितिसँग राय परामर्श गरियो। त्यसैगरी मध्यमकालीन खर्च संरचना तर्जुमाका क्रममा आवधिक योजना, विषयगत क्षेत्र मध्यमकालीन खर्च संरचनाको विवरण, विषयगत क्षेत्र योजना र वार्षिक विकास कार्यक्रम समीक्षाबाट प्राप्त उपलब्धि विवरण तथा क्षेत्रगत रणनीतिक र गुरुयोजनाको परिमाणात्मक लक्ष्यलाई आधार लिइएको थियो। यस दस्तावेजमा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ (परिमार्जित) को व्यवस्था बमोजिम समष्टिगत मध्यमकालीन

वित्तीय खाका, मध्यमकालीन नतिजा खाका र मध्यमकालीन बजेट खाका साथै विषयत क्षेत्रको स्थिति, नतिजा खाका, वित्तीय योजना र कार्यक्रम तथा आयोजनाको सारांश तयार गरि प्रस्तुत गरिएको छ।

**चरण ४: स्वीकृति चरण**

***प्रक्रिया १३: मध्यमकालीन खर्च संरचनाको मस्यौदा प्रस्तुति, छलफल तथा सुझाव संकलन***

उल्लिखित विधि प्रक्रियाबाट तयार गरिएको मस्यौदा दस्तावेज प्रस्तुति तथा छलफल गरि आवश्यक सुझाव संकलन गर्ने उद्देश्यले गाउँपालिकामा वि.सं. २०८२ जेठ २० गते अन्तरक्रिया कार्यक्रम गरिएको थियो। उक्त कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत, महाशाखा तथा शाखा प्रमुखहरु तथा सम्बद्ध अन्य कर्मचारीहरुको सहभागिता थियो। उक्त कार्यक्रममा मस्यौदा प्रतिवेदनका मुख्य पक्षहरुमा प्रस्तुति तथा छलफल गरी आवश्यक थप सूचना तथा तथ्यांक संकलनका साथै विषयगत क्षेत्र तथा उपक्षेत्रगत मुख्य कार्यक्रम तथा आयोजनाहरुको विस्तृत विवरण तयार गरियो। त्यसैगरी विषय उपक्षेत्रगत कार्यक्रम तथा आयोजनाहरुको प्राथमिकिकरण तथा सांकेतीकरणलाई समेत अन्तिम रुप प्रदान गरियो।

***प्रक्रिया १४: मध्यमकालीन खर्च संरचनाको अन्तिम मस्यौदा तयारी***

मस्यौदा प्रस्तुती तथा छलफल कार्यक्रमका साथै विभिन्न महाशाखा / शाखाहरुबाट प्राप्त सुझावहरु तथा दस्तावेजमा अपुग भएका आवश्यक सूचना तथा तथ्यांकहरु विभिन्न शाखाहरुबाट संकलन तथा समावेश गरी मध्यमकालीन खर्च संरचनाको यो अन्तिम मस्यौदा तयार गरिएको छ।

***प्रक्रिया १४: मध्यमकालीन खर्च संरचनाको स्वीकृति***

उपरोक्त चरण र प्रक्रिया अनुसार तयार भई बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट पेश भएको मध्यमकालीन खर्च संरचना उपर कार्यपालिकामा आवश्यक छलफल र स्वीकृति पश्चात अनुमोदनका निमित्त नगर सभामा पेश गरी स्वीकृत गरियो।

# परिच्छेद २: मध्यमकालीन खर्च संरचना

## २.१ पृष्ठभूमि

नेपालमा दशौं योजना देखि नै मध्यमकालीन खर्च संरचना तर्जुमा र कार्यान्वयन गरी प्राथमिकता प्राप्त क्षेत्रमा साधन र स्रोतको विनियोजन गर्ने पद्धतिको शुरुवात गरिएको हो । सामाजिक तथा आर्थिक विकास र समृद्धिका लागि सार्वजनिक वित्त व्यवस्थापनको महत्वपूर्ण भूमिका रहन्छ । यसका लागि साधन स्रोतको विनियोजन कुशलता, कार्यान्वयन दक्षता तथा वित्तीय अनुशासनका तीनै पक्ष उत्तिकै प्रभावकारी हुनुपर्दछ । यी तीनवटै पक्षहरुमा सुधार गर्ने उपाय तथा औजारको रुपमा मध्यमकालीन खर्च संरचनालाई लिइन्छ ।

सङ्घीय संरचना अनुरुप अन्तरसरकारी वित्त व्यवस्थापन सम्बन्धी सङ्घीय कानूनले संघ, प्रदेश तथा स्थानीय सरकारले प्रत्येक आर्थिक वर्षमा आ–आफ्नो क्षेत्राधिकार भित्रका विषयहरुमा हुने सार्वजनिक खर्चको अनुमानित विवरण तयार गरी आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था गरेको छ । उक्त विवरणमा वित्तीय ब्यवस्थाका लागि आवश्यक पर्ने रकम सहितको चालु खर्च, पूँजीगत खर्च खुलाउनुपर्ने व्यवस्था रहेको छ । उपरोक्त संवैधानिक तथा कानूनी व्यवस्था अनुसार लालझाडी गाउँपालिकाले तय गरेको दीर्घकालीन सोच सहितको आवधिक योजना अनुसार प्राथमिकताका क्षेत्रमा साधन स्रोतको विनियोजन सहितको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्न मध्यमकालीन खर्च संरचना आवश्यक रहेको छ ।

नेपाल सरकारले घोषणा गरेको "सुशासन, सामाजिक न्याय र समृद्धि" हासिल गर्ने सोच अनुरुप तयार चालु सोह्रौं योजना, सुदूरपश्चिम प्रदेश सरकारको प्रथम आवधिक योजना र गाउँपालिकाको आवधिक योजनाका नीति तथा कार्यक्रमलाई यस दस्तावेजमा समेट्ने प्रयास गरिएको छ । योजना तथा विकास उपलब्धिको सफलता वित्तीय सङ्घीयताको कुशल व्यवस्थापन, तीव्र आर्थिक वृद्धि एवम् विकास कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा निर्भर रहन्छ । मध्यमकालीन खर्च संरचनाले यसतर्फ गाउँपालिकालाई मार्गदर्शन गर्नेछ ।

आर्थिक वर्ष (२०८२/०८३–२०८४/०८५) का लागि तर्जुमा गरिएको यस मध्यमकालीन खर्च संरचनाले तीनै तहका सरकारहरुका योजनाहरुको सोच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता तथा नगरपालिकाको घोषणा, प्रतिवद्धता, विगत आर्थिक वर्षका वार्षिक नीति तथा कार्यक्रम र दिगो विकास लक्ष्यको मार्गचित्रलाई मुख्य आधारका रुपमा लिइएको छ । गाउँपालिकाका तुलनात्मक लाभका क्षेत्रहरु, प्राथमिकता तथा विकास कार्यक्रम र स्थानीय तहको अधिकार क्षेत्रभित्र संलग्न कार्यसूची अनुसारका कार्यक्रम तथा आयोजनालाई यस संरचनामा समेट्ने प्रयास गरिएको छ ।

## २.२ चुनौति तथा अवसर

संविधान प्रदत्त २२ वटा एकल अधिकार र संघ प्रदेश र स्थानीय तहका १५ वटा साझा अधिकारलाई पूर्ण रुपमा कार्यान्वयन गर्न गाउँपालिकासँग पर्याप्त कानून तथा नीतिहरु तयार गर्नु आवश्यक हुन्छ । संविधानले प्रत्याभूत गरेका मौलिक हक र संविधान प्रदत्त अधिकारको कार्यान्वयन, दिगो विकास लक्ष्य, पन्ध्रौ योजना, सुदूरपश्चिम प्रदेशको प्रथम आवधिक योजना र गाउँपालिकाको आवधिक योजनाको उद्देश्य हासिल गर्न गाउँपालिकामा पर्याप्त ऐन तथा नीतिहरु बनिनसक्नु, वित्तीय सङ्घीयतको मर्म अनुरुप स्थानीय तहको जिम्मेवारी पुरा गर्न साधन स्रोतको अनुमान, प्राथमिकताका

क्षेत्रमा लगानी, मानव संशाधन र संस्थागत क्षमता अभिवृद्धि गर्नु र स्थानीय सरकारमा उपलब्ध सार्वजनिक खर्चको कुशल, समन्यायिक र नतिजामूलक व्यवस्थापन गरी विनियोजन दक्षता, कार्यान्वयन कुशलता र प्रभावकारी वित्तीय अनुशासन कायम गर्नुलाई प्रमुख चूनौतिको रुपमा लिएको छ। यसै गरेर जंगली जनावरहरुसँगको द्वन्द्व, प्राकृतिक प्रकोप, नदीमा आउने बाढी तथा डुबानले पार्ने क्षतिको व्यवस्थापन हुन नसक्नु, कृषि र पशुजन्य पूर्वाधारको अभाव, पर्यटकीय उत्पादनको पूर्वाधार तथा सूचना केन्द्रको अभाव, भौतिक पूर्वाधारको आधुनिकीरण हुन नसक्नु, सामुदायिक तथा संस्थागत विद्यालयहरुमा प्राविधिक शिक्षाको पहुँचमा कमी हुनु, वडागत जनधनत्वका आधारमा विद्यालयको व्यवस्था हुन नसक्नु, विपन्न वर्गमा स्वास्थ्य सेवाको सहज पहुँच हुन नसक्नु, भौतिक संरचनाहरु बालबालिका, अपाङ्ग तथा महिलामैत्री नहुनु, बाल विवाह, जातिय छुवाछुत कायमै रहनु, केहि वस्तिहरुमा परिवारमा खानेपानीको पहुँचमा कमी, गाउँ ससरसफाईका लागि फोहोर वर्गीकरण तथा प्रशोधन विधि नअपनाउनु र खेल मैदानहरुको पूर्वाधार विकास पर्याप्त नहुनु चूनौतिपूर्ण रहेका छन्।

समग्र देशकै कुल गार्हस्थ उत्पादन, राजस्व एवं कृषि, उद्योग तथा सेवा क्षेत्रको एक हिस्सा ओगट्ने सुदूरपश्चिम प्रदेश अन्तर्गत रहेको लालझाडी गाउँपालिकाको धरातलीय अवस्थितीले आफैमा धेरै सम्भावना तथा अवसर बोकेको छ। तराई क्षेत्र अन्तर्गत कन्चनपुर जिल्लामा पर्ने लालझाडी गाउँपालिका नेपालका उच्च कृषि उत्पादकत्व भएका क्षेत्रहरु मध्ये एक हो। तसर्थ व्यावसायिक कृषि यहाँको प्रमूख सम्भावना भएको क्षेत्र हो। अर्को तर्फ नेपालका प्रमुख शहरहरुमा सहज पहुँच प्राप्त गर्न सकेमा यो गाउँपलिकाका लागि कृषि, उद्योग व्यवसाय, पर्यटन क्षेत्रको विकासको सम्भावना तथा अवसर दुवै छ। अर्को तर्फ जैविक विविधता तथा जलाधार युक्त क्षेत्रको प्रवर्धनबाट गाउँपालिकाले धेरै लाभ लिन सक्ने देखिन्छ। विद्यमान पर्यटन व्यवसायलाई थप आकर्षक वनाई "साँस्कृतिक पर्यटकीय हव" को रुपमा विकास गर्न सकिने संभावनाहरु पनि छन। वैदेशिक रोजगारी तथा अध्ययनबाट फर्किएका युवामार्फत विश्वस्तरको ज्ञान, सीप, अनुभव तथा प्रविधि हस्तान्तरण, वित्तीय सेवा र स्थानीय स्रोत परिचालन गरी गाउँपालिकामा उद्यमशीलता विकास, रोजगारी उत्पादन र उत्पादकत्व वृद्धि गर्दै आर्थिक सामाजिक रुपान्तरणको दिशामा अगाडी बढ्ने समेत अवसर सिर्जना भएको छ। यसका साथै कोभिड १९ लगायतका महामारी र अन्य विपद्ले गर्दा अझ बलियो सुरक्षित निर्माण, उत्थानशीलता र वातावरणीय सन्तुलनका दिशामा यस खर्च संरचना केन्द्रित हुने प्रेरणा दिएको छ।

सङ्घीय शासन प्रणाली अनुसार तीनै तहमा निर्वाचित सरकारहरु क्रियाशिल हुनु, नीति, कानून, योजना र मापदण्ड निर्माणभई कार्यान्वयनमा जानु, स्थानीय सरकारहरु बीच दिगो विकासका कार्यहरु क्रमशः कार्यान्वयन हुँदै जानु अहिलेका प्रमुख अवसरहरु हुन्। नगरपालिकामा स्थानीय विशेषतामा आधारित तुलनात्मक लाभका क्षेत्रको पहिचान तथा योजना निर्माण, मानव पूँजी निर्माण, सार्वजनिक सेवा प्रवाह सुधार, पूर्वाधार विकास, स्थानीय उत्पादन, रोजगारी र आयआर्जन वृद्धि, गरिबी निवारण, प्राकृतिक, भौगोलिक, पर्यावरणीय, सामाजिक तथा सांस्कृतिक विविधताको उपयोग आदि अवसरहरु सिर्जना भएका छन्।

## २.३ सोच, उद्देश्य तथा रणनीति

नेपाल सरकारको "सुशासन, सामाजिक न्याय र समृद्धि" तथा प्रादेशिक सरकारको लक्ष्य तथा लालझाडी गाउँपालिकाको श्रोत र साधनलाई दृष्टिगत गर्दै नगर विकासको सोच, लक्ष्य उद्देश्य तथा रणनीति देहाय बमोजिम रहेको छ :

### २.३.१ दीर्घकालीन सोच

गाउँपालिकाको दीर्घकालीन सोच : "समृद्ध लालझाडी हाम्रो शान"

### २.३.२ गाउँ विकासको लक्ष्य

दीर्घकालीन सोचको आधार तय गरेको गाउँ विकासको लक्ष्य देहायअनुसार रहेको छः

"ब्यवसायिक, दर्शनीय र समृद्ध गाउँपालिकाको आधार तयार गर्ने"

### २.३.३ गाउँ विकासको उद्देश्य

मुख्य उद्देश्यः उत्पादनशिल रोजगारि उन्मुख र न्यायपूर्ण वितरण सहितको उच्च आर्थिक बृद्दिद्वारा द्रुत गरिबी न्यूनिकरण गर्दै आर्थिक सामाजिक रुपान्तरण गर्नु ।

बिशीष्ट उद्देश्यहरुः

- ✓ दिगो विकास लक्ष्य र निर्धारित सूचकहरु हासिल गर्नु ।
- ✓ शिक्षा, स्वास्थ्य लगायत आधारभूत सेवा तथा संरचनाहरुमा सबैको पहुँचको सुनिस्चितता गर्नु ।
- ✓ कृषी उत्पादकत्व बृद्दि तथा उद्यम विकास गरी द्रुत आय आर्जनका अवसरहरु सृजना गरेर उच्च आर्थिक बृद्दिदर प्राप्त गर्नु ।
- ✓ प्रविधि विकास तथा विस्तार गर्नु ।
- ✓ मानव अधिकार संरक्षण, दण्डहिनताको अन्त्य सहितको सामाजिक सुरक्षालाई सुनिस्चित गर्नु ।
- ✓ उत्पादन, रोजगारि र आयमा समतामुलक, गुणात्मक र दिगो बृद्दि गर्नु ।
- ✓ स्वस्थ, सशक्त, शिक्षीत, सृजनशील, सिपयुक्त र सुयोग्य मानवीय स्रोतको विकास गर्नु ।
- ✓ बसोवास, बजार, शहरी सुविधा र अन्तर आवद्दतालाई सहज, सुरक्षीत र ब्यवस्थित बनाउनु ।
- ✓ हरीयाली, जैवीक बिविधता, जमिन र जलस्रोतको समुचित ब्यवस्थापन, वातावरणमैत्री विकास तथा जलवायू र विपत ऊत्थानशीलता सुनिस्चित गर्नु ।
- ✓ सेवा प्रवाह, विकास उपलब्धि र जवाफदेहिताको स्तरमा गुणात्मक बृद्दि गर्नु ।

### २.३.४ गाउँ विकासको रणनीति

गाउँपालिकाको समष्टिगत लक्ष्य, उद्देश्य तथा परिमाणत्मक लक्ष्यलाई तोकिएको समयावधिमा पूर्णता दिन एकीकृत गाउँ विकास योजनाले तय गरेका समष्टिगत रणनीतिहरु देहाय अनुसार संक्षिप्तमा प्रस्तुत गरिएको छ ।

- ✓ बिकासका प्रकृयाहरुमा सामाजिक र आर्थिक रुपमा बिपन्न समुदायलाई मूल प्रवाहमा ल्याउने,
- ✓ विकास प्रकृयामा अन्तर सरकार, निजी क्षेत्र, सहकारी, गैसस तथा समुदायसँगको साझेदारी र सहकार्य सबल बनाउने,
- ✓ कृषी तथा पशुजन्य उत्पादनमा आत्मनिर्भर हुँदै खाद्य सुरक्षाको प्रत्याभुति गराई गरिबी निवारणमा उल्लेख्य सुधार गर्ने ।
- ✓ गाउँपालिकालाई कृषि-पर्या पर्यटनको केन्द्रको रुपमा विकास गर्ने,
- ✓ कृषिमा व्यावसायिक तथा यान्त्रीकरणको माध्यमबाट प्रतिष्पर्धात्मक र उच्च प्रतिफलयुक्त तुल्याउने ।
- ✓ कृषी उद्यमशीलताको माध्यमबाट रोजगारि सृजना गरी आम्दानिमा बृद्दि गर्ने,
- ✓ स्थानिय कच्चा पदार्थमा आधारित उद्योग स्थापनाका लागि प्रोत्साहन गर्ने,
- ✓ महिला, बालबालिकासको सर्वाङ्गिण विकासको लागि शिक्षा, स्वास्थ्य क्षेत्रमा जनचेतना अभिबृद्दि र पूर्वाधार विकासमा जोड दिने,
- ✓ प्राकृतिक तथा सांस्कृतिक सम्पदाको संरक्षण, सम्वर्धन र दिगो तथा उच्चतम व्यवस्थापनको नीतिगत व्यवस्थाबाट समुदायको आर्थिक विकास गर्ने,
- ✓ शिक्षा, स्वास्थ्य, खानेपानि जस्ता आधारभूत सेवाहरुलाई गाउँपालिकाको सामाजिक समृद्दिको मेरुदण्डका रुपमा अंगिकार गरी आवश्यक कार्ययोजना लागु गर्ने,
- ✓ पूर्वाधार विकासको गुणस्तरीयता तथा दिगोपना कायम गर्न नीतिगत व्यवस्था र त्यसको कार्यान्वयन गर्ने,
- ✓ गुणस्तरीय तथा व्यावसायिक शिक्षा तथा आधारभूत स्वास्थ्य सुविधामा गाउँपालिकाका सबै नागरिकको पहुँच विस्तार गर्ने,
- ✓ निजी तथा कृषि वन विकास गरी वन पैदावार सम्बन्धि माग लाई सम्बोधन गर्दै गाउँपालिकामा हरियाली प्रवद्र्धन गर्ने,
- ✓ जलवायु परिवर्तनको असर न्यूनीकरण र दैविप्रकोप व्यवस्थापनका लागि वडा स्तरमानै सामुदायिक दैवीप्रकोप व्यवस्थापन समितिहरु गठन गर्ने,
- ✓ नागरिकहरुलाई प्रत्यक्ष करको भार नपर्ने गरी आन्तरिक राजस्वको दायरा विस्तार गर्ने,

## २.४ मध्यमकालीन आर्थिक खाका

राष्ट्रिय सोच तथा संकल्प "समृद्ध नेपाल र सुखी नेपाली" को सुदूरपश्चिम प्रदेशको सोच र लालझाडी गाउँपालिकाको सोच "समृद्ध लालझाडी हाम्रो शान" तथा गाउँ विकासको लक्ष्य अनुरुप आगामी तीन आर्थिक वर्षको मध्यमकालीन खर्च संरचनाको प्रमुख लक्ष्य तथा नतिजा सूचक निर्धारण गरिएको छ । यस क्रममा गाउँपालिका क्षेत्रभित्र उपलब्ध हुने सम्पूर्ण स्रोत तथा साधनको उच्चतम उपयोग गरि सामाजिक, आर्थिक, साँस्कृतिक लगायत सर्वाङ्गिण क्षेत्रमा सम्पूर्ण जनताको समतामुलक पहुँच हुने गरि विकासका खाकाहरु समेट्न भरपूर प्रयास गरिएको छ । सो अनुसार ३ वर्षको समष्टिगत आर्थिक लक्ष्य तालिका नं. २.१ मा प्रस्तुत गरिएको छ ।

*तालिका नः २.१ मध्यमकालीन समष्टिगत आर्थिक खाका तथा लक्ष्य*

| क्र. स. | सूचक/लक्ष्य | एकाई | आ.ब. २०८०/०८१ सम्मको वास्तविक उपलब्धि | आ.ब. २०८१/०८२ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य (आ. ब.) | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/ ०८३ | २०८३/ ०८४ | २०८४/ ०८५ |
| १ | कुल बार्षिक उत्पादन | रु. लाखमा | १०७१०.१६ | ११३५३ | १२०३३.३ | १२७५६ | १३६५९.१ |
| १.१ | कृषी क्षेत्र | रु. लाखमा | ९८३०.१२ | १०४२० | ११०४५ | ११७०८ | १२४१० |
| १.२ | गैर कृषी (उद्योग र सेवा) क्षेत्र | रु. लाखमा | ९५० | ९३३ | ९८८.८ | १०४८.१ | १२३८.६ |
| २ | आर्थिक बृद्दिदर (औसत) | प्रतिशत | - | ६ | ६ | ६ | ७ |
| ३ | औसत पारिवारिक आय | रु. | ५७५५०० | ६१००३० | ६४६६३२ | ६८५४३० | ७३३४१० |
| ४ | आधआरभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत | ८१ | ८३ | ८५ | ८८ | ९० |
| ५ | निरपेक्ष गरिबिको रेखामुनि रहेको जनसंख्या | प्रतिशत | १७.१ | १६.५ | १५.५ | १४ | १२.५ |
| ६ | बहुआयामिक गरिबिको रेखामुनि रहेको जनसंख्या | प्रतिशत | २० | १९ | १७ | १५ | १३ |
| ७ | प्रतिब्यक्ति बार्षिक औसत आय | रु. | १५५३०० | १६४६१८ | १७४४९५ | १८४९७० | १९८१०० |
| ८ | बेरोजगारि दर | प्रतिशत | ४२ | ४० | ३५ | ३० | २५ |
| ९ | ३० मिनेटको दुरिमा यातातात पहुँच भएको परिवार | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० |
| १० | औपचारिक क्षेत्रमा रोजगारी सृजना | कार्यदिन | ११० | ११५ | १२० | १४० | १५० |
| ११. | उद्योग, ब्यापार र ब्यवसाय | संख्या | ५२४ | ५६० | ६७० | ७२० | ८४५ |
| | | | | | | | |

## २.५ मध्यमकालीन नतिजा खाका

नेपाल सरकारको पन्ध्रौ योजना, सुदूरपश्चिम प्रदेशको प्रथम आवधिक योजना तथा गाउँपालिकाको वर्तमान आवधिक योजनाले लिएको समष्टिगत तथा विषयगत अपेक्षित उपलब्धि हासिल गर्न सहयोग पुग्ने गरी आगामी तीन आर्थिक वर्षको समष्टिगत नतिजा खाका निर्धारण गरिएको छ । यो खाका विगत आर्थिक वर्षहरुको उपलब्धि र चालु आर्थिक वर्ष २०८०/८१ को अनुमानित उपलब्धिको आधारमा आगामी आ.व. २०८१/८२ को लक्ष्य निर्धारण गरिएको छ । नतिजा खाकाको दोश्रो र तेश्रो वर्षको लक्ष्य वर्तमान आवधिक योजना र विगत वर्षहरुको उपलब्धिको आधारमा निर्धारण गरिएको छ । यस नतिजा खाका तयार गर्ने क्रममा संलग्न क्षेत्रको बृद्दिदर (Growth Rate), परिवर्तनको प्रवृत्ति (Trend of Change) र अनुमानित समायोजन (Estimated Adjustment) का आधारमा आगामी ३ बर्ष सम्मको अनुमानित लक्ष्य निर्धारण गरिएको छ ।मध्यमकालीन समष्टिगत नतिजा खाका तालिका २.२ मा प्रस्तुत गरिएको छ ।

*तालिका २.२: प्रमुख बिषय क्षेत्रगत सूचक तथा मध्यमकलीन नतिजा खाका*

| क्र. सं. | सूचक | एकाई | गत आ. ब. को उपलब्धि | चालु आ. ब. को अनुमानित उपलब्धि | मध्यमकालिन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ |
| १ | ५ बर्ष मुनिका कम तौल भएका बालबालिका | प्रतिशत | १३ | १२ | १० | ८ | ७ |
| २ | साक्षरता दर | प्रतिशत | ७६.४ | ७८ | ८० | ८३ | ८७ |
| ३ | आधारभूत तह (१–८) खुद भर्ना दर | संख्या | ७२ | ७५ | ८० | ८५ | ९२ |
| ४ | माध्यमिक तह (९–१२) खुद भर्ना दर | प्रतिशत | ५८ | ६०.३ | ६७ | ७८ | ८७ |
| ५ | संस्थागत सुत्केरी गराउने गर्भवती महिला | प्रतिशत | ९५ | ९६ | ९७ | ९९ | १०० |
| ६ | स्थानिय सडक (कालोपत्रे) | कि. मि. | १० | १४ | २५ | ३५ | ५० |
| ७ | स्थानिय सडक (ग्राभेल) | कि. मि. | १६० | १६५ | १७५ | १८५ | १९० |
| ८ | स्थानिय सडक (धुले) | कि. मि. | ५५ | ५५ | ५५ | ५५ | ५५ |
| ९ | ३० मिनेटको दुरिमा यातायातमा पहुँच भएको जनसंख्या | प्रतिशत | ३० | ३७ | ४५ | ६० | ७५ |

| क्र. सं. | सूचक | एकाई | गत आ. ब. को उपलब्धि | चालु आ. ब. को अनुमानित उपलब्धि | मध्यमकालिन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ |
| १० | आफ्नो उत्पादनले वर्षभरी खानपुग्ने परिवार | प्रतिशत | ७० | ७२ | ७९ | ८५ | ८९ |
| ११ | सुरक्षित आवासमा बसोवास गर्ने जनसंख्या | प्रतिशत | २० | २४ | २७ | ३० | ३४ |
| १२ | मापदण्ड अनुसार निर्माण भएका कार्यालय, विद्यालय तथा स्वास्थ्य भवन | प्रतिशत | ५० | ५० | ५५ | ५५ | ६० |
| १३ | उर्जा उपभोगमा नवीकरणीय उर्जाको अनुपात | प्रतिशत | ८ | ८ | १० | १२ | १५ |
| १४ | आधारभूत खानेपानि सुबिधा पुगेको जनसंख्या | प्रतिशत | ८६ | ८८ | ९० | ९२ | ९४ |
| १५ | ५ बर्ष मुनिका बालबालिकाको जन्मदर्ता | प्रतिशत | ९२ | ९३ | ९५ | ९७ | ९९ |
| १६ | विपद्का घटनाबाट प्रभावित परिवार | प्रति हजार | ७२० | ७०० | ६०० | ५०० | ४०० |
| १७ | हरियाली क्षेत्र | प्रतिशत | ६३ | ६३.५ | ६४.५ | ६५ | ६५.५ |
| १७ | दूरसंचार र सूचना प्रविधिमा पहूँच भएका जनसंख्या | प्रतिशत | ८५ | ८७ | ९० | ९५ | १०० |
| १८ | सामाजिक सुरक्षामा आवद्द जनसंख्या | प्रतिशत | १० | १० | १०.५ | ११ | ११ |
| १९ | पर्यटन आगमन | संख्या | - | - | १००० | १५०० | २००० |
| २० | स्थानिय सेवा प्रवाहबाट सन्तुष्ट नागरिक | प्रतिशत | | | | | |

## २.६ मध्यमकालीन बजेट खाका

आवधिक योजनाको सोच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता, वार्षिक नीति तथा कार्यक्रम, दिगो विकास लक्ष्यको मार्गचित्र, क्रमागत एवम् विस्तृत अध्ययन भएका आयोजना तथा कार्यक्रम, स्थानीय प्राथमिकता, विनियोजन कुशलता, अनुमान योग्यता र वित्तीय सुशासनलाई मुख्य आधार लिई गाउँपालिकाको त्रिबर्षीय बजेट खाका तयार गरिएको छ । मध्यमकालीन खर्च संरचनामा वित्तीय सङ्घीयताको कार्यान्वयन, स्थानीय आर्थिक स्थायित्व र रोजगारी, सामाजिक तथा आर्थिक विकास र सन्तुलित विकासका लागि विकास आयोजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा जोड दिइएको छ । माथि उल्लिखित समष्टिगत नतिजा खाका तथा विषय क्षेत्रगत नतिजा प्राप्त गर्नका लागि आवश्यक हुने खर्च तथा स्रोतको अनुमान गरिएको छ । विभिन्न खालको विपद्, जलवायु परिवर्तनजन्य विपद् पश्चातको सामाजिक आर्थिक पुनरुत्थानलाई प्राथमिकता दिइएको छ । विपद्ले सिर्जना गरेका विकासका अवसरहरुको उपयोग गर्ने खालका विकास कार्यक्रमको तर्जुमालाई प्राथमिता दिइएको छ ।

नगर गौरवका आयोजना, चालु तथा विस्तृत अध्ययन भएका, तुलनात्मक लाभका आयोजना तथा कार्यक्रमका लागि आवश्यक रकम सुनिश्चित (ꣻबचmबचप) हुने गरी बजेट सीमा र सोको आधारमा विषयगत बजेट खाका तर्जुमा गरिएको छ । क्रमागत कार्यक्रम, आयोजना कार्यान्वयनको अवस्था र आगामी कार्यान्वयन योजनाको आधारमा खर्च गर्न सक्ने क्षमता तथा स्रोतको आवश्यकता एवम् उपलब्धतालाई मध्यनजर गरिएको छ । मध्यमकालीन स्रोत अनुमान गर्दा आन्तरिक आय तथा राजस्व परिचालनको विगत प्रवृत्ति, कोभिड १९ महामारी र अन्य विपद्बाट स्रोत परिचालनमा परेको चाप र आगामी वर्षहरुमा पर्न सक्ने असर तथा प्रभाव, स्रोतको आवश्यकता लगायतका पक्षहरुलाई पनि ध्यान दिइएको छ । त्रिवर्षीय खर्चको अनुमान र स्रोतको बाँडफाँट सहितको विषगत शाखा, उपशाखा, एकाईलाई प्रदान गरिएको बजेट सीमा तथा मार्गदर्शन अनुसूची २ मा प्रस्तुत छ ।

पहिलो वर्षको खर्च संरचनाको राजस्व तथा खर्च अनुमान गर्दा आर्थिक वर्ष २०८०/०८१ को बजेट राजस्व तथा विनियोजनका आधारमा गरिएको छ भने दोस्रो र तेस्रो वर्षको प्रक्षेपण गर्दा नगरपालिकाको एकीकृत नगर विकास योजनामा उल्लेख गरेको आवधिक लक्ष्य, घोषित कार्यक्रम र सो अनुसार संचालन हुने कार्यक्रम तथा हासिल गर्ने नतिजालाई प्रमुख आधार मानिएको छ । प्रक्षेपणका क्रममा नगरपालिकाको प्राथमिकताका क्षेत्र तथा रणनीतिक महत्वका आयोजना तथा कार्यक्रमलाई प्रर्याप्त स्रोत व्यवस्था गरिएको छ । आगामी आ.व.हरुका लागि स्रोत अनुमान तथा प्रक्षेपण गर्दा विगत आ.व.हरुको स्रोत संकलन, चालु आ.व.को अनुमान तथा जेठ मसान्तसम्मको संकलन, नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त अनुदानका सिलिङ्ग तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सिफारिस गरेका रोयल्टी तथा राजस्व बाँडफाँटका दस्तावेजहरुलाई मुख्य आधारका रुपमा लिईएको छ ।

गाउँपालिकाको आगामी तीन वर्षको अवधिमा कुल बजेट रु. १ अर्ब ५५ करोड १७ लाख ७९ हजार (प्रचलित मूल्यमा) रहने प्रक्षेपण गरिएको छ । स्रोत परिचालनतर्फ आन्तरिक आयबाट रु. २८ करोड ४२ लाख ७९ हजार, राजस्व बाँडफाटबाट रु. ३० करोड ६३ लाख ८२ हजार, र आन्य नेपाल सरकार तथा प्रदेश सरकारको बित्तिय हस्तान्तरण मार्फत व्यहोरिने प्रक्षेपण गरिएको छ । यस सम्बन्धी विवरण तालिका २.३ मा उल्लेख गरिएको छ ।

*तालिका २.२: प्रमुख बिषय क्षेत्रगत सूचक तथा मध्यमकलीन बजेट खाका*

| क्र. सं. | विवरण | गत आ. ब. को यथार्थ | चालु आ. ब. को संसोधित अनुमान | मध्यमकालिन बजेट अनुमान र प्रक्षेपण | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | तीन बर्षको कुल |
| १ | **खर्च अनुमान** | | | | | | |
| | चालु खर्च | २१४२०८ | २४२९५७ | २५०२४६ | २६२७५८ | २७८५२३ | |
| | पूँजीगत खर्च | १५५५०४ | २३२६८३ | २५१२९८ | २६८८८८ | २९३०८८ | |
| | बित्तीय ब्यवस्था | | | | | | |
| | कुल | ३६९७१२ | ४७५६४० | ५०१५४३ | ५३१६४६ | ५७१६१२ | |
| २ | **आय अनुमान** | | | | | | |
| २.१ | आन्तरिक आय | ४८०११ | ५४५१८ | ७०२५५ | ७५९५५ | ८३५५१ | |
| २.२ | राजस्व बाँडफाँटबाट प्राप्त रकम | ५८१५९ | ८५५६२ | ९२७३६ | १०१७३६ | १११९१० | |
| २.३ | नेपाल सरकार वित्तीय हस्तान्तरण | २४९४९४ | २९४१३९ | | | | |
| क | वित्तीय समानीकरण अनुदान | ८६६७६ | ९३२०० | १०५४७० | ११०४६० | ११७७९८ | |
| ख | सशर्त अनुदान | १३२१२४ | १६०७९१ | १६७७६० | १७७२३० | १८०१६० | |
| ग | समपूरक अनुदान | १४६६४ | १५००० | १७९२८ | १८२५० | १९००४ | |
| घ | बिशेष अनुदान | १६००० | १०००० | १४२५० | १४६५५ | २२२४७ | |
| २.४ | प्रदेश सरकार वित्तीय हस्तान्तरण | १४८३९ | २७३८६ | | | | |
| क | वित्तीय समानीकरण अनुदान | ७५६९ | ८०४६ | ८३८५ | ८३८५ | ९८८२ | |
| ख | सशर्त अनुदान | २४१२ | ५३४० | ७७७९ | ८५५० | ९५७० | |
| ग | समपूरक अनुदान | ८८५ | १०००० | १०५०० | ९३०० | १०२०० | |
| घ | बिशेष अनुदान | ३९७२ | ४००० | ६३०० | ६९५० | ७०७८ | |

| क्र. सं. | विवरण | गत आ. ब. को यथार्थ | चालु आ. ब. को संसोधित अनुमान | मध्यमकालिन बजेट अनुमान र प्रक्षेपण | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | तीन बर्षको कुल |
| २.५ | आन्तरिक ऋण | | | | | | |
| २.६ | अन्य राजस्व | १४८ | १५० | १८१ | १७६ | २१३ | |
| २.७ | जनसहभागिता | | | | | | |
| | अन्तर स्थानिय तह साझेदारी रकम | | | | | | |
| | मौज्दात रकम | ४२७०७ | ४६९९३ | | | | |
| | कुल | ३७०५०४ | ४७५६४० | ५०१५४४ | ५३१६४७ | ५७१६१२ | |
| | बचत (-) न्युन (+) | | | | | | |

## २.७ बजेट बिनियोजन र प्रक्षेपणको बाँडफाँट

आगामी तीन वर्षको बजेट अनुमान र प्रक्षेपणको विभिन्न आधारमा गरिएको तुलनात्मक विवरण देहाय बमोजिम रहेको छ ।

**क) प्राथमिकताको आधारमा बाँडफाँट**

कार्यक्रम तथा आयोजनाको प्राथमिकताक्रम बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.४ मा प्रस्तुत गरिएको छ:

*तालिका २.४ : प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)*

| प्राथमिकताक्रम | आयोजना/ कार्यक्रम संख्या | २०८२/८३ को खर्च अनुमान | | २०८३/८४ को खर्च प्रक्षेपण | | २०८४/८५ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| पहिलो प्राथमिकता (P1) | ३८ | ३१०९५६.७ | ६२ | ३२६००३.२ | ६५ | ३८२९८० | ६७ |
| दोस्रो प्राथमिकता (P2) | २५ | १९०५८६.३ | ३८ | १८६०७६.३ | ३५ | १८८६३२ | ३३ |

**ख) दिगो विकासको लक्ष्यका आधारमा बाँडफाँट**

दिगो विकास लक्ष्य बमोजिम आगामी तीन आर्थिक वर्षको व्यय अनुमान तथा प्रक्षेपण तालिका नं. २.५ मा प्रस्तुत गरिएको छ ।

तालिका २.५ *दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)*

| संकेत नं. | दिगो विकास लक्ष्य | गत आ. ब. को यथार्थ | | चालु आ. ब. को संसोधित अनुमान | | आगामी आ. ब. को बिनियोजन | | आ. ब. २०८३/०८४ को प्रक्षेपण | | आ. ब. २०८४/०८५ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | गरिबी अन्त्य | १८४८६ | ५ | २३७८२ | ५ | २५०७७ | ५ | २३९२४ | ५ | २५७२३ | ५ |
| २ | शुन्य भोकमरी | १८४८६ | ५ | २३७८२ | ५ | २५०७७ | ५ | २६५८२ | ५ | २८५८१ | ५ |
| ३ | स्वस्थ जीवन | ६२४८१ | १७ | ८०३८३ | १७ | ८५२६२ | १७ | ८७७२२ | १७ | ९४८८८ | १७ |
| ४ | गुणस्तरीय शिक्षा | ६२८५१ | १७ | ८०८५९ | १७ | ८८७७३ | १८ | ९५६९६ | १८ | ९९४६० | १७ |
| ५ | लैङ्गिक समानता | ११०९१ | ३ | ९५१३ | २ | ७५२३ | २ | ५३१६ | १ | ५७१६ | १ |
| ६ | स्वच्छ पानि र सरसफाइ | ७३९४ | २ | ४७५६ | १ | ५०१५ | १ | ७९७५ | २ | ११४३२ | २ |
| ७ | आधूनिक उर्जामा पहुँच | ३६९७ | १ | ४७५६ | १ | ५०१५ | १ | १०६३३ | २ | ११४३२ | २ |
| ८ | समावेशी आर्थिक बृद्दि र मर्यादित काम | ७३९४ | २ | ४७५६ | १ | ५०१५ | १ | ५३१६ | १ | ५७१६ | १ |
| ९ | उद्योग नविन खोज र पूर्वाधार | ४०६६८ | ११ | ५७०७७ | १२ | ६५२०१ | १३ | ६९११४ | १३ | ६८५९३ | १२ |

| संकेत नं. | दिगो विकास लक्ष्य | गत आ. ब. को यथार्थ | | चालु आ. ब. को संसोधित अनुमान | | आगामी आ. ब. को बिनियोजन | | आ. ब. २०८३/०८४ को प्रक्षेपण | | आ. ब. २०८४/०८५ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १० | असमानता न्यूनीकरण | ५५४६ | २ | ७१३५ | २ | ७५२३ | २ | १०६३३ | २ | ८५७४ | २ |
| ११ | दिगो शहर र वस्ती | २९५७७ | ८ | ३८०५१ | ८ | ४०१२३ | ८ | ४२५३२ | ८ | ४५७२९ | ८ |
| १२ | दिगो उपभोग र उत्पादन | ३६९७१ | १० | ५७०७७ | १२ | ५०१५४ | १० | ५६८८६ | ११ | ५७१६१ | १० |
| १३ | जलवायू परिवर्तन अनुकूलन | २९५७७ | ८ | ४२८०८ | ९ | ४५१३९ | ९ | ४२५३२ | ८ | ५१४४५ | ९ |
| १४ | सामुद्रिक स्रोतको उपयोग | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १५ | भूसतह स्रोतको उपयोग | ७३९४ | २ | ९५१३ | २ | १००३१ | २ | १०६३३ | २ | ८५७४ | २ |
| १६ | शान्ति न्याय र सबल संस्था | ११०९१ | ३ | १४२६९ | ३ | १५०४६ | ३ | १८६०८ | ४ | २२८६४ | ४ |
| १७ | दिगो विकासको लागि साझेदारी | १४७८८ | ४ | १९०२६ | ४ | २००६२ | ४ | १८६०८ | ४ | २२८६४ | ४ |
| **कुल जम्मा** | | ४३६६९२ | ३६७४९४ | ९९ | ४७७५४३ | १०० | ५०००३८ | १०० | ५३२७०९ | १०० | ५६८७५४ |

### ग) लैंगीक संकेतका आधारमा बाँडफाँट

लैङ्किंक संकेत बमोजिम आगामी तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.६ मा प्रस्तुत गरिएको छ।

*तालिका २.६: लैङ्गीक संकेतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)*

| लैङ्गीक संकेत | आयोजना /कार्यक्रम संख्या | २०८२/०८३ को ब्यय अनुमान | | २०८३/०८४ को खर्च प्रक्षेपण | | २०८४/०८५ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| निर्दिष्ट | १३ | ५११५७.८ | १०.२ | ५२६६२ | १०.५ | ६०५९१ | १०.६ |
| सहयोगि | ३८ | ३२०९८७.८ | ६४ | ३२६००३ | ६५ | ३७७२६४ | ६६ |
| तटस्थ | १२ | १२९३९८.२ | २५.८ | १२२८७८ | २४.५ | १३३७५७ | २३.४ |
| जम्मा | ६३ | ५०१५४४ | १०० | ५३१६४७ | १०० | ५७१६१२ | १०० |

### घ) जलवायू संकेतका आधारमा बाँडफाँट

जलवायु संकेत बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.७ मा प्रस्तुत छ।

*तालिका २.७: जलवायु संकेतका आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)*

| जलवायू संकेत | आयोजना /कार्यक्रम संख्या | २०८२/०८३ को ब्यय अनुमान | | २०८३/०८४ को खर्च प्रक्षेपण | | २०८४/०८५ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| अत्यन्त सान्दर्भिक | १५ | ६०१८५.२ | १२ | ६९११४.१ | १३ | ७४३०९.६ | १३ |
| सान्दर्भिक | २६ | ३१०९५७ | ६२ | ३४०२५३.८ | ६४ | ३६०११५.७ | ६३ |
| तटस्थ | २२ | १३०४०१.३ | २६ | १२२२७८.७ | २३ | १३७१८६.९ | २४ |
| जम्मा | ६३ | ५०१५४४ | १०० | ५३१६४७ | १०० | ५७१६१२ | १०० |

### ङ) बिषय क्षेत्रगत बाँडफाँट

विषय क्षेत्रगत रुपमा आगामी तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.९ मा प्रस्तुत गरिएको छ। विषय क्षेत्रगत आधारमा तीन आर्थिक वर्षको बजेट, खर्च तथा स्रोतको अनुमान, कार्यक्रम तथा आयोजनागत बजेट, प्राथमिकीकरण र सांकेतीकरण सम्बन्धी विवरण अनुसूची ३ समावेश गरिएको छ।

*तालिका २.८: आगामी तीन आ.व.को विषय उप–क्षेत्रगत खर्चको बाँडफाँटको प्रक्षेपण (रकम रु. हजारमा)*

| क्र. स. | बिषय क्षेत्र | २०८२/०८३ को अनुमान | २०८३/०८४ को प्रक्षेपण | २०८४/०८५ को प्रक्षेपण |
|---|---|---|---|---|
| १ | कृषि तथा खाद्य सुरक्षा | २३६२२ | २५२५१ | २६८६४ |
| २ | सिंचाइ | १२२१२ | १५२७६ | १७४०९ |
| ३ | पशू सेवा | १८८२४ | १९४५७ | २०५३३ |
| ४ | उद्योग, ब्यापार तथा ब्यवसाय | १२३७० | १४२३४ | १५०१४ |
| ५ | पर्यटन तथा संस्कृति | १०७५७ | ११३८३ | १२००६ |
| ६ | भूमि ब्यवस्था, सहकारी र वित्तीय सेवा | ४४८२ | ४५७५ | ८१५२ |
| ७ | श्रम तथा रोजगारी तथा गरिबी निवारण | १०७२५ | ११७०८ | १२३५० |
| ८ | स्वास्थ्य तथा पोषण | ३७६५९ | ४४३५१ | ४६८२१ |
| ९ | शिक्षा, बिज्ञान तथा प्रविधि | १७१६६ | १८४२४ | १९६३६ |
| १० | खानेपानि तथा सरसफाइ | १७९२८ | १७९९० | १८९८२ |
| ११ | महिला, बालबालिका, सामाजिक संरक्षण र समावेसीकरण | २०२०० | २००६८ | २११७८ |
| १२ | युवा तथा खेलकुद | ९६९२ | १०५३७ | १२७७७ |
| १३ | सामाजिक सुरक्षा तथा पञ्जीकरण | ३९५५ | ४२१७ | ४४४८ |
| १४ | वस्ती विकास, आवास र भवन | ७९१११ | ८७४७९ | ९२५७० |
| १५ | सडक तथा यातायात | १३०९०६ | १३४४१४ | १४१८१७ |
| १६ | बिद्युत तथा स्वच्छ उर्जा | ५३७८ | ५२६९ | ७२२३ |
| १७ | सूचना, संचार तथा प्रविधि | ६४६५ | ७०२५ | ७४१० |
| १८ | वन, पार्क, हरियाली, भू-संरक्षण र नदि नियन्त्रण | १६९३७ | १७९२० | १९५९१ |
| १९ | वातावरण तथा फोहरमैला ब्यवस्थापन | २३३१७ | २०८३१ | २१९८२ |
| २० | विपद् जोखिम ब्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन | १२५६० | १३९५० | १४७१४ |
| २१ | नीति, कानून, न्याय र सुशासन | ५८५० | ५९७३ | ७२०० |
| २२ | संगठन, मानव संसाधन र क्षमता विकास | ५८५० | ५९७३ | ६७९६ |
| २३ | राजस्व तथा स्रोत परिचालन | ६६४४ | ६९२५ | ७३०४ |
| २४ | तथ्याङ्क, योजना तथा विकास परिचालन | ८९३४ | ८३३६ | ८७९७ |
| २५ | अन्य | ५१० | ५५० | ६०५ |
| | **कुल जम्मा** | **५०१५४४** | **५३१६४७** | **५७१६१२** |

# परिच्छेद ३: आर्थिक क्षेत्र

मध्यमकालीन खर्च संरचनाका बिभिन्न क्षेत्रहरु मध्ये सबैभन्दा महत्वपूर्ण क्षेत्र आर्थिक क्षेत्रलाई मान्न सकिन्छ। लालझाडी गाउँपालिका नेपालको अन्न भण्डारको रुपामा रहेको तराइ क्षेत्रमा रहेता पनि आर्थिक रुपमा वरपरका अन्य स्थानिय निकायहरु भन्दा कमजोर रहेको पाइन्छ। यसकारण यस गाउँपालिकाको समग्र आर्थिक विकासका लागि सम्पूर्ण पक्षहरु हातेमालो गरि अगाडी बढ्नु जरुरी छ। आर्थिक क्षेत्र अन्तर्गत कृषी तथा सिँचाई, पशु विकास, बाणिज्य तथा आपूर्ति, पर्यटन तथा संस्कृति, भूमि व्यवस्था, सहकारी तथा वित्तीय सेवा, श्रम, रोजगारी तथा गरिबी निवारण आदि उपक्षेत्रहरु पर्दछन्।

## ३. १ कृषी

### ३.१.१ पृष्ठभूमि

लालझाडी गाउँपालिकाका बहुसंख्यक मानिसहरुको मुख्य पेशा कृषि रहेको छ। सन् २०२१ को जनगणना तथ्याङ्क अनुसार कूल जनसंख्याको ८३.२ % कृषीमा संलग्न रहेको पाईन्छ। जस अन्तर्गत ७५.६ % पुरुष तथा ९०.२ % महिलाहरु यस गाउँपालिकामा कृषी कार्यमा संलग्न रहेका छन्। नेपालको तराइ क्षेत्रमा समतल रुपमा रहेकोले यस गाउँपालिकामा प्रशस्त खेतीयोग्य जमिन रहेको छ। राष्ट्रिय कृषि गणना २०७८ का अनुसार कूल १९५३४ कित्ता कृषियोग्य जमिन ४१९२ जना कृषकको नाममा गर्ता भएको पाइएको छ। यस अन्तर्गत प्रत्येक कृषकको नाममा औषतमा ४.७ कित्ता जमिन रहेको छ।

यहाँको प्रमुख बालि खाद्यान्न बालि रहेका छन्, जसमध्ये धान, गहुँ, मकै प्रमुख छन् भने मसुरो, आलु र तोरी पनि खेतिहुने मुख्य बालिमा पर्दछन्। यहाको स्थानिय थारु आलु राष्ट्रिय स्तरमा लोकप्रिय हुनथालेपछि यसलाइ सूचिकृत गरि ब्रान्डिङ गर्ने प्रकृया शुरु गरिएको छ। यसका अतिरिक्त यहाँको तोरि र मसुरोलाइ श्रेणीकरण (Grading) गर्दै ब्रान्डिङ गर्न सकिने प्रचुर संभावना रहेको छ।

यहाँको प्रमुख नगदेबालि उखु रहेको छ। धेरै किसानहरुले उखुको उत्पादन गरिसकेपछि बजारको समस्या भोग्दै आएका छन्। उखु खेतिको अनुदान कार्यक्रममा पनि केहि समस्याहरु देखिएको छ। यसका लागि सटिक अनुगमनको जरुरत देखिन्छ। यसका साथै आँप, केरा लगायतका फलफूलहरु पनि नगदेबालिको रुपमा लगाऊने गरिएको छ।

लालझाडी गाउँपालिकाको अर्को महत्वपूर्ण कृषिकार्यको रुपमा बगर खेति रहेको छ। मुख्यतया दोदा नदिको किनारमा करिव ७०-८० बिघा जमिनमा वगर खेति गर्ने गरिएको छ। यसमा मुख्यतया तरबुजा, काँक्रा, प्याज, फर्सि, लौका, सखरखण्ड आदिको उत्पादन हुने गरेको छ।

### ३.१.२ समस्या तथा चुनौति

लालझाडी गाउँपालिकाको कृषी क्षेत्रमा सबै भन्दा ठूलो समस्या डुबानको छ। बर्षायामको समयमा लगाइएको बाली सधैँ डुबानको चपेटामा पर्ने गरेको पाईन्छ। साथै नदि किनारको जमिन कटानको पनि उत्तिकै समस्या रहेको छ। गाउँबाट कृषि उत्पादनको बजारीकरणमा पनि  समस्याहरु रहेका छन्। यस गाउँपालिकाबाट नजिकको चिस्यान केन्द्र ३०-३५ कि. मि. टाढा साथै उचित बाटोको अभावले कृषकहरुले उक्त चिस्यान केन्द्रबाट सोचेजस्तो लाभ

लिन नसकिरहेको अवस्था देखिन्छ । साथै कृषकहरुमा ब्यवसायिक सोच र प्रविधिको ज्ञानको कमी हुनु पनि ठूलो समस्याको रुपमा रहेको छ ।

### ३.१.३ सोच

ब्यवसायिक कृषि उत्पादन लालजाडिको शान

### ३.१.४ उद्देश्य

- कृषि उत्पादन र उत्पादकत्व बृद्दि गर्ने
- कृषि ब्यवसायलाई आधुनिकीकरण सहित उत्पादकत्व बृद्दि तथा आयस्रोतको मुख्य आधार बनाउने
- निर्वाहमुखी कृषि प्रणालिलाई आम्दानिमुलक एवं ब्यवसायिक प्रणालिमा रुपान्तरण गर्ने
- कृषिमा आधारित उद्योगको बिकास गरि रोजगारि र आम्दानि बृद्दि गर्ने
- परम्परागत कृषि प्रणालिलाई आधुनिकीकरण गरि आकर्षक ब्यवसायको रुपमा स्थापित गर्ने

### ३.१.५ रणनीति

- गाउँपालिकाले भू-उपयोग नीतिमार्फत खेतियोग्य भूमिको पहिचान, बर्गिकरण र ब्यवस्थापन गर्ने
- समयमा उन्नत बिउबिजन तथा मल आपूर्तिको ब्यवस्था गर्ने
- ब्यवसायिक खद्यान्न एवं तरकारि खेतिका लागि सिपमूलक तालिम कार्यक्रमहरुको संचालन गर्ने
- कृषि भूमि र भूगोल सुहाउँदो आधुनिक कृषि औजारहरुको पहिचान र विस्तार गर्ने
- सहकारि र समुहमा नर्सीरि स्थापनाका लागि अनुदानको ब्यवस्था गर्ने
- कृषि उपज स्थलबाट बजारसम्म पुग्ने मुख्यनाका सम्म सडकविस्तार गर्ने
- सहकारि र समुह मार्फत बिउबिजन उत्पादन तथा बितरण गर्ने
- गोठेमल उत्पादनमा अनुदान तथा प्रोत्साहनका कार्यक्रम संचालन गर्ने
- कृषि उपज बितरण केन्द्र, सेलार रस्टिक स्टोर स्थापना गर्ने
- कृषकलाई आवश्यक मात्रामा अनुदान तथा प्रोत्साहन कार्यक्रम संचालन गर्ने
- आधुनिक कृषि प्रविधिबारे तालिम संचालन गर्ने
- माटो परिक्षण शिविर तथा प्रयोगशाला संचालन गर्ने
- एक वडा एक कृषि प्राविधिकको ब्यवस्था मिलाउने
- आधुनिक प्रविधिको प्रयोगमा प्रोत्साहन दिने

### ३.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ

| सूचक | एकाइ | गत आ.ब. सम्मको उपलब्धि | चालु आ.ब.को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ |
| कृषि क्षेत्रमा रोजगारि | संख्या | १७४५० | १८५०० | १९००० | १८५०० | १८००० |
| स्थानिय ब्यवसायिक कृषि फर्म | संख्या | २९ | ३५ | ३० | ४० | ४५ |
| सकृय ब्यवसायिक कृषक समुह | संख्या | ५७ | ७० | ९० | १०० | १२० |
| अन्न उत्पादन | टन | १७९६५ | १८५०० | १९५०० | २१००० | २१५०० |
| तरकारि तथा फलफूल उत्पादन | टन | ३३० | ३५५ | ५०० | ६०० | ७०० |
| तेलहन उत्पादन | टन | ४५८ | ४७० | ५५० | ६०० | ७५० |
| उखु उत्पादन | टन | ९७५०० | १०३५०० | ११००० | ११९०० | १२८०० |
| कृषि उपज संकलन तथा बजार केन्द्र | संख्या | १ | १ | २ | ४ | ६ |
| कम्पोस्ट र जैवीक मल उत्पादन | टन | ४००० | ४२०० | ५२५० | ६००० | ७५०० |

### ३.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा कृषि तथा खाद्य सुरक्षा उप–क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार रहेको छ।

| आ. ब. | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजिगत | बित्तिय ब्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२-८३ | २३६२२ | १२८१० | १०८१२ | ० | ५०५० | १४९७२ | ३६०० | ० |
| २०८३-८४ | २५२५१ | १०२४० | १५०११ | ० | ५१०० | १६३११ | ३८४० | ० |
| २०८४-८५ | २६८६४ | १०९५२ | १५९१२ | ० | ५६१० | १७०३० | ४२२४ | ० |

### ३.१.८ कार्यक्रम तथा आयोजनाको संक्षिप्त बिवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधी, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको कृषि उपक्षेत्रको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ

| क्र.स. | आयोजना/कार्यक्रम | उद्देश्य | अवधि | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | बगर खेती प्रवर्दन | बगर खेतीमा आत्मनिर्भर बनाउने | सालबसाली | २० | उत्पादनमा वृद्धि |
| २ | साना पकेट विकास कार्यक्रम | उत्पादन आय मा जोड | २०८२-२०८५ | ५० | उत्पादनमा वृद्धि |
| ३ | कृषि यान्त्रिकरणमा सहयोग | कृषिमा व्यवसायीकरण | सालबसाली | ६५ | उत्पादनमा वृद्धि |
| ४ | प्राङ्गारिक मल कारखाना निर्माण | कृषिमा व्यवसायीकरण | २०८२-२०८५ | १०० | उत्पादनमा वृद्धि |
| ५ | जलवायु मैत्री नमुना गाउँ स्थापना | प्राङ्गारिक, जैविक मल बारे सिकाई, नया प्रविधि विस्तार | २०८२-२०८५ | ३० | उत्पादनमा वृद्धि |

### ३.१.९ जोखिम तथा अनुमान

संघीय शासन प्रणाली अनुसार तीन तह बीच नीति, कार्यक्रम बीच सामाञ्जस्यता, समन्वय र सहकार्यमा कृषि पूर्वाधार, प्रविधि तथा सीप विकास हुनेछ । वैदेशिक रोजगारबाट प्राप्त पूँजी कृषि व्यवसायमा परिचालन हुनेछ र बेरोजगार युवाहरुलाई कृषिमा आधारित व्यवसायमा आकर्षिक हुनेछन् । कृषि, प्रविधि, मल, गुणस्तरीय बीउ तथा कृषि सामाग्री, भरपर्दो सिंचाई प्रणाली, कृषि प्रसार, कृषि भूमिको संरक्षण र एकीकृत व्यवस्थापन गर्न नसकिएमा अपेक्षित नतिजा हासिल हुने जोखिम रहन्छ । यसैगरी कृषि क्षेत्रमा जलवायु परिवर्तन र प्रकोपको असरको जोखिम सम्भावना अधिक रहन सक्दछ । जलवायू परिवर्तनक कारणले बढ्दै गएको बाढी तथा डुबानको कारणले पनि भनेजस्तो परिमाणमा उत्पादन नहुनसक्ने जोखिम देखिन्छ ।

## ३.२ सिंचाई

### ३.२.१ पृष्ठभूमि

कूल ३७५५.६ हेक्टर खेतीयोग्य जमिन मध्ये ३४८८.२ हेक्टर जमिनमा सिंचाईको उपलब्धता भएको पाइन्छ । प्रायः सबै कृषकहरुले भूमिगत सिंचाई मार्फत खेति गरेको पाईन्छ । तर सिंचाईको लागि भूमिगत पानिमा भर पर्नुपर्ने भएकोले सिंचाई किसानहरुको लागि झन्झटिलो तथा महँगो पनि पर्न गएको छ । भविष्यमा राष्ट्रिय स्तरबाट नहरको सिंचाइ प्रयोग हुन सके यस क्षेत्रमा दीर्घकालीन उन्नतिको बिजारोपण हुनसक्ने देखिन्छ । हालका दिनमा बिजुलिबाट चल्ने मोटरको प्रयोग बढ्दै गएकोले कृषकहरुलाइ केहि राहत पुगेको महशुस गर्न सकिन्छ । गाउँपालिकाले सहज रुपमा कृषि मिटर जडानको लागि सिफारिस गर्ने नीति लिएको पाईन्छ ।

### ३.२.२ समस्या तथा चुनौति

आधुनिक तथा दिगो सिंचाईको ब्यवस्था नहुनु नै यहाँको प्रमुख समस्या हो। यसैगरि भूमिगत सिंचाइ गर्दा उत्पादनको लागत बढ्न गई बजारमा प्रतिस्पर्धात्मक मुल्यमा कृषिजन्य उत्पादनहरु पुर्याउन नसक्ने अवस्था रहन्छ । साथै सिंचाईको लागि भूमिगत पानिको प्रयोगले नकारात्मक वातावरणीय प्भावहरु पनि पर्न जाने हुन्छ।

### ३.२.३ सोच

दिगो सिंचाईमार्फत कृषिमा क्रान्ति

### ३.२.४ उद्देश्य

- गाऊँपालिका क्षेत्रभित्र रहेका सम्पूर्ण सिंचाईका स्रोतहरुको पहिचान गरि उच्चतम प्रयोगका लागि स्रोतहरुको जालो (Network) स्थापित गर्ने।
- दिगो सिंचाईका माध्यमहरु पहिचान गरि प्रदेश तथा संघीय सरकारको सहयोगका लागि सिफारिस गर्ने

### ३.२.५ रणनीति

- बर्षैभरि सिंचाई सुबिधा दिने आयोजनाहरु समयमै सम्पन्न गर्न जोड दिने
- सिंचाईका कार्यक्रमहरु संचालन गर्दा जलवायु बिज्ञान, कृषि एवं जलाधार संरक्षणका निकायहरुसँग समन्वय गर्ने
- साना सिंचाईको विकासका लगि लगानि बढाउन निजी क्षेत्रलाई प्रोत्साहन गर्ने
- सिंचाईका कार्यक्रमहरु छनोट गर्दा समावेशीकरणको अवधारणा अनुरुप पिछडिएको क्षेत्र एवं बर्गलाई प्राथमिकता दिने
- पानि तथा जलस्रोतको उच्चतम उपयोगको लागि आवश्यक ठाउँमा थोपा सिंचाई प्रविधिलाई प्रोत्साहन गर्ने
- सिंचाई विकास कार्यक्रमहरु संचालन गर्दा स्थानिय तहमा रहेका वातावतणमैत्री तालतलैया, पोखरि, सिमसार तथा मूलहरुको संरक्षाण तथा सम्वर्द्धनको कार्यमा सम्बन्धित निकायसँग समन्वय गर्ने
- भरपर्दो सिंचाई सुबिधा उपलब्ध हुने सिंचाई प्रणालिबाट उचित सिंचाई सेवा शुल्क नियमित रुपमा संकलन गर्ने प्रकृयालाई प्रभावकारी बनाउने

### ३.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | गत आ.ब. सम्मको उपलब्धि | चालु आ.ब.को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ |
| चालु सिंचाई आयोजनाहरु | संख्या | ० | ० | ० | १ | १ |
| भूमिगत पानि प्रयोगकर्ता किसान | प्रतिशत | ९० | ९० | ९५ | ९० | ९० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |

### ३.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा सिंचाईउप–क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ।

| **आ. ब.** | **बजेट अनुमान (रु. हजारमा)** | | | | **बजेटको स्रोत (रु. हजारमा)** | | | |
|---|---|---|---|---|---|---|---|---|
| | **कुल** | **चालु** | **पूँजिगत** | **बित्तिय व्यवस्था** | **आन्तरिक स्रोत** | **नेपाल सरकार** | **प्रदेश सरकार** | **ऋण तथा अन्य** |
| २०८२-८३ | १२२१२ | ६५८४ | ५६२९ | ० | ० | ११५८० | ० | ० |
| २०८३-८४ | १५२७६ | ८४०० | ६८७६ | ० | ५५० | १४७२६ | ० | ० |
| २०८४-८५ | १७४०९ | ८८२० | ८५८९ | ० | ६०५ | १६८०४ | ० | ० |

### ३.२.८ कार्यक्रम तथा आयोजनाको संक्षिप्त बिवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधी, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ।

| **क्र. स.** | **आयोजना/कार्यक्रम** | **उद्देश्य** | **अवधि** | **कुल लागत (रु. हजारमा)** | **अपेक्षित नतिजा** |
|---|---|---|---|---|---|
| १ | डिप वोरिङ्ग तथा सिंचाई कुलो तथा अन्य संरचना निर्माण तथा मर्मत संभार कार्यक्रम | किसानलाई सिंचाई तथा डिप बोरिङ्गमा पहुँच पर्याउने | सालबसाली | १२००० | कृषी उत्पादकत्व बढाउने |

### ३.२.९ जोखिम तथा अनुमान

वैदेशिक रोजगारबाट प्राप्त पूँजी सिंचाईक्षेत्रमा विस्तार हुनेछ र वेरोजगार युवाहरुलाई कृषिमा आधारित व्यवसायमा आकर्षित हुनेछन्। प्रविधि तथा नविनतम् खोज ताथ विकास गरेर सिंचाई व्यवस्थापन गर्न नसकिएमा अपेक्षित नतिजा हासिल नहुने जोखिम रहन्छ। साथै दिगो सिंचाईको लागि केन्द्र तथा प्रदेश सरकारसँग पहल गरि नहरको सिंचाई पुर्याउन सकेमा यस क्षेत्रमा कायापलट हुने संभावना पनि छ।

## ३.३ पशुपन्छी

### ३.३.१ पृष्ठभूमि

लालझाडी गाउँपालिका पशुपालनको लागि धैरै संभावना भएको क्षेत्र हो। यहाँ बाख्रा, भैँसि र बङ्गुर पालन बढि गरिएको पाइन्छ। वडा नं. १ र २ मा बाख्रा, ३ र ६ बङ्गुर र ४ र ५ मा भैसिपालनको पकेट क्षेत्रको रुपमा विकसित गर्न खोजिएको छ। साथै यस क्षेत्रका किसानहरुमा ब्यवसायिक पशुपालनको सोच बढ्दि रुपमा देखिन्छ। हालसम्म

३२ वटा पशुपालन समुह दर्ता भएका छन् भने ८ वटा माछा फारम पनि दर्ता भई संचालनमा छन् । यहाँको मुख्य पशु उत्पादन को बजार धनगढी, बेलौरी र चान्देव हुन् । हाल सामुदायिक वनमा घाँसपात लिन पइने भएकोले पनि पशुपालनमा कृषकहरुको रोजाइ बढ्दो देखिन्छ ।

### ३.३.२ समस्या तथा चुनौति

पशुपंछिजन्य व्यवसायमा आधुनिकता तथा व्यावसायिकताको कमी, बजार अनिश्चितता, पशुकालागि चरनक्षेत्रको कमी, रोगको प्रकोप, र प्रोत्साहनको कमी मुख्य समस्याका रुपमा रहेका छन् । अनुदानमा कृषकको पहुँचमा कमी पशुपालनमा प्रयोग हुने दानाको मुल्यमा अधिकता र पशुबिमा चुनौतिका रुपमा रहेका छन् । यस क्षेत्रमा हुने डुबानको कारणले बर्षेनि कैयौँ पशुको मृत्यु हुने गरेको छ ।

### ३.३.३ सोच

पशुपंछि क्षेत्रको सुधार, स्थानीय जनजिविकाको आधार

### ३.३.४ उद्देश्य

- पशुपन्छी पालनलाई प्रविधियुक्त, परिणाममुखी, ब्यवसयिक र प्रतिस्पर्धी बनाई पशुजन्य पदार्थको आयात घटाउँदै निर्यात प्रवर्धन गर्ने
- पशुपन्छी पालनलाई महिला, युवा तथा सबै आर्थिक, भौगोलिक र सामाजिक बर्गको स्वरोजगारको माध्यमका रुपमा चिकसित गर्दै आयआर्जनको दिगोस्रोतको रुपमा विकास गर्ने
- गाउँपालिकालाई पशुपन्छीजन्य उत्पादनमा आत्मनिर्भर बनाई कुपोषण हटाउनु र खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्याउने
- पशुजन्य पदार्थबाट मानव स्वास्थ्यमा पर्न सक्ने नकारात्मक असर न्यूनिकरण गर्न स्वस्थ पशुपन्छी उत्पादन गर्ने

### ३.३.५ रणनीति

- ब्यवसायिक तथा उन्नत पशूपालनका लागि प्रवर्दनात्मक कार्यक्रमहरु संचालन गर्ने
- ब्यवसायिक पशूपालनका लागि प्रोत्साहन गर्न कार्यक्रम बनाउने
- ब्यवसायि बन्न चाहने तर लगानिको अभाव भएका कृषकलाई ब्यवसाय सुहाउँदो कार्यक्रम बनाई अनुदानको ब्यवस्था मिलाउने
- हरेक वडामा पशु सेवा सम्बन्धि प्राविधिक र पशु सेवा सम्बन्धि तालिमहरु आयोजना गरी आधुनिक प्रविधि र ज्ञान, सिपको बिस्तार गर्ने
- समुदायलाई समुह तथा सहकारी मार्फत सकृय बनाउन कार्यक्रम गर्ने
- चरन क्षेत्रको विकासका लागि चरन क्षेत्र विकास कार्यक्रम ल्याउने
- अनुसन्धान, तालिम, गोष्ठी, भ्रमणको माध्यमबाट आधुनिक प्रविधि तथा ज्ञान, सिप प्रदान गर्ने

- प्रत्येक वडामा एक जना पशु प्राविधिक र गाउँपालिकामा पशु अस्पताल तथा ल्यावको स्थापना गरी कार्य संचालन गर्ने
- पशुधनको सुरक्षाका लागि पशुबिमा कार्यक्रममा कृषकको सहभागिता बढाउने
- युवा लक्षित कार्यक्रम बनाई बिशेष अनुदानको ब्यवस्था गरी युवा जनशक्तिलाई ब्यवसायिक पशूपालनमा सहभागि गराउने
- गोठ सुधार कार्यक्रम संचालन गर्ने
- दुग्ध चिस्यान केन्द्र तथा संकलन केन्द्रको स्थापनाको पहल गर्ने
- पशू हाटबजार र संकलन केन्द्रको स्थापना गर्ने
- कृत्रिम गर्भाधान कार्यक्रम संचालन गर्ने
- उन्नत जातको पशु नश्लको लागि उन्नत राँगा, साँढे, बिका बितरण गर्ने

### ३.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ ।

| सूचक | एकाइ | गत आ.ब. सम्मको उपलब्धि | चालु आ.ब.को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ |
| दैनिक दुग्ध निर्यात | लिटर | ५०० | ६०० | ७०० | ७५० | ८०० |
| ब्यवसायिक पशुपालन समुह | संख्या | ३२ | ३३ | ४० | ४५ | ५० |
| ब्यवसायिक पशुपालन फारम | संख्या | ३२ | ३५ | ४१ | ४७ | ५५ |
| ब्यवसायिक माछापालन फारम | संख्या | ८ | १० | १२ | १५ | १८ |
| पशुपंक्षिको स्वास्थ्य परीक्षणको लागि भेटनेरी क्लिनिक | संख्या | ० | ३ | ८ | १० | १० |

### ३.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा पशुपंछि उप–क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ।

| आ. ब. | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजिगत | बित्तिय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२-८३ | १८८२४ | १०१४३ | ८६८१ | ० | ७८०० | १००५० | ० | ० |
| २०८३-८४ | १९४५७ | ९१२० | १०३३७ | ० | ६५०० | १२९५७ | ० | ० |
| २०८४-८५ | २०५३३ | ९५७६ | १०९५७ | ० | ७१५० | १३३८३ | ० | ० |

### ३.३.८ कार्यक्रम तथा आयोजनाको संक्षिप्त बिवरण

| क्र. स. | आयोजना/कार्यक्रम | उद्देश्य | अवधि | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | भैंसी / बाख्रा पकेट विकास कार्यक्रम | दुध / मासु उत्पादन | सालबसालि | ४००० | रोजगारी सिर्जना, आयआर्जनमा वृद्धि |
| २ | बंगुर / कुखुरा प्याकेज कार्यक्रम | मासु उत्पादन, | सालबसालि | ३००० | रोजगारी सिर्जना, आयआर्जनमा वृद्धि |
| ३ | गोठ / खोर सुधार कार्यक्रम, औषधि, उपचार | उत्पादनमा वृद्धि, उचित बासस्थान, स्वस्थामा सुधार | सालबसालि | २५०० | रोजगारी सिर्जना, आयआर्जनमा वृद्धि |
| ४ | सामुहिक माछापालन, प्राकृतिक तालतलैया संरक्षण | तालतलैयाको संरक्षण, मासु उत्पादन | सालबसालि | ५००० | रोजगारी सिर्जना, आयआर्जनमा वृद्धि |
| ५ | सामुदायिक पशु व्यवस्थापन, घास विकास कार्यक्रम | पशु अधिकारको सुनिश्चितता आहार व्यवस्थापन | सालबसालि | ४००० | रोजगारी सिर्जना, आयआर्जनमा वृद्धि |

### ३.३.९ जोखिम तथा अनुमान

उपयुक्त सिप, प्रविधि तथा ज्ञानको पहुँच बिना व्यवसायिक पशुपालन गर्दा किहानसहुको धैरे लगानि र समय बर्बाद हुने जोखिम रहन्छ। साथै पशुजन्य उत्पादनको सहज बजार पहुँच नभएमा पनि किसानले अपेक्षाकृत आम्दानि गर्न नसक्ने र पलायन हुने समस्या आउन सक्छ। त्यसका लागि किसानहरुलाई तालिम, अनुदान, सहजिकरणका साथै बजारमा प्रतक्ष्य पहुचको ब्यवस्था, पशुबिमाको सहजिकरण गर्नु आवश्यक छ।

## ३.४ उद्योग ब्यापार तथा ब्यवसाय

### ३.४.१ पृष्ठभूमि

आर्थिक विकासको प्रमुख सूचकको रुपना रहेको उद्योग ब्यापार तथा ब्यवसाय क्षेत्रमा लालझाडी गाउँपालिका तुलनात्मक रुपमा कमजोर देखिन्छ। यहाँ सडक पूर्वाधारको कमिले गर्दा पनि ठूला उद्योगहरु संचालन हुन सकेका छैनन्। यद्यपि साना लघू उद्योगहरु र सामान्य ब्यवसायहरु दर्ता भइ संचालन हुँदै आएका छन्। धैरेजसो पसलहरु बाहेक यहाँ कृषीजन्य ब्यवसायहरु, फर्निचर, राइस मिल आदि संचालन भएको पाईन्छ।

### ३.४.२ समस्या तथा चुनौति

ब्यवसायिक सोचको कमी, लगानिको अभाव, सडक पूर्वाधारको कमी उद्योग ब्यापार तथा ब्यवसाय क्षेत्रमा भएका प्रमुख चुनौतिहरु हुन्। यस गाउँपालिकामा नवप्रवर्दनमा आधारित ब्यवसाय तथा उद्योगमा खासै लगानि हुन नसकेको देखिन्छ।

### ३.४.३ सोच

उत्पादनशील पशुपालन र व्यवसायीक कृषक

### ३.४.४ उद्देश्य

- उद्योग क्षेत्रको उत्पादन बृद्दि गरी कुल गार्हस्थ्य उत्पादनमा यसक्षेत्रको योगदान बढाउने
- औद्योगिक क्षेत्रमा लगानि बढाई रोजगारिका अवसर सृजना गर्ने
- औद्योगिक वस्तुहरुको निर्यात बृद्दि गरी ब्यापार प्रवर्दन गर्ने

### ३.४.५ रणनीति

- स्थानिय कच्चा पदार्थमा आधारित उद्योग स्थापनाको लागि प्रोत्साहन गर्ने
- युवा लक्षित कार्यक्रमहरु संचालन गर्ने
- सिपमुलक एवं ब्यवसायिक तालिममा जोड दिने
- बजार पूर्वाधारको विकास गर्ने
- ब्यवसायिक तथा ब्यापारिक फर्महरुको संस्थागत सुधृढिकरणका लागि समन्वय गर्ने
- नियमित कृषी तथा ब्यापारमेला संचालन गर्ने

### ३.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ।

| सूचक | एकाइ | गत आ.ब. सम्मको उपलब्धि | चालु आ.ब.को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| औद्योगिक क्षेत्रमा रोजगारिको अवस्था | प्रतिशत | १० | १२ | २ | २.५ | ३.२ |
| साना तथा घरेलु उद्योग संख्या | संख्या | ५२४ | ५६ | ६५० | ७२५ | ८२५ |
| ब्यवसायिक तालिम तथा प्रवर्दन | संख्या | ४५० | १०० | ७०० | ८५० | १००० |
| ब्यवसायमा महिला, अपाङ्ग तथा पिछडिएको बर्गको सहभागिता | प्रतिशत | १७ | २३ | ३ | ५ | १० |
| हाट बजारको स्थापना तथा विस्तार | संख्या | १ | १ | १ | २ | ३ |

### ३.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा उद्योग ब्यापार तथा ब्यवसाय उप–क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ ।

| आ. ब. | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजिगत | बित्तिय ब्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२-८३ | १२३७० | ६६६८ | ५७०३ | ० | ४१०० | ७६३० | ० | ० |
| २०८३-८४ | १४२३४ | ७४०३ | ६८३१ | ० | ४२०० | १००३४ | ० | ० |
| २०८४-८५ | १५०१४ | ७७७३ | ७२४१ | ० | ४६२० | १०३९४ | ० | ० |

### ३.४.८ कार्यक्रम तथा आयोजनाको संक्षिप्त बिवरण

| क्र. स. | आयोजना/कार्यक्रम | उद्देश्य | अवधि | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | उपाध्यक्ष उद्यमशिलता, सिपविकास तथा व्यवसाय श्रृजना कार्यक्रम | ब्यवसाय सृजनामा सहयोग | सालबसाली | १००० | ५० जनालाई व्यवसाय सञ्चालनका लागि सीप |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | नयाँ उद्यमी/व्यवसायी सृजना तथा विकासका लागि उद्यमशिला तालिम | ब्यवसाय सृजनामा सहयोग | सालबसाली | १८० | २० जना उद्यमशिल गुणको विकास |
| ३ | उत्कृष्ट उद्यमी तथा व्यवसायी सम्मान कार्यक्रम | व्यवसायी लाई प्रोत्साहन | सालबसाली | १५० | ४ जना सम्मानित |
| ४ | गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम | ब्यवसाय सचेतना र सृजनामा सहयोग | २०८२ अषाढ | ३६०० | व्यवसाय स्तरोन्नितका लागि ३० जनालाई प्रविधि |
| ५ | राना थारु लगायत लक्षित वर्ग तथा अन्य वर्गको सीप विकास तथा प्रविधि सहयोग कार्यक्रम | ब्यवसाय सृजनामा सीप तथा प्रविधिको सहयोग | २०८२ अषाढ | ६००० | ५७ जना सीप तथा प्रविधिबाट लाभान्वित |

### ३.४.९ जोखिम तथा अनुमान

कृषीजन्य उद्योगहरु साथै स्थानिय कच्चा पदार्थमा आधारित उद्योग तथा ब्यवसायहरु संचालन गर्न आवश्यक नीति, नियमहरुको सहजिकरण, तालिम संचालन र जनचेतना अभिबृद्दि सम्बन्धि कार्यक्रमहरु अभियानको रुपमा संचालन गर्नर पर्ने टड्कारो आवश्यकता छ। अन्यथा संचालन भइरहेका उद्योग तथा ब्यवसायहरु बन्द तथा पलायन हुने, नयाँ उद्योग ब्यवसायहरुमा लगानि नहुने र नवप्रवर्दनमा आधारित उद्योग ब्यवसायहरु धाराशायि हुने जोखिम रहन्छ।

## ३.५ पर्यटन तथा संस्कृति

### ३.५.१ पृष्ठभूमि

लालझाडीगाउँपालिका साँस्कृतिक रुपमा निकै सम्पन्न क्षेत्रको रुपमा रहेको छ। बिशेष रुपमा राना थारु जातिको बसोबास सताब्दियौँ देखि हुँदै आएको यस क्षेत्रमा उनिहरुको मौलिक परम्परा, संस्कृति, भाषा र भेषभुषाको अवलोकन गर्न सकिन्छ। साथै यस क्षेत्रभित्र ऐतिहासिक, धार्मिक, साँस्कृतिक र भौगोलिक रुमा महत्वपूर्ण पर्यटकीय स्थलहरु पनि रहेका छन्। यद्यपि यहाँका साँस्कृतिक तथा पर्यटकीय समपदाको उचित संरक्षण र संवर्धन हुन सकेको छैन।

### ३.५.२ समस्या तथा चुनौति

पर्यटकीय क्षेत्र पहिचान, प्रचार प्रसार र विकासको कमि, पूर्वाधार बिकासको कमिले यस गाउँपालिकामा पर्यटकीय गतिविधिहरु हुन नसकेको देखिन्छ। साथै साँस्कृतिक हतिक्मण पनि एक समस्याको रुपमा देखिएको पाइन्छ।

### ३.५.३ सोच

पर्यटन क्षेत्रको विकास मार्फत र्थिक बृद्दि र रोजगारिका अवसर अभिबृद्दि गर्ने

### ३.५.४ उद्देश्य

- लालझाडीलाई नेपालको पर्यटन मानचित्रमा आकर्षक, रमणीय र सुरक्षीत गन्तब्य स्थलको रुपमा विकास गरि आन्तरिक अर्थतन्त्रमा योगदान पुर्याउने
- आन्तरिक तथा बाह्य पर्यटन मार्फत संख्यात्मक तथा गुणात्मक रुपमा पर्यटक आगमनमा बृद्दि गरी प्राप्त लाभको समन्यायिक वितरण गर्ने

### ३.५.५ रणनीति

- पर्यटन सम्बन्धि स्पष्ट र दीर्घकालिन सोच सहितको योजना कार्यान्वयनमा ल्याउने
- यहाँका बिभिन्न ताल तलैयामा बोटिङको संभाब्यता अध्ययन गर्ने
- पर्यटकीय पूर्वाधार निर्माण गर्ने
- पर्यटकीय गन्तब्य स्थलहरुको प्रचार प्रसार गर्ने

### ३.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ ।

| सूचक | एकाइ | गत आ.ब. सम्मको उपलब्धि | चालु आ.ब.को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ |
| ब्यवस्थित पर्यटकीय स्थल | संख्या | ० | ० | १ | १ | १ |
| ब्यवस्थित होमस्टे | संख्या | ० | ० | ५ | १० | १२ |
| होटलको क्षमता (बेड) | संख्या | - | - | १० | २० | ३० |
| कृषी पर्यटन स्थल | संख्या | ० | ० | १ | १ | १ |
| ब्यवस्थित बनभोज तथा पार्क स्थल | संख्या | ० | ० | १ | २ | ३ |
| संग्रहालय | संख्या | ० | ० | १ | १ | १ |

### ३.५.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा पर्यटन तथा संस्कृती उप–क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ ।

| आ. ब. | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजिगत | बित्तिय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२-८३ | १०७५७ | ५७९६ | ४९६१ | ० | २१५० | ४२०० | ३८५० | ० |
| २०८३-८४ | ११३८३ | ५९२२ | ५४६१ | ० | २१५० | ५१३३ | ४१०० | ० |
| २०८४-८५ | १२००६ | ६२१८ | ५७८८ | ० | २३६५ | ५१३१ | ४५१० | ० |

### ३.५.८ कार्यक्रम तथा आयोजनाको संक्षिप्त बिवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ।

| क्र. स. | आयोजना/कार्यक्रम | उद्देश्य | अवधि | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | थारु साँस्कृतिक होमस्टे संचालन कार्यक्रम | आन्तरिक तथा बाह्य पर्यटकहरु भित्राउने | २०८२-८०८४ | ६००० | कम्तिमा १२ घरमा होमस्टे संचालन भएको हुने |
| २ | लालझाडी पार्क संचालन | आन्तरिक पर्यटनको विकास गर्ने | २०८२-८०८४ | २००० | पार्क संचालन भएको हुने |
| ३ | कृषी पर्यटकीय स्थल विकास कार्यक्रम | आन्तरिक पर्यटनको विकास गर्ने | सालबसाली | २००० | कम्तिमा १ वडामा १ कृषी पर्यटनको विकास भएको हुने |

### ३.५.९ जोखिम तथा अनुमान

मुख्यतया पर्यटकीय पूर्वाधार बनाउन धैरै रकमको आवश्यकता पर्ने भएकोले बजेटको अभावमा अपेक्षित उपलब्धिहरु हासिल गर्न सहज नहुने जोखिम देखिन्छ। साना तथा होमस्टे र साँस्कृतीक पर्यटनलाइ प्राथमिकतामा राखेर अगाडी बढ्न सके यस क्षेत्रमा समृद्दिको बिजारोपण गर्न सकिन्छ।

## ३.६ भूमि व्यवस्था, सहकारि तथा बित्तीय सेवा

### ३.६.१ पृष्ठभूमि

सार्वजनिक निजी र सहकारी क्षेत्रबीच साझेदारी मार्फत लगानीको वातावरण तयार गरी त्यसको उपयुक्त व्यवस्थापनबाट समृद्धिको लक्ष्य हासिल गर्नु आवश्यकत छ। नगर क्षेत्रमा उद्योग व्यापारमा लगानी गर्न वाणिज्य बैंकहरू मार्फत कर्जा लगानी हुने गरेकोछ। नगर पाश्र्वचित्र २०७५ को तथ्यांकअनुसार २०७५ सम्म गाउँपालिका क्षेत्रमा बैंक तथा वित्तीय संस्थाहरूका १३ वटा शाखा कार्यालय र २७ वटा सहकारी संस्थाहरु संचालनमा रहेका छन्। कूल ४,७४५ परिवारहरूमध्ये कतिब ८० प्रतिशतपरिवारको बैङ्क खाता रहेको छ। नगरपालिका क्षेत्रका बैंकमा खाता हुने परिवार करिब ८० प्रतिशत भएकाले बैंकिङ सेवा तथा कारोबारमा ठूलो संख्याको पहुँच रहेको

देखिन्छ। सहकारी संस्थाले स्थानीय स्तरको बचतलाई नगरपालिका बाहिर जानबाट रोकी स्थानीय क्षेत्रमा विभिन्न आय मूलक कार्यमा लगानी गरिरहेका छन्। उद्योग व्यापार क्षेत्रमा लगानी गर्ने उद्देश्यका साथ बचत तथा ऋण, कृषि र बहुद्देश्यीय आदि प्रकृतिका सहकारी संस्थाहरूबाट कर्जा लगानी हुने गरेको छ।

### ३.६.२ समस्या तथा चुनौति

यस क्षेत्रमा बैंक, वित्तीय संस्था एवम् सहकारीहरुको संख्या तथा कारोवार उच्च रहेको छ। यद्यपी वित्तीय सेवामा महिलाको समान पहुँच रहेको छैन। विकासका लागि वित्तीय स्रोतको कमी हुनु, सार्वजनिक, निजी र सहकारी क्षेत्रबीच अवधारणागत स्पष्टता नहुनु प्रमुख समस्याका रुपमा रहेका छन्। यसका अतिरित्त सार्वजनिक, निजी तथा सहकारी साझेदारी सम्वन्धी नीतिगत संरचना पर्याप्त नहुनु प्रमुख समस्या रहेका छन्। भुउपयोग नीति तर्जुमा भए पनि हालसम्म उक्त नीतिको प्रभावकारी कार्यान्वयन गर्ने भूउपयोग ऐन संघिय र स्थानीय दुबै तहमा नहुनु, कृषियोग्य जमिनको आधिकारीक अभिलेख राख्न नसक्नु, जमिनको प्रकृति र किसिम अनुसार प्रयोग नहुनु, भुमीहिन र सुकुम्वासीको भुमीमाथीको स्वामित्व कायम राख्न नसक्नु आदी भूमि व्यवस्थाका प्रमुख समस्याहरु हुन्।

### ३.६.३ सोच

सार्वजनिक, निजी र सहकारी क्षेत्रबीचको साझेदारीको माध्यमद्धारा उत्पादनशील र रोजगारमूलक आर्थिक वृद्धि

### ३.६.४ उद्देश्य

- सार्वजनिक, निजी र सहकारी क्षेत्रबीचको साझेदारीलाई प्रोत्साहन गरी पूर्वाधार र सेवाका क्षेत्रमा सार्वजनिक, निजी र सहकारी साझेदारी अभिवृद्धि गर्नु।
- भू–उपयोग नीति अनुसार जमिनको उपयोग गर्ने।
- जमीनको उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने।
- भूमिको व्यवस्थित र आधुनिक तरिकाले अभिलेख राख्ने।

### ३.६.५ रणनीति

- सार्वजनिक निजी तथा सहकारी क्षेत्रबीचको साझेदारीका लागि नीतिगत र संस्थागत संरचनाको प्रबन्ध गर्ने
- सार्वजनिक निजी सहकारी प्रवर्द्र्धन गरी लगानीको वृद्धि गरी लगानी वातावरण र लगानी सुरक्षाको प्रत्याभूति गर्ने।
- भू–उपयोग नीति बमोजिम क्षमता, उपयुक्तता र आवश्यकतामा भूमिको वर्गिकरण गर्ने।
- वर्गिकरण अनुसार जमिनको संरक्षण गरि उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने।
- उपलब्ध सबै प्रकृतिका भूमिको आधुनिक प्रविधिको प्रयोग सहित अध्यावधिक गर्ने।

### ३.६.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ।

| सूचक | एकाइ | गत आ.ब. सम्मको उपलब्धि | चालु आ.ब.को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ |
| सहकारीको नेतृत्वमा महिला सहभागिता | प्रतिशत | ३० | ३० | ३५ | ४० | ४५ |
| वित्तीय सेवामा पहुँच | प्रतिशत | ७८ | ८० | ८५ | ८८ | ९० |
| सहकारीमा पहुँच भएका घरपरिवार (३० मिनेटको पैदल दूरीमा) | प्रतिशत | ८० | ८० | ८५ | ८८ | ९० |

### ३.६.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा भूमि ब्यवस्था, सहकारि तथा बित्तीय सेवा उप–क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ।

| आ. ब. | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजिगत | बित्तिय ब्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२-८३ | ४४८२ | २४१५ | २०६७ | ० | ४५० | ४०३२ | ० | ० |
| २०८३-८४ | ४५७५ | २३८४ | २१९१ | ० | ५०० | ४०७५ | ० | ० |
| २०८४-८५ | ८१५२ | ३६३० | ४५२२ | ० | ५५० | ७६०२ | ० | ० |

### ३.६.८ कार्यक्रम तथा आयोजनाको संक्षिप्त बिवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ।

| क्र. स. | आयोजना/कार्यक्रम | उद्देश्य | अवधि | कुल लागत (रु. हजार) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सहकारी प्रबद्र्धन तथा अन्य कार्यक्रम | सहकारीको क्षमता अभिवृद्वी तथा नियम पालनामा वृद्धि गर्नु | सालबसाली | ३००० | सहकारीको क्षमतामा अभिवृद्धि भई ५० प्रतिशत सहकारीले उत्पादनमुलक उद्यम व्यवसाय सच्चालनमा सहयोग गर्नेछन्। |

### ३.६.९ जोखिम तथा अनुमान

गाउँपालिका वासीहरुमा वित्तीय साक्षरताका अवसरहरु उपलब्ध हुनेछ। बैंक, वित्तीय संस्था एवम् सहकारी संस्थाहरु उत्पादनमूलक, व्यवसायमूलक कार्य तथा स्थानीय उत्पादनको बजारीकरणमा बढी क्रियाशिल हुनेछन्। यस्ता संस्थाहरुको खराब कर्जा न्यून जोखिम भएको हुनेछ। उपरोक्त अवस्था सिर्जना हुन नसकेमा लक्ष्य हासिल गर्न जोखिम रहन्छ।

## ३.७ श्रम रोजगारि तथा गरिबी निवारण

### ३.७.१ पृष्ठभूमि

यस क्षेत्रको श्रमशक्तिको ठूलो हिस्सा कृषी क्षेत्रमा रहेको छ। कुल ४७४५ जनसंख्या मध्ये ८३.२% मानिसहरुको आम्दानीको श्रोत कृषि, पशुपालन, माछापालन, रहेको छ। यसैगरी वैदेशिक रोजगारीमा ६.२%, ६.५% निर्माण ब्यवसायको नोकरिमा, थोक तथा खुद्रा ब्यापार ब्यवसायमा ६.५% घरपरविारहरु आफ्नो जिविकोपार्जनको लागि मुख्य श्रोतका रुपमा रहेको छ। १० बर्ष भन्दा माथिका ९०% बढि जनसंख्या कुनै न कुनै रुपमा आर्थिक गतिबिधिमा संलग्न रहेको सन् २०२१ को राष्ट्रिय जनगणनामा उल्लेख गरिएको छ।

### ३.७.२ समस्या तथा चुनौति

राष्ट्रिय रुपमा आर्थिक गतिबिधिमा देखा परेको सिथिलताका कारण रोजगारीको क्षेत्र संकुचित भएको छ। वैदेशिक रोजगारी लगायत वाह्य क्षेत्रको रोजगारीमा आकर्षण कायमै रहेको छ। युवा जनशक्ति विदेश पलायन हुने र स्थानीय उद्योग व्यवसाय अन्यत्रका श्रमिकमा भर पर्नु अवस्था कायमनै छ। गाउँपालिकामा उद्योग, व्यवसाय, पूर्वाधार र यस सम्बन्धी सेवा तथा सुबिधाको व्यवस्था हुन सकेको छैन। जनशक्ति विकासका लागि रोजगारमूलक तालिम र नयाँ प्रविधिको अनुकूल हुने गरीक्षमता विकासका अवसरहरुमा कमी रहेको छ। कम आय भएका र स्थायी सम्पत्ति नभएका परिवार र व्यक्तिका लागि वित्तीय सेवा तथा कर्जा प्रवाह पहुँच पुग्न सकेको छैन।

### ३.७.३ सोच

मानवोचित जीवन यापनका लागी मर्यादित र उत्पादनमुलक रोजगारीका अवसरहरुको सिर्जना

### ३.७.४ उद्देश्य

- श्रम बजारका लागि आवश्यक, पेशा, सीप, दक्षताको विकास गर्नु
- वैदेशिक रोजगारी गएर फर्किएका व्यक्ति ज्ञान, सीप, अनुभव र विप्रेषणलाई उत्पादनशील काममा लगाउनु
- प्रमुख सामाजिक संरक्षणका कार्यक्रमहरुमा समाजका सबैभन्दा बिपन्न र जोखिममा रहेका जनसमुदायको पहुँच सुनिश्चित गर्नु
- बिद्यमान सामाजिक संरक्षणका कार्यक्रमहरुलाई दोहोरो नपर्ने गरि एकिकृत र सुदृढ गर्नु
- सुदृढ र प्रभावकारि प्राकृतिक प्रकोप ब्यवस्थापन प्रणालीको विकास गर्नु

### ३.७.५ रणनीति

- संघ प्रदेश र निजी क्षेत्रसँगको सहकार्यमा रोजगार वृद्धि र गरिबी निवारणलाई प्रभाबकारी गराउने
- सीप तथा व्यावसायिक तालिमको व्यवस्था गर्ने।
- श्रमिकको हक अधिकारको संरक्षण तथा असल श्रम सम्बन्ध स्थापना गर्ने।
- सबै किसिमको बालश्रम उन्मूलन गर्ने।
- महिला तथा अपाङ्गहरुको लागि सुहाउँदो सिप विकास गरि रोजगारि तथा ब्यवसायको विकास गर्ने

### ३.७.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ।

| सूचक | एकाइ | गत आ.ब. सम्मको उपलब्धि | चालु आ.ब.को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ |
| रोजगार कार्यक्रम अन्तर्गत सञ्चालित आयोजना | संख्या | १२ | १५ | २० | ३० | ४० |
| कार्यक्रमबाट सिर्जित रोजगारीको कार्यदिन | संख्या | ११० | ११५ | १२० | १५० | १८० |

### ३.७.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा श्रम रोजगारि तथा गरिबी निवारण उप–क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ।

| आ. ब. | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजिगत | बित्तिय ब्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२-८३ | १०७२५ | ५७७५ | ४९५० | ० | १२५० | ८६२५ | ८५० | ० |
| २०८३-८४ | ११७०८ | ६०९० | ५६१८ | ० | १३०० | ९२०८ | १२०० | ० |
| २०८४-८५ | १२३५० | ६३९५ | ५९५५ | ० | १४३० | ९६०० | १३२० | ० |

### ३.७.८ कार्यक्रम तथा आयोजनाको संक्षिप्त बिवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ।

| क्र. स. | आयोजना/कार्यक्रम | उद्देश्य | अवधि | कुल लागत (रु. हजार) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | प्रधानमन्त्री रोजगार तथा अन्य रोजगार प्रवद्धन कार्यक्रम | बेरोजगारलाई मौसमी रोजगार प्रदान गरी वार्षिक आयमा वृद्धि गर्नु | सालबसाली | ३००० | न्यून आय भएका वार्षिक १०० जना विपन्न ब्यक्तिले मौसमी रोजगार प्राप्त गर्नेछन् । |
| २ | युवालाइ सिप सिकाइ | | सालबसाली | ५००० | बर्षेनि ५० यवाहरुले नयाँ सिप सिक्ने छन् । |

### ३.७.९ जोखिम तथा अनुमान

रोजगारी सम्बन्धी व्यवहारिक नीति तथा कार्यक्रम तर्जुमा भई कार्यान्वयन हुनेछ । गाउँपालिकामा रोजगार सम्बन्धी अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन योजना तर्जुमा हुनेछ । रोजगार प्रवद्र्धन नीति तथा कार्यक्रममा निरन्तरता नभएमा यसबाट अपेक्षा गरिएको नतिजा हासिल नहुने जोखिम रहेको छ ।

# परिच्छेद ४: सामाजिक क्षेत्र

## ४.१ जनस्वास्थ्य तथा पोषण

### ४.१.१ पृष्ठभूमि

नेपालको संविधानले प्रत्येक नेपाली नागरिकलाई राज्यबाट प्राप्त हुने आधारभूत स्वास्थ्य सेवा निशूल्क प्राप्त गर्ने तथा स्वास्थ्य सेवामा सबैको समान पहुँच रहने कुरालाई मौलिक हकको रुपमै प्रत्याभूत गरेको छ। दिगो विकासको लक्ष्य ३ मा आरोग्यता तथा कल्याण अन्तरगत स्वस्थ जीवन सुनिश्चित गर्ने र सबै उमेरका सबै नागरिकहरुको कल्याणको प्रवद्र्धन गर्ने, सबै उमेर समुहका व्यक्तिका लागि स्वस्थ्य जिवन सुनिश्चित गर्दै समृद्ध जीवन प्रवद्धन गर्ने लक्ष्य रहेको छ। लालझाडी गाउँपालिका क्षेत्रमा ३ वटा स्वास्थ्य चौकि, ४ वटा आधारभूत स्वास्थ्य सेवा केन्द्र, १ आयुर्बेद अस्पताल संचालनमा रहेको छ। साथै एउटा १० शैय्याको अस्पताल भवन निर्माण सम्पन्न भइ संचालनको तयारि अवस्थामा रहेको छ। उक्त अस्पताल गाउँपालिका तहबाट संचालन गर्न बजेटको समस्या पर्न गएको पाइन्छ। एक आँखा अस्पताल पनि संचालन गर्ने तयारि यस गाउँपालिकामा गरिएको छ।

बालबालिकाहरूले १०० प्रतिशत खोप पाएका छन् अर्थात पूर्णरुपमा खोप नगर घोषणा भईसकेकोमा दिगोपनाका लागि कार्य निरन्तर भैरहेको छ। यहँका केहि बालबालिकाहरुमा कुपोषणको पनि समस्या देखिएको छ। दम, श्वासप्रस्वाससम्बन्धि रोगहरु, डेङ्गु, स्क्रब टाइफस, सर्पदंश, आँखा तथा दाँतका रोगहरु, सिकलसेल एनिमिया र थेलिसिमिया यस गाउँपालिका क्षेत्रका प्रमुख रोगहरुको रुपमा देखिएका छन्।

### ४.१.२ समस्या तथा चुनौति

लालझाडी गाउँपालिकामा दक्ष स्वास्थ्यकर्मीको अभाव, भौगोलिक विकटता, आर्थिक स्रोतको अभाव, स्वास्थ्य चेतनाको कमी, लागु पदार्थ दुर्ब्यसनि, शुद्ध खानिपानि तथा सरसफाइको कमी जनस्वास्थ्य तथा पोषण क्षेत्रका प्रमुख समस्याहरु हुन्। यहाँका प्रमुख बासिन्दाको रुपमा रहेका रान थारु जातिमा बंशाणुगत रुपमा देखिने सिकलसेल एनिमिया र थेलिसिमिया जस्ता रोगहरु निर्मूल गर्नु यहाँको प्रमुख चुनौति बनेको छ। यसका साथै महिलाहरुमा सुत्केरि पोषण र शीशु स्याहारमा पनि जनचेतनाको कमि यस क्षेत्रको समस्याको रुपमा रहेको छ।

### ४.१.३ सोच

गुणस्तरीय स्वास्थ्य सेवा, स्वस्थ्य र निरोगी नगरबासी

### ४.१.४ उद्देश्य

- सबै बर्ग, क्षेत्र र समुदायका नागरिकहरुको आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवामा समतामूलकपहुँच अभिबृद्दि गराउनु
- स्वस्थ जनशक्ति तयार गर्नु, रोग प्रतिरोधात्मक क्षमता बढाउनु तथा गुणस्तरीय र पोषणयुक्त खाद्य सामाग्रिमा पहुँच बढाउनु
- स्वास्थ्य बिमा कार्यक्रमको शुरुवात गरी सम्पूर्ण जनतालाई यसको दायरामा ल्याउनु

### ४.१.५ रणनीति

- मापदण्ड अनुसार सबै स्वास्थ्य चौकीहरुका लागि आवश्यक भवन, तारवार, ऊपकरणको ब्यवस्था गर्ने

- स्वास्थ्य क्षेत्रमा काम गर्ने राष्ट्रिय अन्तरराष्ट्रिय संस्थाको स्रोतका लागि गाउँपालिकाले समन्वय र सहजीकरण गर्ने
- सबै स्वास्थ्य संस्थाहरुमा सुरक्षित खानेपानिको ब्यवस्था अनिवार्य गर्ने
- सबै स्वास्थ्य संस्थाहरुमा थप सेवा बिस्तार गर्ने
- स्वास्थ्यकर्मी तथा कर्मचारिलाई तालिम आवश्यकता अनुसार उपलब्ध गराउने र सिकेको सिप ब्यवहारमा ल्याउने कुरा सुनिश्चित गर्ने
- प्रत्येक बर्ष पूर्ण खोपका लागि बालबालिकाको Line listing गर्ने
- जनस्वास्थ्य, परिवार नियोजन र सरसफाइ सम्बन्धि प्रचार प्रसार मुलक कार्यक्रमहरु संचालन गर्ने
- पर्यावरणीय स्वच्छता सम्बन्धि नीति र कार्यक्रमहरु तर्जुमा र कार्यान्वयन गर्ने
- आर्सनिक न्यूनिकरणको कार्य संचालन गर्ने

### ४.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ ।

| सूचक | एकाइ | गत आ.ब. सम्मको उपलब्धि | चालु आ.ब.को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२-८३ | २०८३-८४ | २०८४-८५ |
| ३० मिनेट भित्र अस्पतालको पहुँच भएका जनसंख्या | प्रतिशत | ९२ | ९५ | १०० | १०० | १०० |
| सबै खोप लिएका बालबालिका | प्रतिशत | ८५ | ८८ | ९० | ९५ | १०० |
| पाँच वर्षमुनिको बाल मृत्युदर (प्रति हजार जीवित जन्म) | संख्या | ४ | ३.५ | ३ | २.७ | २.५ |
| स्वास्थ्य बिमामा सहभागी घरपरिवार | प्रतिशत | ५ | ६ | ८ | १० | १२ |
| एम्बुलेन्स संचालन | संख्या | २ | २ | ३ | ३ | ३ |
| स्वास्थ्य शिविर संचालन | संख्या | ५ | ५ | ५ | ६ | ६ |

### ४.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा जनस्वास्थ्य तथा पोषण उप–क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ।

| आ. ब. | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजिगत | बित्तिय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२-८३ | ३७६५९ | २०२९७ | १७३६३ | ० | ५५६० | ३०१९९ | १९०० | ० |
| २०८३-८४ | ४४३५१ | १९०७० | २५२८१ | ० | ६३४० | ३५८६१ | २१५० | ० |
| २०८४-८५ | ४६८२१ | २००२४ | २६७९८ | ० | ६९७४ | ३७४८२ | २३६५ | ० |

### ४.१.८ कार्यक्रम तथा आयोजनाको संक्षिप्त बिवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ।

| क्र. स. | आयोजना/कार्यक्रम | उद्देश्य | अवधि | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | नागरिकसँग गाउँपालिका अध्यक्ष स्वास्थ्य कार्यक्रम | घरदैलो सम्म स्वास्थ्य सेवा पुर्याउने | सालबसाली | १००० | घरदैलो सम्म स्वास्थ्य सेवा पुगेको हुनेछ |
| २ | १० शैय्याको अस्पताल संचालन | जनतालाइ बिशिष्टिकृत स्वास्थ्य सेवा पुर्याउने | २०८२-८४ | ३०००० | ३ बर्ष भित्र अस्पताल संचालन गर्ने |
| ३ | आँखा उपचार केन्द्र संचालन | जनतालाइ आँखा उपचार गाउँमा उपलब्ध गराउने | सालबसाली | १००० | आँखा उपचार गाउँमा उपलब्ध हुने |
| ४ | एम्बुलेन्स संचालन | एम्बुलेन्स सुबिधा सहज बनाउने | सालबसाली | ६००० | एम्बुलेन्स संचालन भएको हुने |
| ५ | क्षयरोग मुक्त पालिका कार्यक्रम | क्षयरोग मुक्त पालिका बनाउने | सालबसाली | २००० | क्षयरोग मुक्त पालिका घोषणा हुने |

### ४.१.९ जोखिम तथा अनुमान

संस्थागत सुदृढीकरण, पर्याप्त स्रोत विनियोजन, स्वास्थ्य सामाग्रीको उपलब्धता, जनशक्ति व्यवस्थापन, अन्तर सरकार र सरोकारवाला बीच प्रभभभावकारी समन्वय, सहकार्य र साझेदारी हुन सकेमा अपेक्षित नतिजा हासिल हुन

सक्छ। स्वास्थ्य पूर्वाधार, औषधि र खोप व्यवस्थापनमा अन्तर निकाय तथा सरोकारवालाको सक्रिय सहभागिता र साझेदारी हुन नसकेमा विभिन्न महामारीले गाउँपालिकाबासीको जनस्वास्थ्यको स्थिति क्षय गर्न सक्ने जोखिम रहेको छ।

## ४.२ शिक्षा, कला, भाषा तथा साहित्य

### ४.२.१ पृष्ठभूमि

सामाजिक तथा आर्थिक रूपान्तरणको महत्वपूर्ण आधारशीलाको रूपमा शिक्षा रहेको छ। नेपालको संबिधानले शिक्षा सम्बन्धि हकलाई मौलिक हकका रुपमा प्रत्याभुत गरेको छ। शिक्षा प्रणालीलाई आर्थिक, सामाजिक रुपान्तरणको संबाहकका रुपमा विकास गर्ने, सबै तह एवं बिधाको शिक्षामा समतामूलक पहुँच सुनिसश्चित गर्ने, शिक्षा प्रणालीलाई रोजगारि उन्मुख गराउने, गुणस्तरमा सुधार एवं ब्यवस्थापकीय क्षमतामा अभिबृद्दि गरी आर्थिक, सामाजिक विकासका लक्ष्यहरु हासिल गर्नेतर्फ यस गाउँपालिकाकानीति तथा कार्यक्रमहरु उन्मुख रहेका छन्।

लालझाडी गाउँपालिकामा १० वटा आधारभूत विद्यालय, ६ माध्यमिक विद्यालय र ६ संस्थागत विद्यालय संचालनमा रहेका छन्। निजी क्षेत्र द्वारा संचालित ८ वटा निजी तथा आवासिय विद्यालय रहेका छन्। गाउँपालिकामा ५ वर्ष वा सो भन्दा माथि उमेर समूहको कूल जनसंख्यामध्ये ७५.९ प्रतिशत साक्षर रहेको छ। जस अन्तर्गत पुरुषको साक्षरता दर ८३.२ प्रतिशत छ भने महिलाको साक्षरता दर ६९.१ प्रतिशत रहेको छ।। नेपाली र थारु भाषा मुख्य प्रचलित भाषाका रुपमा रहेको यस क्षेत्रमा कला तथा साहित्यका क्षेत्रमा विशिष्ठ प्रतिभाहरु रहेका छन्। यो क्षेत्र थारु भाषा, कला र साहित्यका लागि उर्वर भूमी पनि हो।

### ४.२.२ समस्या तथा चुनौति

शिक्षाका सबै तहमा गुणस्तर अभिबृद्दि गर्ने, शिक्षालाई ब्यवसायिक तथा रोजगारिमुलक बनाउने, सबै तहको शिक्षालाई समतामुलक र समावेशी बनाउने, प्राविधिक शिक्षा तथा ब्यवसायिक तालिमलाई आम नागरिकको पहँच सम्म पुर्याउने, शिक्षकहरुको माग र आपूर्तिबिच सन्तुलन कायम गर्ने, लगानि अनुरुपको प्रतिफल सुनिश्चित गर्ने, संबिधान प्रदत्त शिक्षा सम्ब्नधि हकहरुको उपभोग गर्ने साथै समग्र शैक्षिक क्षेत्रको ब्यवस्थापनमा सुधार गरी सुशासनको प्रत्याभूति गर्ने कार्य चुनौतिपूर्ण छ।

विद्यालयका भौतिक पूर्वाधार कमजोर हुनु, सवै विद्यालयहरुमा अपाङ्ग मैत्री पूर्वाधार नहुनु, गुणस्तरीय शिक्षामा पहुँचमा कमी, बढ्दो अविभावकको चाहना भएपनि प्राविधिक विद्यालय नहुनु, विद्यालयमा पर्याप्त शैक्षिक सामग्रीको कमी, प्रविधिमैत्री शिक्षण सिकाईको कमी, वाल विकास केन्द्र व्यबस्थित नहुनु, गणित, दक्ष शिक्षकको कमी, कार्यमूलक शिक्षक तालिमको कमी, सवै विद्यालयमा मातृभाषामा शिक्षा नहुनु, छात्रा एवं अपाङ्गता मैत्री शौचालय न्यून हुनु यस क्षेत्रका प्रमुख समस्या र चुनौतीको रुपमा रहेका छन।

### ४.२.३ सोच

गुणस्तरीय र प्रविधिमैत्री शिक्षाको विकास, समृद्ध लाझाडीको आधार

### ४.२.४ उद्देश्य

- बैकल्पिक उपायहरुको अवलम्बन बाट सबै तह एवं प्रकारको शिक्षा र सिपमूलक तालिममा पहुँच अभिवृद्दि गर्नु

- सबै तहको शिक्षालाई गुणस्तरीय, जीवनोपयोगी, सिपमूलक, रोजगारिमुखी एवं समसामयिक बनाउने
- शैक्षिक पद्दतिलाई सिर्जनात्मक, ब्यवहारिक, समावेशीर समतामूलक बनाउँदै लैजाने
- समग्र शिक्षा प्रणालीको दक्षता, प्रभावकारिता, जवाफदेहिता र सुशासनलाई संस्तागत गर्ने
- लालझाडी गाउँपालिकालाई प्रविधियुक्त बनाई आधुनिक संचार माध्यमको पहुँचमा ल्याउने
- सबै सरकारी बिद्यालयलाई आधुनिक बनाई बैज्ञानिक विकासमा जोड दिने

### ४.२.५ रणनीति

- स्थानिय सरकार, प्रदेश सरकार तथा संघ संस्था र समुदाय सँगको सहकार्यमा बिद्यालय भवन निर्माणका लागि स्रोतको ब्यवस्था गर्ने
- बिद्यालय भवन प्याकेजमा शौचालय, खानेपानि, तारवारको अनिवार्य ब्यवस्था गर्ने
- बिद्यालय तथा दरबन्दि समायोजन गरी शिक्षकको ऊपलब्धता बढाउने साथै दरबन्दि थपका लागि प्रदेश र संघीय सरकार सँग पहल गर्ने
- शिक्षक तालिमको ब्यवस्था गर्ने
- अनुगमन तथा मुल्याङ्कनलाई सहभागितामूलक र प्रबावकारि बनाउने
- शिक्षण सिकाइमा आधुनिक प्रविधि भित्र्याउने
- बिद्यार्थि उपस्थितिलाई गाउँपालिकाकोसेवा प्रवाहसँग आवद्द गर्ने
- स्थानिय समुदाय तथा स्थानिय सरकार सँग समन्वय सहकार्य गरी खेल मैदान निर्माण गर्ने
- शिक्षा क्षेत्रको विकासका लागि यस क्षेत्रमा काम गर्ने संघसंस्था सँग समन्वय र सहकार्य गर्ने
- माध्यमिक बिद्यालयमा बिद्युतीय पुस्तकालय र प्रयोगशालाको ब्यवस्था गर्ने
- अपाङ्गता भएका ब्यक्तिकालागि स्रोत कक्षा संचालन गर्ने तथा निशुल्क शिक्षा नीतिलाई पूर्णरुपमा कार्यान्वयन गर्ने

### ४.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ।

| सूचक | एकाइ | गत आ.ब. सम्मको उपलब्धि | चालु आ.ब.को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२-८३ | २०८३-८४ | २०८४-८५ |
| पूर्व प्राथमिक तहको खुद भर्ना दर | प्रतिशत | ७०.३ | ७२.४ | ८० | ९० | ९५ |
| प्राथमिक तहको खुद भर्ना दर | प्रतिशत | ६१.०८ | ६५.६ | ७० | ८० | ९० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| माध्यमिक तहको खुद भर्ना दर | प्रतिशत | ३१.२ | ४५ | ५५ | ६५ | ७५ |
| १५ देखि २४ वर्ष उमेर समूहको महिला साक्षरता दर | प्रतिशत | ७५ | ८० | ८५ | ९० | ९२ |
| खानेपानी, सरसफाइ र स्वच्छता सुविधा उपलब्ध विद्यालय | प्रतिशत | ५० | ६० | ७५ | ८० | ९० |
| अपांगमैत्री विद्यालयहरू | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० |
| पेशागत प्रशिक्षण प्राप्त शिक्षक | प्रतिशत | ९० | ९५ | १०० | १०० | १०० |

### ४.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा शिक्षा, कला, भाषा तथा साहित्य उप–क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ।

| आ. ब. | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजिगत | बित्तिय ब्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२-८३ | १७१६६ | ९५५५ | ७६११ | ० | ८२४० | ७०५६ | १८७० | ० |
| २०८३-८४ | १८४२४ | ९६६० | ८७६४ | ० | ८९९० | ७४८४ | १९५० | ० |
| २०८४-८५ | १९६३६ | १०१४३ | ९४९३ | ० | ९८८९ | ७६०२ | २१४५ | ० |

### ४.२.८ कार्यक्रम तथा आयोजनाको संक्षिप्त बिवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ।

| क्र. स. | आयोजना/कार्यक्रम | उद्देश्य | अवधि | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | विद्यालय शिक्षा सुदृढीकरण कार्यक्रम | सामुदायिक विद्यालयको पठनपाठनको गुणस्तरमा सुधार गर्नु | सालबसाली | ६००० | सामुदायिक विद्यालयको पठनपाठनको गुणस्तरमा सुधार |
| २ | प्रविधिमैत्री शिक्षा कार्यक्रम | प्राविधिक शिक्षा मार्फत रोजगारी र | सालबसाली | ६००० | गुणस्तरीय, जीवनउपयोगी तथा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | उद्यमशीलता प्रवद्र्धन गर्नु | | | प्रभावकारी शिक्षामा बालबालिकाको पहुँच विस्तार |
| ३ | साक्षरोत्तर तथा निरन्तर शिक्षा कार्यक्रम | प्रौढ साक्षरता र निरन्तर सिकाई अभिवृद्धि गर्नु | सालबसाली | १००० | साक्षरता दरमा वृद्दि |
| ४ | थारु भाषा, कला र साहित्य सम्वन्धी कार्यक्रम | थारु भाषा, कला तथा साहित्यको विकास गर्नु | सालबसाली | १००० | परम्परागत तथा साँस्कृतिक सम्पदाहरुको संरक्षण |
| ५ | शैक्षिक क्षेत्र विकास कार्यक्रम | प्रभावकारी रुपमा शैक्षिक सेवा प्रवाह गर्नु | सालबसाली | १००० | शिक्षाको गुणस्तरमा वृद्दि |

### ४.२.९ जोखिम तथा अनुमान

संघीय शिक्षा ऐन तथा नियमावली जारी एवम् समयानुकूल परिमार्जन भएको हुनेछ । शैक्षिक क्षेत्रमा नविनतम विधि तथा प्रविधिको उपयोग भएको हुनेछ । शैक्षिक क्षेत्रमा पर्याप्त पूर्वाधार विकास, आवश्यक जनशक्ति व्यवस्था, क्षमता विकासका अवसर, नवीनतम प्रविधिको उपयोग, अन्तर सरकार सहयोग र सहकार्य र सरोकारवाला बीचका समन्वय, सहकार्य र साझेदारीको विकास जस्ता पक्षमा ध्यान दिन सकेमा अपेक्षित नतिजा हासिल हुने देखिन्छ । उपरोक्त परिवेश तयार हुन नसकेमा लक्ष्य हासिल गर्नमा कठिन हुने जोखिम रहन सक्छ ।

## ४.३ खानेपानि तथा सरसफाई

### ४.३.१ पृष्ठभूमि

लालझाडी गाउँपालिकामा खानेपानिको मुख्य स्रोत भूमिगत खानेपानि हो । सामान्यतया ह्याण्डपम्प र ट्यूबवेलको माध्यमबाट खानेपानिको जुगाड गरिएको पाइन्छ । डिप बोरिङ मार्फत पनि आजकल धैरै ठाउँमा शुद्द खानेपानिको ब्यवथापन गर्ने कोशिस गरिएको छ । तर धैरै ठाउँमा अझै यि आयोजनाहरु सफलतापूर्वक संचालन हुन सकेका छैनन् । यो गाउँपालिकामा ६ वटा ओभरहेड पानि ट्याङ्कि निर्माण गरिएको भएता पनि एउटा मात्र सफलतापूर्वक संचालनमा आउन सकेको छ । सन् २०२१ को आँकडा अनुसार यस गाउँपालिकामा घरघरमा धारा उपलब्ध हुने परिवार करिव २.६% छन् भने सामुहिक धाराको पानि उपलब्ध हुने परिवार करिव १% छन् । यस्तै ह्याण्डपम्प र ट्यूबवेलमार्फत खानेपानि प्रयोग गर्ने परिवार करिव ९३% छन् । यि बाहेकका करिब २.७% परिवारले अन्य स्रोतबाट खानेपानिको जोहो गरेको पाइन्छ ।

यस गाउँपालिकामा सरसफाइको अवस्था सुदृढ हुँदै गएता पनि तुलनात्मक रुपमा वरिपरिका अन्य क्षेत्र भन्दा अझै कमजोर रहेको छ । यद्यपि आजका समयसम्म प्राय सबै घरमा शौचालयको प्रयोग हुने गरेको छ । ९५% भन्दा बढी घरपरिवारमा शौचालय निर्माण भइसकेको छ तर अन्य सरसफाइका क्षेत्रमा धैरै प्रगति हुन सकेको देखिदैन । यस गाउँपालिकाले ढल निकासी, प्लास्टिकजन्य प्रदुषण नियन्त्रण, घर भित्रको प्रदुषण नियन्त्रण जस्ता क्षेत्रमा अझै लामो

दुरी तय गर्न बाँकि नै रहेको देखिन्छ । साथै ब्यक्तिगत सरसफाइको लागि जनचेतना बढाउँदै जानु पनि अपरिहार्य रहेको छ ।

### ४.३.२ समस्या तथा चुनौति

स्वच्छ खानिपानि उपलब्धता र पहुँचमा कमि, ब्यक्तिगत सरसफाइमा कमि, फोहरमैलाको ब्यवस्थापनमा कमि यस क्षेत्रका प्रमुख समस्याहरु हुन् । जनस्तरमा सरसफाई सम्बन्धी सचेतनाको कमीका कारण वस्तिको स्वच्छता कायम राख्न कठिन भएको छ । खानेपानी संस्थाद्वारा वितरण पानी ल्याव टेस्ट गरिएपनि ईनार र चापाकलको पानीको प्रशिक्षण नभएको, फिल्टर पानीको पहुँचमा कमी, पानीको पाईपहरुको उचित व्यवस्थापन हुन नसक्नु, डम्पिङ साईटको अभाव, फोहोर व्यवस्थापन कमजोर र ढल निकासको समस्याहरु हुन् । चौबिसै घन्टा पानीको उपयोगका लागि ट्याङ्कीको व्यवस्था नहुनु, फोहोर जलाइने हुदाँ वातावरण प्रदुषण हुनु, घर भित्र दाउराको प्रयोगले भित्री प्रदुषण बढी हुनु खानेपानी तथा सरसफाई क्षेत्रका समस्या हुन् । फोहोर व्यवस्थापन सम्बन्धी जनचेतना अभिवृद्धि गर्नु, पानीको स्रोतहरुको संरक्षण गर्नु, खानेपानी पाईपलाईनको व्यवस्थापन गर्नु, खानेपानी ट्याङ्कीलाई सुरक्षित गर्नु, खानेपानी संस्था तथा सडक कार्यालय बीच पुर्वाधार निर्माणमा समन्वय गर्नु खानेपानी तथा सरसफाईका प्रमुख चुनौतिका रुपमा रहेका छन् ।

### ४.३.३ सोच

सफा, सुरक्षित खानेपानी र स्वच्छ , सफा वातावरण, लाझाडीको पहिचान

### ४.३.४ उद्देश्य

- सबै जनसंख्यालाई आधारभूत स्तरको खानेपानि तथा सरसफाइ सेवा उपलब्ध गराउनु
- उच्च स्तरको खानेपानि तथा सरसफाइ सेवा विस्तार गर्नु

### ४.३.५ रणनीति

- नेपाल सरकार र गैर सरकारि संस्थाहरु सँगको सहकार्यमा स्वच्छ खानेपानि आयोजनाहरु संचालन गर्ने
- आर्सनिकको प्रभाव कम गर्न बैकल्पिक उपायको अवलम्बन गर्ने
- सरसफाइ अभिवृद्दि सम्बन्धि चेतनामूलक कार्यक्रमहरु संचालन गर्ने
- शौचालय नभएका घरपरिवारमा शौचालय निर्माण र उपयोगलाई अनिवार्य गर्ने

### ४.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ ।

| सूचक | एकाइ | गत आ.ब. सम्मको उपलब्धि | चालु आ.ब.को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२-८३ | २०८३-८४ | २०८४-८५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| आधारभूत खानेपानी सुविधा उपलब्ध घरपरिवार | प्रतिशत | ८५ | ८६ | ८८ | ९० | ९१ |
| सुचारु खानेपानि आयोजना | संख्या | २ | २ | ३ | ४ | ६ |
| एक घर एक धारा भएका घरपरिवार | प्रतिशत | २.६ | ३ | ८ | १५ | २५ |
| शौचालय भएका परिवार | प्रतिशत | ९५ | ९६ | ९७ | ९९ | १०० |
| सार्वजनिक शौचालय | संख्या | १ | १ | २ | ३ | ४ |
| छात्र छात्राको अलग अलग शौचालय भएको विद्यालय | संख्या | ९५ | ९५ | ९७ | १०० | १०० |

### ४.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा खानेपानि तथा सरसफाई उप–क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ।

| **आ. ब.** | **बजेट अनुमान (रु. हजारमा)** | | | | **बजेटको स्रोत (रु. हजारमा)** | | | |
|---|---|---|---|---|---|---|---|---|
| | **कुल** | **चालु** | **पूँजिगत** | **बित्तिय ब्यवस्था** | **आन्तरिक स्रोत** | **नेपाल सरकार** | **प्रदेश सरकार** | **ऋण तथा अन्य** |
| २०८२-८३ | १७९२८ | ९६६० | ८२६८ | ० | ४८५० | ११४०८ | १६७० | ० |
| २०८३-८४ | १७९९० | ८७२० | ९२७० | ० | ५६०० | १०६१० | १७८० | ० |
| २०८४-८५ | १८९८२ | ९१५६ | ९८२६ | ० | ६१६० | १०८६४ | १९५८ | ० |

### ४.३.८ कार्यक्रम तथा आयोजनाको संक्षिप्त बिवरण

| **क्र. स.** | **आयोजना/कार्यक्रम** | **उद्देश्य** | **अवधि** | **कुल लागत** | **अपेक्षित नतिजा** |
|---|---|---|---|---|---|
| १ | खानेपानि आयोजना मर्मत, संभार तथा संचालन | ओभरहेड ट्याङ्क सहितका खानपानि आयोजनाहरु संचालन | २०८२-८०८४ | १५००० | ६ वटा आयोजना मार्फत खानेपानि वितरण गरिने |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | सरसफाई कार्यक्रम | सरसफाई सम्बन्धि जनचेतना तथा कार्यक्रमहरु संचालन गर्ने | सालबसाली | ३००० | सबै वस्तिहरुमा सरसफाईमा सुधार भएको हुने |

### ४.३.९ जोखिम तथा अनुमान

खानेपानि तथा सरसफाइको क्षेत्रमा गर्नुपर्ने कार्यहरु धेरै छन् भने ति कार्यहरु छिटै सम्पन्न गर्नुपर्ने आवश्यकता पनि देखिएको छ। मध्यमकालीन खर्च संरचनामा प्रस्ताव गरे अनुसार बजेट सुनिश्चितता भई आयोजना संचालन तथा मर्मतसंभार र स्तरोन्नति भएको हुनेछ। जलवायु परिवर्तनबाट खानेपानीको स्रोतमा पर्ने नकारात्मक प्रभाव, आयोजनाको ढिला निर्माण र उचित व्यवस्थापन व्यवस्थित बसोबास, तरल तथा फोहरमैलाको उचित व्यवस्थापन, प्रदूषण आदिलाई खानेपानी तथा सरसफाई सम्बन्धी अपेक्षित उपलब्धि हासिल गर्ने जोखिम पक्षको रुपमा आँकलन गरिएको छ।

## ४.४ महिला, बालबालिका तथा सामाजिक समावेशीकरण

### ४.४.१ पृष्ठभूमि

नेपालको संविधानको प्रस्तावनामै लैंगिक विभेद अन्त्य गरी समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने व्यवस्था गरिएको छ। लालजाडी गाउँपालिकाले लैंगिक समानता तथा सामाजिक समावेशीकरणको क्षेत्रमा समानुपातिक समावेशी र न्यायोचित वितरण गर्ने उद्देश्यका साथ वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्ने अभ्यासलाई निरन्तरता दिइरहेको छ। गाउँपालिकाले आर्थिक तथा सामाजिक रूपमा पछाडि परेको वर्गको महिला, दलित, आदिवासी जनजाति, सीमान्तकृत नागरिकहरू समेतलाई लक्षित गरी कार्यक्रम सञ्चालन भएको छ। आर्थिक तथा सामाजिक रूपमा पिछडिएको वर्गका लागि विशेष कार्यक्रम कार्यान्वयनमा छन्। सामाजिक कुप्रथाका रूपमा रहेका बालविवाह, बहुविवाह जस्ता कुप्रथा र कुरितिको अन्त्य गर्दै बालहिंसा, लैंगिक हिंसा मुक्त शहर बनाउन कार्यक्रमहरू सञ्चालन भएका छन्। लक्षित वर्गका लागि सीप विकास तथा रोजगारीका अवसर वृद्धि गर्ने कार्यक्रमहरू सञ्चालन गरिएकोछ। गाउँपालिकामा अपाङ्ग, महिला तथा बालबालिका मैत्री संरचना निर्माण नगन्य मात्रामा छन्। जात र लिङ्गका आधारमा हुने हिंसाको अवस्था सामान्य छ। दलित जनजाति पिछडिएका वर्ग आय आर्जनको अवस्था सन्तोषजनक देखिदैन।

माहिलाहरुमा पुरुषको तुलनामा साक्षरता दर कम छ भने पारिवारिक अचल सम्पत्तिमा महिलाको स्वामित्व ११% को हाराहारि मात्र रहेको छ। जस अन्तर्गत घर र जमिन दुबैको स्वामित्व हुने २% मात्र महिला रहेका छन्। यहाँ ३०% जति बालिकाको बालबिवाह हुने गरको पाइएको छ। राज्यले नै सूचिकृत गरेको थारु समुदायको बाहुल्यता रहेको यस क्षेत्रका सबै सिमान्तकृत समुदायलाइ विकासको मूलधारमा समावेस गर्ने भरमग्दुर प्रयास यस गाउँपालिकाले गरेको पाइन्छ।

### ४.४.२ समस्या तथा चुनौति

लैङ्गिक तथा जातीय बिभेद कायम हुनु, निर्णायक तहमा महिलाको पहुँच कमजोर हुनु, बालबिबाह, बालमैत्री र अपाङ्गमैत्री पूर्वाधारको कमी, घरेलु हिंसा र कुप्रथा, बढ्दो लागुपदार्थ दुर्व्यसनि, आर्थिक तथा सामाजिक क्षेत्रमा

महिला, अपाङ्ग, दलितको समानुपातिक सहभागितामा कमी आदि यद क्षेत्रका प्रमुखसमस्याहरु रहेका छन्। लक्षित वर्ग, पिछडिएको वर्गमा स्वरोजगारीका अवसर तथा आत्म निर्भरतामा कमी रहेको छ। स्थानीय स्तरको योजना रहेतापनि प्रत्यक्ष अर्थपूर्ण सहभागिता नहुदा तर्जुमा गरिएका कार्यक्रमहरूबाट प्रभावकारी कार्यान्वयनको कमी रहेको पाइन्छ। यहाँ बालबिबाहको बिरुद्दमा गाउँपालिका लगायत सम्पूर्ण निकायको हस्तक्षेपकारी भुमिका आवश्यक देखिन्छ।

### ४.४.३ सोच

भेदभाव रहित समाजको विकास, सामाजिक समावेशीकरणको दिशामा लालझाडीको आवाज

### ४.४.४ उद्देश्य

- सबै बर्ग र क्षेत्रका महिलाहरुको सामाजिक, आर्थिक तथा राजनितिक सशक्तिकरण गर्दै महिलाको मुलभूत अधिकार सुनिश्चित गर्नु
- महिला बिरुद्द हुने सबै किसिमका हिंसा, बिभेद र बहिस्करण अन्त्यका लागि कार्यक्रम संचालन गर्नु
- आर्थिक, राजनितिक, सार्वजनिक लगायत सम्पूर्ण निर्णायक तहमा महिलाहरुको सार्थक र समान पहुँचका लागि समान अवसरहरुको सिर्जना गर्नु
- बालबालिका र किशोरकिशोरीको समग्र अधिकारको संरक्षण र प्रवर्धन गर्नु
- बालबालिका र किशोरकिशोरी उपर हुने सबै प्रकारका भेदभाव, शोषण, हिंसा र दुर्ब्यवहारहरुलाई उन्मुलन गर्नु
- सबै किसिमको बालश्रम र बालबिबाह उन्मुलन गर्नु

### ४.४.५ रणनीति

- गाउँपालिकाले दलित बर्गको क्षमता अभिवृद्दिका लागि चेतनामूलक र अन्य कार्यक्रमहरु संचालन गर्ने
- नीतिगत ब्यवस्थाहरुको कार्यान्वयनलाई गाउँपालिकाको सेवा प्रवाहसँग आवद्द गर्ने
- अपाङ्ग, दलित र छात्राहरुका लागि उच्च शिक्षाको लागि छात्रवृद्दिको ब्यवस्था गर्ने
- गाउँपालिका अन्तर्गतका बिद्यालयहरुमा अनिवार्य एक दलित शिक्षकको ब्यवस्था गर्ने
- सार्वजनिक स्थलमा हुने भेदभावको अन्त्य गर्ने
- दलित समुदायकालागि आयमूलक कार्यक्रमहरु संचालन गर्ने
- दलित, अपाङ्ग लगायत सबै अनाथ बालबालिकालाई गाउँपालिकाले संरक्षणको ब्यवस्था गर्ने
- लैङ्गीक तथा जातीय बिभेद अन्त्यका लागिसंबिधान कानून बमोजिम स्थानिय सरकारले कडा कारचाहिको ब्यवस्था गर्ने तथा गाउँपालिकाको न्यायिक समितिलाई प्रभावकारी बनाउने
- सामाजिक कार्यमा महिला सहभागिताको लागि पुरुषहरुलाई प्रोत्साहन गर्ने
- हिंसा पिडित महिलाका लागि सुरक्षित आवासको निर्माण गर्ने
- अती बिपन्न परिवारलाई आयमूलक तथा सिपमूलक कार्यक्रममा संलग्न गराउने

- बालमैत्री शैक्षिक पूर्वाधारको निर्माण गर्ने
- बालबिबाह र बालहिंसालाई अन्त्य गर्नपहल गर्ने
- जेष्ठ नागरिकहरुका लागि स्थानिय सरकारले बृद्दाश्रमको ब्यवस्था गर्ने
- जेष्ठ नागरिकहरुको सम्मान तथा अनुभव आदानप्रदानको अवसर सृजना गर्ने
- सामाजिक सुरक्षा भत्ता सहज हुने स्थानमा खाता खोल्ने र भत्ता दिने ब्यवस्था मिलाउने
- सामाजिक सुरक्षा भत्ताको सुविधाबाट बन्चित भएका सबैलाई भत्ता उपलब्ध गराउन पहल गर्ने
- सबै अपाङ्गहरुलाई उपयुक्त सिपमूलक तालिमको ब्यवस्था गर्ने
- अपाङ्गका लगि आर्थिक, शैक्षिक तथा सामाजिक क्षेत्रमा प्रोत्साहन गर्ने
- अपाङ्गमेत्री पूर्वाधार निर्माणलाई प्रोत्साहन गर्ने

### ४.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ ।

| सूचक | एकाइ | गत आ.ब. सम्मको उपलब्धि | चालु आ.ब.को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२-८३ | २०८३-८४ | २०८४-८५ |
| बालबिबाह दर | प्रतिशत | ३० | २८ | २५ | १८ | १० |
| लैंगिक हिंसा र छुवाछुत वार्षिक घटना | संख्या | ० | ० | ० | ० | ० |
| जमीन तथा सम्पत्तिमा महिलाको स्वामित्व भएका घरपरिवार | प्रतिशत | ११ | १२ | १५ | १८ | २० |
| कार्यपालिकामा महिला सहभागिता | प्रतिशत | ४६ | ४६ | | | |
| सहकारी र स्थानीय संरचनाको नेतृत्वमा रहेका महिला | प्रतिशत | ३५ | ४० | ४३ | ४५ | ५० |
| गाउँपालिकाभित्र रहेका बालगृह | संख्या | ० | ० | १ | १ | १ |
| सामाजिक सुरक्षाबाट लाभान्वित लक्षित वर्ग | संख्या | १६३५ | १७०६ | १७९० | १८७५ | २०५० |

| सूचक | एकाइ | गत आ.ब. सम्मको उपलब्धि | चालु आ.ब.को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२-८३ | २०८३-८४ | २०८४-८५ |
| अपाङ्गतामैत्री भौतिक संरचना | प्रतिशत | १० | १० | १५ | २० | २५ |

### ४.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा उद्योग महिला, बालबालिका तथा सामाजिक समावेशीकरण उप–क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ।

| आ. ब. | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजिगत | बित्तिय ब्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२-८३ | २०२०० | १०३६४ | ९८३७ | ० | ५६४० | १३७७० | ७९० | ० |
| २०८३-८४ | २००६८ | ९४५० | १०६१८ | ० | ५९५० | १३२५८ | ८६० | ० |
| २०८४-८५ | २११७८ | ९९२३ | ११२५५ | ० | ६५४५ | १३६८७ | ९४६ | ० |

### ४.४.८ कार्यक्रम तथा आयोजनाको संक्षिप्त बिवरण

| क्र. स. | आयोजना/कार्यक्रम | उद्देश्य | अवधि | कुल लागत (रु. हजार) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | लैङ्गिक हिंसा विरुद्ध १६ दिने अभियान | लैङ्गिक हिंसाको अन्त्य | सालबसाली | ५००० | लैङ्गिक हिंसाको अन्त्य हुने |
| २ | बाल क्लव पुनर्गठन | बालबालिकाको सर्वाङ्गिण विकासमा सहयोग गर्ने | सालबसाली | ५०० | प्रत्येक गाउँमा बाल क्लब गठन गर्ने |
| ३ | किशोर किशोरीलाई सामाजिक कुप्रथाका बारेमा अभिमुखिकरण | लागु औषध तथा सामाजिक कुप्रथाहरुको बारेमा सचेत गराउने | सालबसाली | १००० | लागु औषध तथा सामाजिक कुप्रथाहरुको बिरुद्दमा सचेतना |
| ४ | बाल विवाह तथा बहु विवाहका बारेमा सचेतना कार्यक्रम | बाल बिबाह तथा बहुबिबाहको उम्मुलन गर्ने | सालबसाली | १५०० | बाल तथा बहु बिवाहको उन्मुलन |
| ५ | बालगृह निर्माण | गरिब तथा अनाथ बालबालिकाहरुलाई हेरचाह गर्ने | २०८३-८४ | ५०००० | कम्तिमा १०० गरिब तथा अनाथ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | बालबालिकाहरुको हेरचाह गरिने |

### ४.४.९ जोखिम तथा अनुमान

सम्बन्धित कार्यक्रममा प्राथमिकताका साथ बजेट विनियोजन, व्यावहारिक कार्यान्वयन तथा नीतिगत परिवर्तन भएको हुनेछ। यस क्षेत्रसँग सम्बन्धित निकाय तथा संरचनाको क्षमता विकास तथा क्रियाशिलता नभएमा अपेक्षित नतिजा प्राप्त नहुने जोखिम रहन सक्दछ । बालबिबाह उन्मूलन, महिलाहिंसा नियन्त्रण, दलितउत्थान तथा अपाङ्गमैत्री संरचना निर्माणमा प्राथमिकताका साथ कार्यक्रमहरु लागु गरिनेछ।

## ४.५ युवा, खेलकुद तथा नवप्रवर्त्तन

### ४.५.१ पृष्ठभूमि

सक्षम, स्वस्थ, प्रविधिमैत्री र सृजनशिल यवा समकालीन नेपाली समुदायको परिचय हो। राष्ट्रिय तथा अन्तराष्ट्रिय दस्तावेज तथा संयन्त्रहरु जस्तै २०१५ को डिसेम्बर ९ मा संयुक्त राष्ट्र संघ सुरक्षा परिषद्को ७५७३ औं बैठकले पारित गरेको युवा, शान्ति तथा सुरक्षासँग सम्बन्धीत प्रस्ताव नं. २२५०, दिगो विकासका लक्ष्य, राष्ट्रिय युवा नीति २०७२, युथ भिजन २०२५, तथा दश वर्षे रणनीतिक योजना, राष्ट्रिय युवा परिषद् ऐन २०७२ र नियमावली २०७३, रोजगारीको हक सम्बन्धी ऐन २०७५ ले पनि युवाको विकास र सहभागीतामा जोड दिएको छ । यसका लागि एकीकृत नीति योजना तथा कार्यढाँचा निर्माण गरी कार्यान्वयनमा ल्याउन आवश्यक छ । गाउँपालिकाको कुल जनसंख्याको ४६.५७ प्रतिशत युवा (१६ देखि ४० वर्ष) रहेको अवस्थामा जनसांख्यिक लाभको अवसरलाई पुँजीकृत गरी स्थानीय विकास तथा आर्थिक समृद्धिमा युवाको योगदान सुनिश्चित गर्नु जरुरी छ।

स्थानीय विकासमा युवा सहभागिता अभिवृद्धि गरी युवाको सशक्तिकरण र विकासमा परिचालनको नीति अवलम्बन गरिएको छ। सीप विकास, स्वरोजगारी र आत्मनिर्भरताका अवसरहरु सिर्जना भएका छन्। खेल क्षेत्रको विकासका लागि स्थानीयस्तरमा खेल आयोजना तथा खेलाडीलाई सहयोग तथा सम्मानको अभ्यास रहेको छ। गाउँपालिकाले युवाहरुलाई लागु पदार्थ तथा दुव्र्यसनबाट सचेत गराउने नीति स्थानीय सरकारले लिएको छ। युवाहरुलाई लक्षित गरी नवप्रवर्त्तनका कार्यक्रमहरु संचालन गरेको खण्डमा गाउँपालिका क्षेत्रभित्र रोजगारीका साथै आम्दानिका अवसरहरु पनि सृजना हुने देखिन्छ जसले युवाशक्ति पलायनमा पनि कमि आने निश्चित छ।

### ४.५.२ समस्या तथा चुनौति

विभिन्न तहका सरकारबीच युवा तथा खेलकुद सम्बन्धी योजना कार्यान्वयनको कमि, खेल मैदान लगायतका खेल पूर्वाधारको विकास पर्याप्त नहुनु, खेलाडीको प्रतिस्पर्धी क्षमतामा कमी, दुव्र्यसन र वैदेशिक रोजगारीमा आकर्षण, स्तरीय खेल प्रशिक्षणमा कमी, खेलमा व्यावसायिकता कमी र खेलाडीको भविश्यको अनिश्चिता, समस्याको रुपमा रहेको छ।

यस क्षेत्रका करीव ८ प्रतिशत युवा दुव्र्यसनीमा फसेको देखिन्छ। युवा दुव्र्यसनी, खेल मैदानहरु अव्यवस्थित हुनु, खेल सामाग्रीको अपर्याप्तता, दक्ष प्रशिक्षकद्वारा सिकाई र प्रोत्साहनको अभाव, कवर्ड हलको अभाव, खेलकुदको लागि भौतिक संरचनाको अभाव, युवा बेरोजगारी र बिदेश पलायन यस क्षेत्रको प्रमुख समस्याहरु हुन। युवा वर्गमा परम्परागत कृषि तथा घरेलु व्यवसायमा स्वभाविक आक्रर्षण रहेको छैन। विभिन्न तहका सरकारबीच युवा तथा

खेलकुदसम्बन्धी योजना कार्यान्वयन एवं समान प्रकृतिका कार्यक्रमहरू सञ्चालन गर्न एकापसमा सामञ्जस्यको अभाव छ । स्तरीय खेल प्रशिक्षणमा कमी, खेलमा व्यावसायिकता कमी र खेलाडीको भविष्यको अनिश्चितताका कारण खेल क्षेत्रमा आशातित सफलता हासिल गर्न सकिएको छैन । स्थानीय तहमा रोजगारीका अवसरहरु सिर्जना गर्नु, उपलब्ध रोजगारीका अवसरहरुमा युवा आकर्षण वढाउनु, युवा वर्गलाई कुलतबाट जोगाउनु, खेलकुदका लागि न्युनतम पुर्वाधारको व्यवस्था गर्नु, खेलाडीको मनोवल उच्च बनाउनु चुनौतिका रुपमा रहेको छ ।

### ४.५.३ सोच

युवाको सर्वाङ्गीण विकास लालझाडी गाउँपालिका निर्माणको प्रमुख आधार

### ४.५.४ उद्देश्य

- युवाको दक्षता, उद्यमशीलता र अन्वेषणात्मक क्षमताको विकास गर्दै आर्थिक सामाजिक विकासमा युवा सहभागिता अभिवृद्दि गर्नु
- युवालाई सर्वाङ्गीण राष्ट्र निर्माणको संवाहक बनाउनु
- खेल पूर्वाधारको विकास तथा विस्तार गर्नु
- खेलाडी तथा खेलकुद प्रतियोगितालाई गनात्मक बनाउनु
- स्काउटको सुदृढीकरण तथा विस्तार गर्नु

### ४.५.५ रणनीति

- युवा स्वरोजगारका लागि तालिम तथा अवसरको सृजना गर्ने
- गाउँस्तरीय तथा वडास्तरीय खेल मैदानको ब्यवस्था गर्ने
- नियमित खलकुद प्रतियोगिताका लागि निजि क्षेत्र र संघसंस्थाहरुसँग समन्वय गर्ने
- संघीय तथा प्रदेश सरकार र गैर सरकारि संस्थासँग समन्वय र सहकार्य गरी खेलकुदका पूर्वाधार निर्माण गर्ने
- खेल प्रशिक्षकको ब्यवस्था गर्ने

### ४.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ ।

| सूचक | एकाइ | गत आ.ब. सम्मको उपलब्धि | चालु आ.ब.को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२-८३ | २०८३-८४ | २०८४-८५ |
| स्थानीय रुपमा रोजगार युवा | प्रतिशत | ६२ | ६५ | ७० | ७५ | ७८ |
| प्राविधिक र व्यावसायिक तालिम | संख्या | १०० | १०० | १५० | २०० | २५० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| प्राप्त युवा तथा वयस्य (वार्षिक) | | | | | | |
| युवाक्लब, संजाल तथा संस्था | संख्या | १६ | १७ | १८ | २२ | २५ |
| दुव्र्यसनी न्यूनीकरणका लागि युवा परामर्श तथा कार्यक्रम | संख्या | ३ | ४ | ४ | ५ | ६ |
| कभर्ड हल र स्तरीय खेलकुद मैदान | संख्या | ० | ० | ० | १ | १ |
| आयोजना हुने खेलकुद प्रतियोगिता बार्षिक | संख्या | १० | ११ | १२ | १४ | १४ |

### ४.५.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा युवा, खेलकुद तथा नवप्रवर्त्तन उप–क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ।

| आ. ब. | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजिगत | बित्तिय ब्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२-८३ | ९६९२ | ५२१९ | ४४७३ | ० | २२५५ | ६८९७ | ५४० | ० |
| २०८३-८४ | १०५३७ | ५४८१ | ५०५६ | ० | २३८० | ७४४७ | ७१० | ० |
| २०८४-८५ | १२७७७ | ५७५५ | ७०२२ | ० | २६१८ | ९१९२ | ९६७ | ० |

### ४.५.८ कार्यक्रम तथा आयोजनाको संक्षिप्त बिवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ।

| क्र. स. | आयोजना/कार्यक्रम | उद्देश्य | अवधि | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | कभर्ड हल तथा खेलकुद मैदान निर्माण | युवाहरुको सर्वांगिण विकासमा सहयोग गर्ने | २०८२-८०८४ | ५०००० | एउटा स्तरिय खेल मैदान र कभर्ड हल |
| २ | युवा सृजनशिलता विकास कार्यक्रम | युवाहरुमा सीप प्रदान गरी | सालबसाली | ३००० | प्रत्येक वडामा युवा परिषद गठन भई करिब |

| | | | | | |
|---|---|---|---|---|---|
| | | स्वरोगारीमा अभिवृद्धि गर्नु | | | ५०० युवा संगठित भई स्वाबलम्बी सीपको विकास हुनेछ |
| ३ | खेलकुद पूर्वाधार विकास तथा प्रवद्र्धन कार्यक्रम | खेल प्रतिभाको विकास गरी स्वस्थ मानव संशाधन विकास गर्नु | सालबसाली | ३००० | करिब ८०० युवाहरुमा खेल प्रतिभाको विकास हुनेछ। |

### ४.५.९ जोखिम तथा अनुमान

युवा तथा खेलकुद सम्बन्धी कार्यक्रमका लागि बजेटको यथोचित व्यवस्था, यससँग सम्बन्धित निकायको संस्थागत विकास, जनशक्ति व्यवस्थापन र खेलाडीलाई प्रोत्साहन नभएमा अपेक्षित उपलब्धि हासिल नहुने जोखिम रहन सक्छ।

## ४.६ सामाजिक सुरक्षा तथा पञ्जीकरण

### ४.६.१ पृष्ठभूमि

सामाजिक सुरक्षा नागरिकको अधिकार हो। यो गरिबी न्यूनीकरण र मानव सुरक्षाको महत्वपूर्ण साधन हो। मुलुकको समावेशी विकास गर्न र दिगो विकास लक्ष्यका प्रमुख नतिजाहरूको प्राप्तिमा सहयोग पु¥याउन सामाजिक सुरक्षाले महत्वपूर्ण योगदान गर्दछ। आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, विपन्न एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफं ै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिक, दलित, बालबालिका आदिलाई लक्षित गरी स्वास्थ्य उपचार सेवा, दिवा खाजा, छात्रवृत्ति, तालिम, रोजगारीलगायतका सामाजिक सुरक्षाका कार्यक्रमहरू कार्यान्वयनमा छन्। आर्थिक, सामाजिक, शैक्षिक तथा साँस्कृतिक सशक्तिकरण गर्दै नगर विकासमा सबै नागरिकको समान सहभागिता गराउन उनीहरूलाई थप प्रोत्साहन गर्नुपर्ने देखिन्छ।

सामाजिक सुरक्षाले विशेष आवश्यकतामा रहेका, विशेष सहयोग र सम्मानको आवश्यकता पर्ने नागरिकहरुको अधिकारको सम्मान गर्दछ। दिगो विकासका लक्ष्यहरु अन्तरगत लक्ष्य नं ३ मा आरोग्यता तथा कल्याण, लक्ष्य नं ४ मा गुणस्तरिय शिक्षा, लक्ष्य नं ५ लैंङ्गिक समानता, लक्ष्य नं ८ मा मर्यादित काम तथा आर्थिक वृद्धि, लक्ष्य नं १० मा असमानतामा न्यूनिकरण, लक्ष्य नं १६ मा शान्ति, न्याय र सक्षम निकायहरुसँग सम्वन्धित लक्ष्यहरु सामाजिक सुरक्षासँग सम्वन्धित छन्। सामाजिक सुरक्षाको क्षेत्रमा यस गाउँपालिकाले संघीय सरकारबाट प्राप्त बजेटबाहेक केहि अत्यन्त गरिबीको रेखामुनिका परिवारजनलाई सहयोग गर्ने नीति लिँदै आएको छ। हिले सम्म यस गाउँपालिकाका ३० अनाथ बालबालिकाहरुलाई बार्षिक रु. १२००० प्रदान गरिँदै एको छ भने समय समयमा गरिब बिद्यार्थिहरुलाई पोषाक, स्टेशनरी सामान बितरण हुँदै आएको छ। त्यसैगरी समुदायमा कम्बल, अपाङ्गका लागी सामाग्रीहरु पनि बितरण गर्ने गरिएको छ।

### ४.६.२ समस्या तथा चुनौति

संविधानमै नागरिकको पहिचानको अधिकारलाई सुनिश्चित गरिएको भएतापनि विशेषगरी जन्मदर्ताको समस्या अझै पनि रहेको छ। तोकिएको समयमा पंजीकरणको काम नगरी जहिले आवश्यक पर्दछ त्यहि बेला मात्र पंजीकरणका

लागि धाउने अवस्था अभ्यासमा छ। सामाजिक सुरक्षा भत्ता घर दैलो सम्म पर्युने गाउँपालिकाको नीति भएता पनि समयमै पुर्यादने चुनौती कायम छ।

### ४.६.३ सोच

आधारभूत सामाजिक संरक्षणका सेवा सुविधाहरूमा सबै नागरिकहरूको पहुँचबाट समतामूलक समाज निर्माण

### ४.६.४ उद्देश्य

- सामाजिक संरक्षणका कार्यक्रमहरूलाई दोहोरो नपर्ने गरी समाजका विपन्न र जोखिममा रहेका जनसमुदायको पहुँच सुनिश्चित गर्नु।
- सामाजिक संरक्षणका सेवा सुविधाहरू समयमै घर घर सम्म पुर्याउनु
- पञ्जीकरणलाई मौलिक हको रुपमा लिइ अनिवार्य तथा सहज बनाउनु

### ४.६.५ रणनीति

- सामाजिक सुरक्षा प्रणाली अन्तरगत रहेका कार्यक्रमहरुको पूर्ण रुपमा कार्यान्वयनमा ल्याउने।
- सामाजिक सुरक्षाका क्षेत्रमा छरितो नियमनकारी संरचनाको विकास गर्ने।
- सामाजिक संरक्षणका सेवा सुविधाहरू समयमै घर घर सम्म पुर्याउने
- पञ्जीकरणका कार्यहरुलाई अनिवार्य गरी सबैको लागि सहज र सुलभ बनाउने

### ४.६.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ।

| सूचक | एकाइ | गत आ.ब. सम्मको उपलब्धि | चालु आ.ब.को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२-८३ | २०८३-८४ | २०८४-८५ |
| ५ वर्ष मुनीका बालबालिकाको जन्मदर्ता | प्रतिशत | ९२ | ९४ | ९५ | ९७ | ९९ |
| सामाजिक सुरक्षामा आवद्ध जनसंख्या | संख्या | २६७० | २६९० | २७०० | २७४० | २८०० |
| गाउँपालिकाको आफ्नै बजेटबाट सामाजिक सुरक्षामा आवद्ध जनसंख्या | संख्या | - | - | - | १० | १० |

### ४.६.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा सामाजिक सुरक्षा तथा पञ्जीकरण उप–क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ।

| आ. ब. | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजिगत | बित्तिय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२-८३ | ३९५५ | २१३२ | १८२३ | ० | ५०० | २५५५ | ९०० | ० |
| २०८३-८४ | ४२१७ | २१९५ | २०२२ | ० | ५७५ | २६९२ | ९५० | ० |
| २०८४-८५ | ४४४८ | २३०४ | २१४४ | ० | ६३३ | २७७१ | १०४५ | ० |

### ४.६.८ कार्यक्रम तथा आयोजनाको संक्षिप्त बिवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ।

| क्र. स. | आयोजना/कार्यक्रम | उद्देश्य | अवधि | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सामाजिक सुरक्षा कार्यक्रम | कल्याणकारी सेवा प्रदान गर्नु | सालबसाली | ५००० | लक्षित बर्गका ५०० ब्यक्ति लाभान्वित हुनेछन् । |

### ४.६.९ जोखिम तथा अनुमान

सामाजिक सुरक्षा कार्यक्रममा प्राथमिकताका साथ बजेट विनियोजन, व्यवहारिक कार्यक्रम तथा नीतिगत परिवर्तन, यस क्षेत्रसँग सम्बन्धित निकाय तथा संरचनाको क्षमता विकास तथा क्रियाशिलता नभएमा अपेक्षित नतिजा प्राप्त नहुने जोखिम रहन सक्दछ।

# परिच्छेद ५: पूर्वाधार क्षेत्र

## ५.१ भवन, आवास तथा बस्ती विकास

### ५.१.१ पृष्ठभूमि

लालझाडी गाउँपालिकाका अधिकांश जमिन समथर र सडक (कच्ची) तथा विद्युत जस्ता पूर्वाधारको विकास भएकाले आवास र बस्ती विकासका लागि यो क्षेत्र उपयुक्त रहेको छ। तर सडक संजालको चित व्यवस्था नहुँदा वरिपरिका अन्य स्थानीय निकायहरुमा जस्तो बस्ती विकास हुन सकेको छैन। साथै अन्य पालिकाहरुमा जस्तो अब्यवस्थित भूमि खण्डीकरण गरी जग्गा प्लटिङ गर्ने कार्य पनि भएको देखिदैन।समयमै उपयुक्त भू-उपयोग योजना बनाई उचित कार्यान्वयन गर्न सकेको खण्डमा रमणीय थारु बस्तीहरु लगायत अन्य समुदायलाई पनि उचित लाभ मिल्ने निश्चित छ।

यस गाउँपालिकामा अधिकांश घरहरु  काठ तथा माटोले बनेका पाइन्छन्। करिब ३ चौथाई घरहरु काठ र माटोले बनेका छन् भने पक्कि घरहरु ५% मात्र रहेका छन्। ६०% भन्दा बढी घरहरुमा टाइलको छाना प्रयोग भएको पाइन्छ भने १७% घरहरुमा जस्ताको छाना प्रयोग गरिएको छ। यहाँ आरसिसि छाना हुने घरहरु १२% जति रहेकाछन्  भने खर तथा नलको छाना हुने घरहरु ७% छन्।

### ५.१.२ समस्या तथा चुनौति

आवास निर्माणमा मापदण्डको कार्यान्वयन नहुनु तथा कृषियोग्य जमिनमा आवास निर्माण समस्याको रुपमा रहेको छ। बजार तथा वस्ती क्षेत्रमा खानेपानी, फोहोरमैला तथा ढलनिकासको व्यवस्थापन कमजोर, बढ्दो प्रदूषणका कारण वातावरणीय असन्तुलन हुनु, शहर विकास तथा निर्माणमा विपद् व्यवस्थापनको अवधारणा स्थापित नहुनु, शहरी सुविधाहरुको उपलब्धता नहुनु यस क्षेत्रका थप समस्या हुन्। त्यस्ता भूमिहिन वर्ग सुकुम्बासी परिवारहरूको समुचित व्यवस्थापन तथा सूरक्षित आवासका एकीकृत योजना निर्माण गरी व्यवस्थित गर्नु एक चुनौती रहेको छ।

### ५.१.३ सोच

समुदायको सहभागितामा सबैका लागि सुरक्षित र व्यवस्थित आवासको व्यवस्था

### ५.१.४ उद्देश्य

- ब्यवस्थित वस्ती बसाल्नु
- बिभिन्न आवश्यकीय पूर्वाधारहरुको समुचित विकास गर्नु
- मानिसका आधारभूत आवश्यकताहरुको परिपूर्ति गर्नु

### ५.१.५ रणनीति

- सडक, नाली, पार्किङ स्थल, सार्वजनिक शौचालय, सटर, संकलन तथा बिक्रि केन्द्र, हरियाली क्षेत्र र खुल्ला स्थान सहित बजार केन्द्र ब्यवस्थित गर्ने
- हरियाली तथा मनोरञ्जन पार्क सहित निर्माण गर्ने
- सामुदायिक भवन सहित सुरक्षित आश्रयस्थल निर्माण गर्ने
- एकिकृत सेवा प्रवाह सहितको गाउँ कार्यपालिका र वडा कार्यालय भवनहरु निर्माण गर्ने

- गाउँ-वस्तीमा पार्क र सुरक्षित खुल्ला क्षेत्रको ब्यवस्था गर्ने
- प्राविधिक, निर्माण ब्यवसायि र सिकर्मी, डकर्मीकालागि भूकम्प प्रतिरोधी प्रविधि तथा निर्माण सम्बन्धि तालिम प्रदान गर्ने
- नक्सा पास, भूकम्प प्रतिरोधी निर्माण, सडक अधिकार क्षेत्र र मापदण्ड बारे सचेतना कार्यक्रम संचालन गर्ने

### ५.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ।

| सूचक | एकाइ | गत आ.ब. सम्मको उपलब्धि | चालु आ.ब.को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२-८३ | २०८३-८४ | २०८४-८५ |
| भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका आवास घर | प्रतिशत | २० | २० | २२ | २५ | ३० |
| भूकम्प प्रतिरोधी भवन निर्माण संबन्धी दक्ष व्यक्ति | संख्या | ५० | ६० | ८० | १०० | ११० |
| गरिब बस्तीहरू र अवैध जमिनमा बसोबास गर्ने जनसंख्या (हजारमा) | संख्या | १० | १० | ८ | ७ | ५ |
| मापदण्ड अनुसार निर्माण भएका कार्यालय, विद्यालय तथा स्वास्थ्य भवन | प्रतिशत | ५० | ५० | ५५ | ५५ | ५७ |

### ५.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा भवन, आवास तथा बस्ती विकास उप–क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ।

| आ. ब. | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजिगत | बित्तिय ब्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २०८२-८३ | ७९१११ | ४३०७१ | ३६०४० | ० | ३१०० | ७२४११ | ३६०० | ० |
| २०८३-८४ | ८७४७९ | ४५९०६ | ४१५७३ | ० | ४४०० | ७९४३९ | ३६४० | ० |
| २०८४-८५ | ९२५७० | ४८५०२ | ४४०६८ | ० | ४८४० | ८३७२६ | ४००४ | ० |

### ५.१.८ कार्यक्रम तथा आयोजनाको संक्षिप्त बिवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ।

| क्र. स. | आयोजना/कार्यक्रम | उद्देश्य | अवधि | कुल लागत (रु. हजार) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | गाउँपालिका भवन | गाउँपालिकाको सेवा प्रवाह सहज गराउने | २०८१-८०८२ | ५०००० | भवन निर्माण भएको हुने |
| २ | आयुर्वेदिक आस्पताल भवन | गाउँपालिकाको स्वास्थ्य सेवा सहज गराउने | २०८१-२०८३ | ३१५०० | भवन निर्माण भएको हुने |

### ५.१.९ जोखिम तथा अनुमान

उपयोग, आवास, वस्ती विकास तथा भवन निर्माण सम्बन्धी मापदण्डको परिपालनामा अभिवृद्धि हुनेछ। भूस्वरुपमा परिवर्तन हुने, शहरीकरणका कारण फोहोरमैलाको विसर्जन र वातावरणीय ह्रासमा वृद्धि भई बजार क्षेत्रको सुन्दरता, हरियाली र स्वच्छतामा ह्रास आउने जोखिम रहेकोछ ।जोखिमयुक्त क्षेत्रको नक्साङ्कन भई सुरक्षित स्थानमा स्थानान्तरणको योजना तयार भएको हुने, सुरक्षित भवन निर्माण आचारसंहिता कार्यान्वयन हुने, बहुसरोकारवाला निकायको सहभागितामा लक्षित वर्गको लागि सुरक्षित आवास निर्माण हुने, गाउँपालिका भित्र अपाङ्गमैत्री सार्वजनिक र संस्थागत भवन निर्माण हुन सकेमा सुरक्षित आवास र बस्ती निर्माण हुने देखिन्छ। स्थानीय निर्माण सामाग्रीको प्रयोगलाई प्रोत्साहन गर्न नसकेमा, भवन निर्माण सम्बन्धी मौलिकताको संरक्षण र भवन निर्माण आचार संहिता कडाईका साथ कार्यान्वयन हुन नसकेमा सुरक्षित आवास निर्माणको लक्ष्य प्राप्ति चुनौतीपुर्ण हुन्छ।

## ५.२ सडक, पुल तथा यातायात

### ५.२.१ पृष्ठभूमि

मुलुकको आर्थिक–सामाजिक विकासलाई गतिशील प्रदान गरी सर्वाङ्गीण विकासमा टेवा पु¥याउन सडक यातायातको महत्वपूर्ण योगदान रहन्छ । दिगो विकास लक्ष्य ९ ले उद्योग, नविन खोज र पूर्वाधार अन्तरगत उत्थानशिल पूर्वाधारको निर्माण, समावेशी र दिगो औधोगिकीकरणको प्रवद्र्धन र नवीन खोजलाई प्रोत्साहन गर्ने लक्ष्य रहेको छ। नेपालको संविधानले निर्दिष्ट गरे बमोजिम तहगत सरकारको अधिनमा रहन जाने सडक सञ्जालको विकास तथा विस्तारको जिम्मेवारी सम्बन्धित सरकारको मातहतमा रहने व्यवस्था गरेको छ। विगतका विकासका प्रयासहरुले सडक यातायातलाई उच्च प्राथमिकतामा राख्दै आएता पनि तुलनात्मक रुपमा यस क्षेत्रको विकास सन्तोष जनक पाईदैन। कन्चनपुर जिल्लाकै दुर्गम स्थानीय निकायको रुपमा रहेको लालझाडी गाउँपालिकामा सडक पूर्वाधारको अवस्था नाजुक रहेको छ। वडा नं ५ र १ का केहि बाहेक अन्य सबै सडकहरु कच्चि छन्। बिगतका

केहि बर्षमा धैरै कच्चि सडकहरु नयाँ बनेको भएता पनि बर्षाको समयमा यि सडक संचालनमा समस्या हुने गरेको पाईन्छ। गाउँपालिका भित्र प्रायः सबै वस्तीहरुमा कच्चि सडकको संजाल पुगिसकेको छ। यस गाउँपालिका क्षेत्रभित्र कुनैपनि मुख्य राजमार्ग तथा सहायक सडक नपर्ने कारणले पनि यो क्षेत्र सडकको पहुँचमा पछाडि परेको देखिन्छ। यस गाउँपालिकाको नजिक दक्षिणमा रहेको हुलाकि राजमार्ग तथा उत्तरमा रहेको पूर्व-पश्चिम राजमार्ग सँग स्तरीय सडक संचालन हुन सके यस  गाउँपालिकाका अन्य सडक विस्तारमा पनि सहजता हुने अवस्था रहेको छ। यस गाउँपालिकाको पूर्वमा लालझाडी संरक्षित वन तथा अन्य दिशामा दोदा नदिले गर्दा सडक संजाल विस्तारमा कठिनाई हुने गरेको छ।

यस गाउँपालिकाको मुख्य जलाधार दोदा नदिमा धैरै पुलहरु निर्माण गर्नु पर्ने छ भने ति मध्ये केहि निर्माणको क्रममा र केहि निर्माण सम्पन्न भइ संचालनको क्रमामा रहेका छन्। यस गाउँपालिकाको सडक संजाललाई मुख्य राजमार्गहरुसँग जोड्ने कार्यलाई प्राथमिकतामा राखी पुलहरुको निर्माण गरिएको छ। यस गाउँपालिकामा भरपर्दो सार्वजनिक यातायातको ब्यवस्था हुन सकेको छैन। प्रायः मानिसहरुले साइकल तथा मोटरसाइकल प्रयोग गरेको पाइन्छ भने सामान ओसारपसारको लागि गोरुगाडा, लडिया आदि प्रयोग गर्ने गरिएको छ आजकाल सामान ढुवानिको लागि। ट्रयाक्टरको प्रयोग बढ्दो क्रममा रहेको छ।

### ५.२.२ समस्या तथा चुनौति

संभावित डुबान तहभन्दा माथि भरान गरेर सडक निर्माण गर्नु पर्ने भएकोले लागत बढ्ने साथै सडक, पुल जस्ता पूर्वाधारको निर्माणमा गाउँपालिकाको बजेट अपुग हुने हुँदा सडक तथा पुलजस्ता आधारभूत पूर्वाधार निर्माणमा समस्या भएको छ। बजार र आवास क्षेत्रमा निर्माण भएका सडकहरूमा ढल, नाली तथा फोहोरमैलाको व्यवस्थापनमा कमी रहेको छ। यस क्षेत्रका पक्की, ग्राभेल र कच्ची सडकहरूमा विभिन्न स्थानमा खाल्डाखुल्डी रहेको र आवश्यक स्थानहरूमा पुल तथा कल्भर्टको व्यवस्था हुन नसकेको देखिन्छ। सडक निर्माण तथा यातायात सञ्चालनमा वातावरणीय पक्ष, गुणस्तर र मापदण्डको पालना हुन सकेको छैन। वातावरणीय संरक्षणको उपाय अवलम्बन र आर्थिक तथा सामाजिक विश्लेषणबिना सडक निर्माण गर्ने क्रम बढ्दै गइरहेको छ।

### ५.२.३ सोच

सहज, सुरक्षित र भरपर्दो सडक तथा यातायात सेवाको सुनिश्चितता

### ५.२.४ उद्देश्य

- गाउँपालिका भित्र दिगो सडक संजालको ब्यवस्था गरी यस गाउँपालिका भित्रका मानिसहरुमा सद्यमशिलता विकास गर्नु
- उत्पादित वस्तुहरु सहज रुपमा बाहिर लैजाने र आवश्यक वस्तुहरु भित्र्याउन कठीन नहुने अवस्थाको सिर्जना गर्नु
- यस क्षेत्रको पर्यटन प्रवर्धनमा टेवा पुर्याउनु

### ५.२.५ रणनीति

- बिद्यमान सडकलाई स्तरोन्नती तथा सडक सुबिधा नपुगेको स्थानमा सडक पूर्वाधारको विस्तार गर्ने
- सडक गुरुयोजनामा आधारित भई सडक सञ्जालको विकास र विस्तार र स्तरोन्नति गर्ने।

- सडक मापदण्ड निर्धारण गरी भौगोलिक सूचना प्रणालीको प्रयोगद्धारा सडकको रेखाङ्कन, नक्साङ्कन र नामाकरण गर्ने ।
- कृषि, उद्योग र पर्यटन तथा सामाजिक सेवा तथा सुबिधालाई सहज र सुलभ हुने गरी गुणस्तरीय र वातावरणमैत्री र विपद्उत्थानशिल सडक तथा सहायक पूर्वाधारको विकास र विस्तार गर्ने ।
- पूर्वाधार निर्माणका लागि विकास साझेदारहरू, संघीय, प्रदेश तथा अन्य स्थानीय सरकारसँग समन्वय तथा सहकार्य गर्ने ।
- सडक सुविधाको स्तरीयताका लागि बिश्वसनीय सहायक पूर्वाधारहरु(पुल, कल्भर्ट, कजवे, नाली आदि) को निर्माण गर्ने ।

### ५.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ ।

| सूचक | एकाइ | गत आ.ब. सम्मको उपलब्धि | चालु आ.ब.को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२-८३ | २०८३-८४ | २०८४-८५ |
| १२ महिना सञ्चालन हुने सडकको २ कि.मि. वरपर बसोबास गर्ने जनसंख्याको अनुपात | प्रतिशत | २० | ४० | ५० | ७० | ८० |
| कालोपत्रे सडक | कि.मि. | १२ | १५ | २० | ३० | ४० |
| ग्राभेल सडक | कि.मि. | १६० | १६५ | १७० | १८० | १८५ |
| कच्चि सडक | कि.मि. | ५१ | ५५ | ६० | ६० | ५५ |
| पक्कि पुल | संख्या | ३ | ३ | ३ | ५ | ६ |
| ३० मिनेट भित्र सार्वजनिक यातायातको पहुँचमा भएको जनसंख्या | प्रतिशत | ३० | ३० | ४० | ५० | ६० |

### ५.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा सडक, पुल तथा यातायात उप–क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ ।

| आ. ब. | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजिगत | बित्तिय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२-८३ | १३०९०६ | ७०५५० | ६०३५६ | ० | १०५०० | ११७१०६ | ३३०० | ० |
| २०८३-८४ | १३४४१४ | ६६१५५ | ६८२५९ | ० | १०५०० | १२०४६४ | ३४५० | 0 |
| २०८४-८५ | १४१८१७ | ६९४६३ | ७२३५४ | ० | ११५५० | १२६४७२ | ३७९५ | ० |

### ५.२.८ कार्यक्रम तथा आयोजनाको संक्षिप्त बिवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ।

| क्र. स. | आयोजना/कार्यक्रम | उद्देश्य | अवधि | कुल लागत (रु. हजार) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | वडा नं. २ रिङ रोड | | २०८१-८०८३ | ८०००० | |
| २ | सडक मर्मत तथा स्तरोन्नति | | सालबसाली | ४०००० | |

### ५.२.९ जोखिम तथा अनुमान

सडक, पुल तथा यातायात जस्ता धेरै बजेट माग हुने कार्यक्रमहरुमा संघीय, प्रदेश तथा अन्य सरोकारालाहरुको सहयोग रहनेछ। संघीय शासन प्रणाली अनुसार तीन तह बीच नीति, कार्यक्रम बीच सामाञ्जस्यता, समन्वय र सहकार्यमा आयोजना कार्यक्रम छनौट र कार्यान्वयन हुनेछ। नगर गौरव, रुपान्तरणकारी, विस्तृत आयोजना प्रस्ताव तयार भएका, क्रमागत, वहुवर्षीय, कार्यान्वयनका लागि तयार भएका आयोजना तथा कार्यक्रम प्रस्तावित भए अनुसार बजेट विनियोजन भई खरिद प्रक्रिया अनुसार आयोजना कार्यक्रम कार्यान्वयन हुनेछन्। संभाव्यता तथा वातावरणीय अध्ययन भएका आयोजना तथा कार्यक्रमलाई प्राथमिकता, उपभोक्ता तथा सरोकारवालाको सहभागितामा आयोजना व्यवस्थापन गर्न नसकिएमा अपेक्षित नतिजा हासिल हुने जोखिम रहन्छ।

## ५.३ जलस्रोत, विद्युत् तथा स्वच्छ ऊर्जा

### ५.३.१ पृष्ठभूमि

भूमिगत पानि यस गाउँपालिकाको प्रमुख जलस्रोतको रुपमा रहेको छ भने यहाँको प्रमुख खोलानालामा दोदा नदि पर्दछ। अन्य साना खोलानालाहरु भएतापनि बाह्रै महिना पानि बगेको पाइदैन। यहाँ केहि ताल, तलैया तथा सिमसार क्षेत्रहरु रहेका छन्। ९५% भन्दा बढी मानिसहरु भूमिगत जलस्रोतकै भर परेको पाइन्छ। गाउँपालिकाका सबै क्षेत्रमा विद्युतको पहुँच पुगेको भएता पनि बिश्वसनीय तथा गुणस्तरीय सेवा पुर्याउनु जरुरि देखिन्छ। यहाँ खाना पकाउनको

लागि ९०% भन्दा बढी घरमा दाउराको प्रयोग भएको पाइन्छ भने ६% ले ग्याँस, ०.३% ले बिजुली, ०.१ प्रतिशतले गुइठा, १.६% ले बायोग्याँस प्रयोग गर्ने गरेको पाइन्छ। यहाँ सुधारिएको चुलो प्रयोग गर्ने परिवार २% रहेका छन्। पछिल्ला दिनमा खाना पकाउने उर्जाको श्रोतका रुपमा दाउराको उपयोगमा कमी आएको छ भने आयातित उर्जामा निर्भरता बढेको र खाना पकाउने उर्जाको प्रमुख श्रोतमा एलपी ग्यास, दाउरा तथा वायो ग्यास रहेको छ गाउँपालिकाले परम्परागत उर्जामा निर्भर परिवारलाई अनुदान सहितको बैकल्पिक उर्जाको प्रयोगमा प्रोत्साहन गरिरहेको छ।

### ५.३.२ समस्या तथा चुनौति

बोरिङ गरेका ठाउँहरुमा पानीको दुरुपयोग हुनु र प्रशस्त लगानीमा खनिएको बोरिङ सञ्चालनमा आउन नसक्नु समस्याका रुपमा रहेको छ। पानीको मुहान आबस्यकता अनुसार नभएकोले पिउने पानी, सिँचाई सुबिधा उपलब्ध गराउनु चुनौतिपूर्ण रहेको छ। भूमिगत जलको अधिक उपयोगका कारण सतह घटदै जानु, एलपी ग्यासमा बढ्दो निर्भरता तथा विद्युत्को नियमित आपूर्तिमा कमी, ऊर्जाको उपयोग प्रवद्र्धनका लागि जनचेतना अभिवृद्धि र प्रोत्साहन, वैकल्पिक उर्जाको विस्तार गर्न नसक्नु चुनौतिका रुपमा रहेको छ।

### ५.३.३ सोच

पूर्ण विद्युतिकरण, जलस्रोतको वहुउपयोग र नविकरणीय उर्जाको प्रवद्र्धन।

### ५.३.४ उद्देश्य

- स्वच्छ र नविकरणीय ऊर्जाको अध्ययन गरी गाउँपालिका स्तरमा ऊर्जाको उत्पादन बढाउनु
- बिद्युत लाइन विस्तार हुन बाँकि ठाउँहरुमा बिद्युत लाइन विस्तार गरी स्थानीय लघुउद्यम विकासमा टेवा पुर्याउनु
- ऊर्जा विकासका संभावनाहरुको निर्माण प्रकृयाहरुमा जोड दिई रोजगारिका अवसरहरु सिर्जना गर्नु

### ५.३.५ रणनीति

- बैकल्पिक ऊर्जा प्रवर्धन तथा विस्तारका लागि सचेतना कार्यक्रम संचालन तथा प्रोत्साहन अनुदान प्रदान गर्ने
- नविकरणीय ऊर्जाको उत्पादन र उपयोगमा वृद्दि गर्ने

### ५.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ।

| सूचक | एकाइ | गत आ.ब. सम्मको उपलब्धि | चालु आ.ब.को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२-८३ | २०८३-८४ | २०८४-८५ |
| खाना पकाउन ऊर्जाको प्राथमिक स्रोतका रूपमा दाउरा प्रयोग गर्ने परिवार | प्रतिशत | ९० | ८८ | ८५ | ८० | ७२ |

| सूचक | एकाइ | गत आ.ब. सम्मको उपलब्धि | चालु आ.ब.को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२-८३ | २०८३-८४ | २०८४-८५ |
| सुधारिएको वा धुवारहित चुल्हो जडान भएका परिवार | प्रतिशत | २ | ३ | ५ | १० | २० |
| खाना पकाउन र पानी तताउन एलपी ग्यास प्रयोग गर्ने घरपरिवार | प्रतिशत | ६ | ७ | ८ | १० | १५ |
| खाना पकाउन र पानी तताउन बिद्युत प्रयोग गर्ने घरपरिवार | प्रतिशत | ०.३ | ०.५ | ५ | १२ | २० |
| बायोग्यास तथा गोबर ग्यास उत्पादन गर्ने परिवार | संख्या | २०० | २०० | २५० | ३०० | ४०० |
| गाउँपालिकामा सोलार जडान गरिएका परिवार | प्रतिशत | ०.५ | ०.५ | ०.७ | १ | १.३ |

### ५.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा जलस्रोत, विद्युत् तथा स्वच्छ ऊर्जा उप–क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ।

| आ. ब. | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजिगत | बित्तिय ब्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२-८३ | ५३७८ | २८९८ | २४८० | ० | १५०० | ३८७८ | ० | ० |
| २०८३-८४ | ५२६९ | २७४१ | २५२८ | ० | १७८० | ३४८९ | ० | ० |
| २०८४-८५ | ७२२३ | ३१७८ | ४०४५ | ० | १९५८ | ५२६५ | ० | ० |

### ५.३.८ कार्यक्रम तथा आयोजनाको संक्षिप्त बिवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ।

| क्र. स. | आयोजना/कार्यक्रम | उद्देश्य | अवधि | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | सडक सौर्य बत्ति जडान | बस्ति विचका सडकमा सोलार बत्ति जोड्ने | सालबसाली | १५०० | मुख्य वस्तिहरुको सडकमा सौर्य बत्ति जडान भएको हुने |
| २ | बायोग्यास प्रवर्धन कार्यक्रम | नविकरणीय ऊर्जाको प्रयोगलाइ प्रोत्साहन गर्ने | सालबसाली | १५०० | थप २०० घरमा बायोग्यास जडान हुने |

### ५.३.९ जोखिम तथा अनुमान

गुणस्तरीय बिद्युत, नविकरणीय ऊर्जाको प्रयोगमा वृद्दि भएको हुनेछ । गुणस्तरीय बिद्युत र नविकरणीय ऊर्जामार्फत गाउँपालिकास्तरमा रोजगारिको सिर्जना भई यस गाउँपालिकाको मानव विकास सूचकाङ्कमा सुधार हुने अपेक्षा गरिएको छ । जलवायु परिवर्तनको असर, वातावरणीय प्रभाव र जग्गा व्यवस्थापन लगायत स्थानीय सरोकारका विषयलाई सम्बोधन भएको हुनेछ वैकल्पिक ऊर्जा लाई प्रोत्साहन अनुदानमा विस्तार, वायोग्यासको उत्पादनमा वृद्धि, शौर्य उर्जाकोउपयोग विस्तार भएको हुनेछ ।सो हुन नसकेमा योजनाको लक्ष्य तथा उद्देश्य प्राप्त नहुने जोखिम रहन सक्छ ।

## ५.४ सूचना तथा सञ्चार प्रविधि

### ५.४.१ पृष्ठभूमि

नागरिकको संविधान प्रदत्त मौलिक हकको रूपमा रहेको सूचनाको हकको संरक्षण र संवद्र्धन गर्दै आमसञ्चारलाई स्वच्छ, सक्षम, निष्पक्ष, मर्यादित, जिम्मेवार र व्यावसायिक बनाउन आवश्यक व्यवस्था गर्ने राज्यको नीति हुने संवैधानिक व्यवस्था रहेको छ । आर्थिक विकासको संवाहक एवम् उत्प्रेरकको रुपमा रहेको सञ्चार तथा प्रविधि क्षेत्रलाई मर्यादित, व्यावसायिक, सक्षम र सबल बनाउने दायित्व र जिम्मेवारी गाउँपालिकाको रहेकोछ । दिगो विकास लक्ष्यले सबैले धान्न सक्ने गरी इन्टरनेटको पहुँचमा वृद्धि गर्ने उल्लेख गरेको छ । नेपाल दूरसञ्चार कम्पनीका साथै एनसेलका टेलिफोन तथा मोबाइल सेवाको सहज पहुँच रहेको छ । करीव ८५ प्रतिशत परिवारले मोवाईल फोनको प्रयोग तथा ३० प्रतिशतले टेलिभिजनको प्रयोग गर्छन । गाउँपालिकाबासीहरुमा इन्टरनेटको उपयोग विस्तार क्रमशः भइरहेको छ । करिब १२% भन्दा बढी परिवारमा इन्टरनेटको विस्तार भइसकेको पाइन्छ । स्वास्थ्य चौकी, विद्यालयहरु, सार्वजनिक सेवा प्रदायकहरुमा सूचना प्रविधिको व्यवस्था गरिएको छ । गाउँपालिकाका सेवाहरुलाई पुर्णरुपमा कम्प्युटरकृत गर्ने प्रयास गरिएको छ ।

### ५.४.२ समस्या तथा चुनौति

आधुनिक संचार सुविधामा पहुँचको कमी, संचार माध्यमको सदुपयोगमा कमी, सूचना प्रविधि सम्बन्धि पर्याप्त ज्ञानको कमी आदि यस क्षेत्रका प्रमुख समस्याहरु  हुन् ।

सूचना तथा प्रविधिको विकासका लागि प्रर्याप्त मात्रामा अनुसन्धान र खोजमुलक कार्य , संचार क्षेत्रमा आवश्यक बजेट विनियोजन नहुन प्रमुख समस्याको रुपमा रहेको छ । संचार क्षेत्रलाई केवल मनोरञ्जनको साधनका रुपमा मात्र प्रयोग गर्नु यस क्षेत्रको अर्को समस्या हो । गाउँपालिका क्षेत्रको वस्ति स्तरसम्म दूरसञ्चार सेवाको पहुँच विस्तारसँगै गुणस्तर कायम गर्नु प्रमुख चुनौती हो ।

### ५.४.३ सोच

सूचना प्रविधिमा आधारित स्थानीय अर्थतन्त्रको निर्माण

### ५.४.४ उद्देश्य

- सूचना तथा संचारका प्रविधिहरुको विस्तार वडा तथा टोलहरुमा पुर्याउनु
- एफ. एम. तथा रेडियो स्टेसनहरुको विस्तार गर्नु
- स्थानीय स्तरबाटनै पत्रपत्रिकाहरु प्रकाशन तथा बिभिन्न जनचेतनामूलक सूचनाहरु प्रकाशन गर्नु

### ५.४.५ रणनीति

- वडा कार्यालय, स्वास्थ्य संस्था, कृषी तथा पशुसेवा केन्द्रहरु र मा. बि. हरुमा इन्टरनेट सेवा जडान गर्ने
- ब्यक्तिगत घटना दर्ता, सामाजिक सुरक्षा लगत अनलाइन प्रणालीबाट संचालन गर्ने
- प्रोफाइल योजना, जिन्सि सम्बन्धि सफ्टवेयर, डिजिटल नोटिस बोर्ड, मोबाइल एप्स तयार गरी संचालन गर्ने
- सामुदायिक एफ. एम. रेडियो स्थापना गर्ने
- सूचना प्रविधिको प्रयोग बारे पदाधिकारी तथा कर्मचारीका लागि क्षमता विकास तालिम चालन गर्ने
- पदाधिकारी तथा सेवाग्राही संवाद कार्यक्रम संचालन गर्ने

### ५.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ।

| सूचक | एकाइ | गत आ.ब. सम्मको उपलब्धि | चालु आ.ब.को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२-८३ | २०८३-८४ | २०८४-८५ |
| इन्टरनेट सेवा उपलब्ध घर परिवार | प्रतिशत | १२ | १५ | २५ | ३५ | ५० |
| डिजिटल बोर्ड रहेको सार्वजनिक स्थल | संख्या | १ | २ | ५ | १० | १५ |
| मोबाइल प्रयोगकर्ता घर परिवार | प्रतिशत | ९० | ९२ | ९३ | ९५ | १०० |
| सूचना प्रविधिमैत्री शिक्षण हुने विद्यालय | संख्या | ६ | ९ | १५ | २५ | ३० |

### ५.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा सूचना तथा सञ्चार प्रविधि उप–क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ।

| आ. ब. | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजिगत | बित्तिय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२-८३ | ६४६५ | ३४८६ | २९७९ | ० | ५१५ | ५५०० | ४५० | ० |
| २०८३-८४ | ७०२५ | ३६५४ | ३३७१ | ० | ९५० | ४८७५ | १२०० | ० |
| २०८४-८५ | ७४१० | ३८३७ | ३५७३ | ० | १०४५ | ४९५५ | १४१० | ० |

### ५.४.८ कार्यक्रम तथा आयोजनाको संक्षिप्त बिवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ।

| क्र. स. | आयोजना/कार्यक्रम | उद्देश्य | अवधि | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | विविध सफ्टवेयर संचालन | गाउँपालिकाको सेवा प्रवाहलाइ प्रविधिमैत्री बनाउने | सालबसाली | २००० | |

### ५.४.९ जोखिम तथा अनुमान

उपलब्ध प्रविधिको उपयोग, बजेटको सुनिश्चिता, दक्ष मानव संशाधन उपलब्ध भएमा उल्लिखित उपलब्धि हासिल हुनेछ। सो हुन नसकेमा योजनाको लक्ष्य तथा उद्देश्य प्राप्त नहुने जोखिम रहन सक्छ।

# परिच्छेद ६: वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र

यस परिच्छेद अन्तर्गत वन भूसंरक्षण तथा जैविक विविधता, वातावरण तथा फोहोरमैला व्यवस्थापन र विपद् जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलन लगायतका उप–क्षेत्रहरुको पृष्ठभूमि, समस्या तथा चूनौति, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएको छ।

## ६.१ वन, भूसंरक्षण तथा जैविक विविधता

### ६.१.१ पृष्ठभूमि

लालझाडी गाउँपालिकाको सबै भन्दा बढी भूभाग वनले ओगटेको छ । ९५४० हेक्टर क्षेत्रफल सहित यस गाउँपालिकाको ६२.१% भू-भागमा वन रहेको छ। यहाँ २७ वटा सामुदायिक वनले कुल वन क्षेत्रको ६.४३% क्षेत्रफल ओगटेको छ भने बाँकि ९३.५६% राष्ट्रिय वन रहेको पाइन्छ। वन तथा वन पैदावार यहाँका वासिन्दाहरुको प्रमुख जिविकोपार्जनको साधनको रुपमा रहेको छ। यहाँको वनमा बिशेष गरि साल, साँज, सिसौ जस्ता असल काठ लगायत अन्य बिभीन्न प्रजातिका रुख, बुट्यान तथा झाडीहरु पाइन्छन्। गाउँपालिकाका वासिन्दाहरुको दैनिक जीवन यापनका लागि आवश्यक दाउरा, घाँसपात तथा जडिबुटीहरु वनमार्फत उपलब्ध भइरहेको छ। यहाँका वनक्षेत्रमा बाघ, हात्ति, जरायो, चित्तल, बँदेल, बाँदर, दुम्सी लगायतका बन्यजन्तुका साथै कोइली, सुगा, मयुर, कालिज जस्ता पन्छीहरु पनि रहेको पाइन्छ।

भू तथा जलाधार संरक्षणमा तीन तहका सरकारको पहल र अग्रसरता रहेको छ। नदि किनारा संरक्षण, बाढी नियन्त्रण, जलाधार क्षेत्रको संरक्षण र पोखरीहरुको सफाई जस्ता गतिबिधि सञ्चालन भएका छन्। लालझाडी गाउँपालिकाको भू–उपयोगको अवस्था हेर्दा सबैभन्दा बढी अर्थात् ६२.१ प्रतिशत भू–भाग वन क्षेत्रले ओगटेको छ। कूल क्षेत्रको २२.९ प्रतिशत खेतोयोग्य जमिन रहेकोमा करिब ६ प्रतिशत आवास क्षेत्रका लागि उपयोग भएको छ। गाउँपालिकाले विभिन्न ठाउँमा बृक्षारोपणको कार्य पनि गर्दै आएको छ। बाढी तथा पहिरो नियन्त्रण, खोला तथा खहरे संरक्षण तथा ताल, पोखरीको संरक्षण र वैज्ञानिक व्यवस्थापन पनि नगन्य मात्रामा भएको देखिन्छ। भू-संरक्षणको क्षेत्रमा यस गाउँपालिकामा धेरै कार्यहरु गर्न आवश्यक देखेको छ। बर्षातको समयमा नदि कटान र भू-क्षय यहाँका प्रमुख समस्याहरु हुन्।मुख्य रुपमा दोदा नदिको कटानले धेरै ठाउँमा खेतियोग्य जमिन बगरमा परिणत हुने गरेको छ। जैवीक विविधताले सम्पन्न यस गाउँपालिकाका वन, सिमसार क्षेत्र, नदिनाला, खोल्सा, जलाधार, सार्वजनिक क्षेत्रहरुको पहिचान गरि संरक्षण र संवर्धन गर्न सम्पूर्ण सरोकारवालाहरु एकजुट हुनुपर्ने देखिन्छ।

### ६.१.२ समस्या तथा चुनौति

वन पैदावारको दीगो तथा बैज्ञानिक उपयोग हुन नसक्दा गाउँपालिकावासिलाई वनबाट हुनसक्ने जति फाईदा पुगेको छैन। वन, हरियाली र जैविक विविधताको संरक्षण र दिगो व्यवस्थापनमा यथोचित ध्यान पुग्न सकेको छैन। वातवरणीय स्वच्छता, प्राकृतिक स्रोत र साधनको समुचित उपयोग र संरक्षण हुन सकेको छैन। शहरीकरण तथा अतिक्रमणका कारण वन क्षेत्रको संरक्षणमा चुनौति थपिएकोछ। सामुदायिक वनहरूको संरक्षण र व्यावसायिक उपयोगका लागि कानुनी अड्चनहरू रहेको छ। जलवायु परिवर्तनका कारण यस क्षेत्रमा नदि कटान तथा डुबान जस्ता प्राकृतिक प्रकोपको प्रतिकूल असर परेको छ।स्थानीय बासिन्दाबाट आफ्नो वनको जैविक विविधता तथा पर्यावरणीय प्रणालीको सेवाबारे कम जानकारी रहेको छ। शहरीकरणलाई व्यवस्थित हुन नसक्दा वन तथा जैविक

विविधताको संरक्षणमा कठिनाइ भएको छ। दिगो र वैज्ञानिक वन व्यवस्थापन प्रणालीको अनुसरण हुन सकेको छैन । विश्वब्यापीरुपमा बढ्दै गएको जलवायु परिवर्तनको असरबाट सुरक्षित तरिकाले वन सम्पादको संरक्षण तथा वनजन्य स्रोतहरुको दिगो व्यवस्थापन अर्को चुनौतिको विषय रहेको छ।

### ६.१.३ सोच

दिगो वन, जलाधार तथा पर्यावरणमार्फत समृद्दि

### ६.१.४ उद्देश्य

- दीगो ब्यवस्थापन द्वारा वनक्षेत्रको उत्पादकत्व र वन पैदावारको उत्पादन वृद्दि गर्नु
- वनजनित कृयाकलापहरुको प्रवर्धनबाट आयआर्जन तथा रोजगारिका अवसरहरु सृजना गर्नु
- जैवीक विविधता  र स्रोतको संरक्षण लगायत वातावरणीय सेवाबाट प्राप्त हुने लाभ वृद्दि र न्यायोचित वितरण गर्नु
- जलवायू परिवर्तनका नकारात्मक प्रभाव न्यूनिकरण तथा अनुकुलन रबिपद् जोखिम न्यूनिकरणका उपाय अवलम्बन गर्दै जलस्रोत तथा भूमि संरक्षणबाट भूमिको उत्पादकत्व वृद्दि गर्न वनक्षेत्रको एकिकृत संरक्षण र ब्यवस्थापन गर्नु

### ६.१.५ रणनीति

- वनजंगल संरक्षण गर्न वन उपभोक्ता समितीलई कृयाशील गराउने
- नियमित बृक्षारोपण र वनको संरक्षणलाई ब्यवस्थित गर्ने
- जग्गा यकिन गरि वन अतिक्रमण रोक्ने
- बहुउपयोगी जातजातीको बिरुवाको लागी नर्सरी स्थापना गर्ने
- जोखिमक्षेत्र पहिचान गरी घेराबार एवं संरक्षण गर्ने
- सम्बन्धित बिज्ञबाट पहिचान गराई जडिबुटिको ब्यवसायिक खेती गर्ने
- जैवीक विविधतालाई संरक्षण गर्ने उपायको खोजी तथा कार्यान्वयन गर्ने
- जडिबुटि उत्पादन र संकलनलाई ब्यवस्थित गर्ने
- वन पैदावार र जडिबुटिको बजार प्रवर्धन गर्ने
- उपभोक्ता समितीका पदाधीकारीको लागी क्षमता विकास, लेखा ब्यवस्थापन तालिम संचालन गर्ने
- उपभोक्ताहरुलाई सिपमूलक तथा जीविकोपार्जन सम्बन्धि कार्यक्रम संचालन गर्ने

### ६.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ।

| सूचक | एकाइ | | | मध्यमकालीन लक्ष्य |
|---|---|---|---|---|

| | | गत आ.ब. सम्मको उपलब्धि | चालु आ.ब.को अनुमानित उपलब्धि | २०८२-८३ | २०८३-८४ | २०८४-८५ |
|---|---|---|---|---|---|---|
| सामुदायिक वन | संख्या | २७ | २७ | | | |
| पार्क तथा उद्यान | संख्या | ० | ० | १ | १ | १ |
| संरक्षित ताल तलैया तथा सिमसार क्षेत्र | संख्या | ० | ० | १ | २ | ४ |
| नदी नियन्त्रणका लागि गरिएको बाँध तथा स्परको क्षेत्र | बर्ग मी. | १५६० | १५६० | १८५० | २१०० | २२५० |
| नयाँ वृक्षारोपण गरिएको क्षेत्र | हेक्टर | ० | ० | ० | १ | २ |

### ६.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा वन, भूसंरक्षण तथा जैविक विविधता उप–क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ।

| आ. ब. | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजिगत | बित्तिय ब्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२-८३ | १६९३७ | ९११९ | ७८१८ | ० | १०५० | १४६८७ | १२०० | ० |
| २०८३-८४ | १७९२० | ९३२४ | ८५९६ | ० | १६६० | १५०१० | १२५० | ० |
| २०८४-८५ | १९५९१ | १०४८० | ९१११ | ० | १८२६ | १६३९० | १३७५ | ० |

### ६.१.८ कार्यक्रम तथा आयोजनाको संक्षिप्त बिवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ।

| क्र. स. | आयोजना/कार्यक्रम | उद्देश्य | अवधि | कुल लागत (रु. हजार) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | शितल चौतारी कार्यक्रम | प्रत्येक बस्तिको पायक पर्ने ठाउँमा वर पिपल तथा समीको चौतारि बनाउने | सालबसाली | २००० | कम्तिमा २० नयाँ चौतारीहरु बनेको हुने |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | सिमसार, ताल तथा पोखरी मर्मत तथा निर्माण | जलीय वातावरणको संरक्षण गरी पर्यटनको प्रवर्धन गर्ने | सालबसाली | ८००० | ताल तथा पोखरीहरुको संरक्षण भएको हुने |
| ३ | तटबन्ध निर्माण | सडक तथा बस्ति नजिक भू-क्षय रोक्ने | सालबसाली | ५००० | तटबन्ध निर्माण भएको हुने |

### ६.१.९ जोखिम तथा अनुमान

देशभित्रका सबै निकायहरुको समन्वयका साथै यस क्षेत्रको अपरिहार्यता बुझी प्राथमिकताका साथ बजेट ब्यवस्थापन हुनसकेमा यो क्षेत्रबाट उच्चतम लाभ लिनसकिने छ। संघीय संरचना अनुसारको नीतिगत, कानूनी र संरचनागत व्यवस्था, समुदाय तथा सरोकारवालाको सहभागिता, यस क्षेत्रमा श्रोत साधनको लगानीमा प्राथमिकता प्राप्त भएमा अपेक्षित उपलब्धि हासिल हुने अनुमान गरिएको छ। जलवायु परिवर्तनको असर, महामारी र अन्य विपद् जोखिममा वृद्धि, स्रोतको अनियन्त्रित दोहन र उत्खनन् तथा अनियन्त्रित निर्माण जस्ता जोखिम पक्षहरु रहेका छन्। उल्लिखित जोखिम पक्षको सम्बोधन नभएमा अपेक्षित नतिजा हासिल नहुन सक्छ।

## ६.२ वातावरण तथा फोहोरमैला व्यवस्थापन

### ६.२.१ पृष्ठभूमि

संविधानले प्रत्येक नागरिककलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक व्यवस्था गरी यसको व्यवस्थापनलाई तीनै तहका सरकारको उच्च प्राथमिकतामा राखेको छ। वातावरणीय व्यवस्थापन भनेको प्राकृतिक स्रोतहरूसँग मानवको विवेकपूर्ण संयोजन हो जहाँ कानुनी दायरा, आर्दशतम उपभोग, पर्यावरणीय सन्तुलनजस्ता आधारभूत तथ्यहरू पनि समावेश भएको हुनुपर्दछ। लालझाडी गाउँपालिकाको अधिकांश क्षेत्र वन तथा कृषी क्षेत्रको रुपमा रहेकोले यहाँको वातावरण स्वच्छ, सफा र हराभरा देखिन्छ। वायू तथा ध्वनि प्रदुषण यो क्षेत्रमा नगन्य रहेको पाइन्छ। तर निकासिको कमजोर अवस्थाले जलप्रदुषण कमजोर अवस्थामा रहेको छ। गाउँपालिकाका बिभिन्न खुल्ला क्षेत्र, सार्वजनिक स्थल, पाटी पौवा तथा चौतारीहरुले पनि यस क्षेत्रको वातावरणलाई शुद्द राख्न मद्दत पुर्याएका छन्।

पालिका क्षेत्रमा हरित पूर्वाधार विकासका ठूला आयोजनाहरु नभएता पनि बैकल्पिक ऊर्जा क्षेत्रमा नीतिगत प्रवर्धन गर्ने, सौर्य ऊर्जालाई बढावा दिने, खाना पकाउने स्रोतको रुपमा दाउराको प्रयोग कम गर्दै जाने, बायो ग्याँसमा अनुदान उपलब्ध गराउने जस्ता कार्यक्रमहरु संचालन भैरहेको पाइन्छ। गाउँपालिकालाई खुल्ला दिशापिशावमक्त गाउँपालिका घोषणा गरोसकेको भएता पनि सरसफाईको अवस्था हेर्दा यस गाउँपालिकामा एक घर एक चर्पिको कार्यान्वयन पूर्ण रुपमा नभएको देखिन्छ।

### ६.२.२ समस्या तथा चुनौति

यस क्षेत्रमा फोहोरमैला व्यवस्थापनको लागि संकलन, ढुवानी र सुरक्षित विसर्जनको सुरुवात गरेतापनि त्यसको व्यवस्थापन भने भैसकेको छैन। वस्ति तथा गाउँ क्षेत्रमा जथाभावी फोहोर फ्याक्ने, प्लाष्टिकको अत्याधिक प्रयोग गर्ने, ढल तथा प्रशोधन केन्द्रको व्यवस्था नहुँदा फोहोरको उचित व्यवस्थापन नहुने, वायु, जल तथा ध्वनी प्रदूषण जस्ता वातावरणीय समस्याहरू वृद्धि भईरहेका छन्। वातावरण सम्बन्धी यस क्षेत्रको प्रमुख समस्यामा फोहोर

व्यवस्थापन तथा दोश्रो समस्याको रुपमा जल प्रदूषण रहेका छन् । वन तथा वातावरण क्षेत्रको संरक्षणमा समन्वय र सहकार्यको अभिवृद्धि गर्नु, मानव र वन्य जन्तु बीचको व्यवस्थापन गर्नु, जलवायु अनुकुलन कार्यक्रम सञ्चालन गर्नु र उत्पादित फोहोरको व्यवस्थित व्यवस्थापन गर्नु वातावरण तथा फोहोरमैला व्यवस्थापन क्षेत्रका चुनौती हुन् ।

### ६.२.३ सोच

स्वच्छ एवम् सन्तुलित वातावरण, वातावरणमैत्री कार्यक्रमहरुलाई प्रोत्साहन

### ६.२.४ उद्देश्य

- समुदायका पायक पर्ने स्थानहरुमा फोहर संकलनको ब्यवस्था मिलाउनु
- सरसफाई सुविधाको पहुँचको सुनिश्चितता गर्नु

### ६.२.५ रणनीति

- बजार केन्द्रहरुमा सार्वजनिक शौचालयहरुको ब्यवस्था गर्ने
- बिद्यालय तथा सरकारी कार्यालय हातामा नियमित सरसफाईको ब्यवस्था गर्ने
- जनचेतना कार्यक्रम, फोहर बर्गीकरण तथा ब्यवस्थापन सम्बन्धि कार्ययोजना तर्जुमा गरि लागु गर्ने
- प्रत्येक घरधुरीमा कम्तीमा दुइ बिरुवा रोप्ने अभियान संचालन गर्ने
- बगैँचा र करेसाबारी प्रवर्धन गर्ने
- सुधारीएको चुलो लगायत बैकल्पिक ऊर्जाका प्रविधिहरु प्रवर्धन गर्ने, सौर्य वस्ति विस्तार गर्ने
- प्लास्टिक झोला तथा शिशामुक्त गाउँपालिका निर्माण गर्ने

### ६.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ ।

| सूचक | एकाइ | गत आ.ब. सम्मको उपलब्धि | चालु आ.ब.को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२-८३ | २०८३-८४ | २०८४-८५ |
| शौचालय प्रयोग गर्ने जनसंख्या | प्रतिशत | ९२ | ९५ | ९७ | ९९ | १०० |
| ल्यान्डफिल्ड साइट | संख्या | ० | ० | १ | १ | १ |
| फोहोर संकलन साधन | संख्या | ० | ० | १ | १ | २ |
| स्रोतमा नै फोहर वर्गिकरण तथा | बर्ग मी. | १० | १५ | २० | २५ | ३० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| व्यवस्थापन गर्ने घरपरिवार | | | | | | |

### ६.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा वातावरण तथा फोहोरमैला व्यवस्थापन उप–क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ।

| आ. ब. | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजिगत | बित्तिय ब्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२-८३ | २३३१७ | १२५६९ | १०७४८ | ० | ३५०० | १७६०७ | २२१० | ० |
| २०८३-८४ | २०८३१ | ९८७६ | १०९५५ | ० | ४४५० | १४०६१ | २३२० | ० |
| २०८४-८५ | २१९८२ | १०३७० | ११६१२ | ० | ४८९५ | १४५३५ | २५५२ | ० |

### ६.२.८ कार्यक्रम तथा आयोजनाको संक्षिप्त बिवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ।

| क्र. स. | आयोजना/कार्यक्रम | उद्देश्य | अवधि | कुल लागत (रु. हजार) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | ल्यान्डफिल्ड साइट निर्माण | फोहरमैलाको ब्यवस्थापन | २०८२-८०८३ | १०००० | ल्यान्डफिल्ड साइट निर्माण हुने |
| २ | फोहर बाट मल बनाउने कार्यक्रम | कुहिने फोहरबाट कृषी मल बनाउने | सालबसाली | १०००० | वातावरणीय सुधारका साथै कृषीमा सहजिकरण |
| ३ | सरसफाई अभियान संचालन | जनस्वास्थ्य र वातावरणमा सुधार गर्ने | सालबसाली | ३००० | जनस्वास्थ्य र वातावरणमा सुधार भएको हुने |

### ६.२.९ जोखिम तथा अनुमान

आन्तरिक तथा बह्य फोहरमैलाको उचित ब्यवस्थापनको कार्ययोजना बनाई लागु गरिएको खण्डमा वातावरण प्रदुषणका साथै महामारि लगायतका समस्याहरुबाट उन्मुक्ति मिलेकोहुनेछ। उपलब्ध प्रविधिको उपयोग, बजेटको सुनिश्चिता, दक्ष मानव संशाधन उपलब्ध भएमा र महामारी तथा अन्य अवस्था नभएमा उल्लिखित उपलब्धि हासिल हुनेछ। सो हुन नसकेमा योजनाको लक्ष्य तथा उद्देश्य प्राप्त नहुने जोखिम रहन सक्छ।

## ६.३ विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन

### ६.३.१ पृष्ठभूमि

यस गाउँपालिकाको सबै भन्दा ठूलो बिपद् डुबानको कारणले हुने गरेको छ। बाढी, हावाहुरी, चट्याङ, नदि कटान, अगलागी, खडेरी अन्य बिपद्का घटनाहरु पनि बारम्बार दोहोरिने गरेका छन्। स्थानीय बिपद् जोखिम योजना अन्तर्गत केहि तालिम र औजारहरुको ब्यवस्था भएता पनि पूर्णरुपमा ब्यवस्थापन हुन सकेको छैन। गाउँपालिका क्षेत्रभित्र आगलागि भएमा छिमेकी नगरपालिका तथा अन्य निकायमा सम्पर्क गर्नुपर्ने अवस्था रहेको पाइन्छ। त्यस्तै मानवीय क्रियाकलापबाट वातावरणमा पर्न जाने नकारात्मक प्रभावहरूले वातावरणीय प्रकोपको जोखिमलाई बढाउँदै गएको छ। यस्ता जोखिमलाई स्वीकार्य र संभाव्य तहमा घटाउन विपद् व्यवस्थापनलाई नीतिगत, क्षेत्रगत तथा कार्यक्रमिक सवै तहमा मूलप्रवाहीकरण गर्दै लैजानु जरुरी छ।

लालझाडी गाउँपालिकाको ६ वटा वडामा विपद् व्यवस्थापनका लागि प्राथमिक उपचार केन्द्र स्थापना गरिएको छ। गाउँपालिकाका ६ वटै वडामा समुदायमा आधारित विपद् जोखिम व्यवस्थापन समिति रहेको छ। जलवायु परिवर्तन अनुकूलनका लागि अन्तर सरकार सहकार्यमा विस्तार हुँदै गएको छ।

### ६.३.२ समस्या तथा चुनौति

बर्षायामको डुबान यो क्षेत्रको प्रमुख समस्याको रुपमा रहेको छ। विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी र प्रतिकार्यलाई पूर्ण रूपमा मूलधारमा ल्याउने सकिएको छैन। गाउँपालिका, वडा कार्यालय र स्थानीय टोल विकास संस्थाहरूको विपद् व्यवस्थापमा क्षमताको कमी रहेको, आकस्मिक तयारी योजना तथा प्रतिकार्य योजनाहरू तर्जुमा गर्नु जरुरी रहेको, बर्षाको समयमा डुबान तथा नदि कटान भई खेतीवारी, बाटो, घर, वस्ती डुब्ने तथा भौतिक पूर्वाधारमा समेत क्षति पुग्ने समस्या बढदै गएको छ। जलवायु परिवर्तनको असर जैविक विविधता, वर्षाको प्रवृति तथा जलाधार क्षेत्रमा प्रत्यक्ष रुपमा परेको छ। आगालागी, डढेलो, महामारी जस्ता प्राकृतिक प्रकोप यस क्षेत्रका अन्य समस्या हुन।

### ६.३.३ सोच

"सबै प्रकारका विपद्हरूको प्रभावकारी व्यवस्थापनबाट विपद् उत्थानशील स्थानीय सरकार" विपद जोखिम व्यवस्थापन

"जलवायु उत्थानशिल गाउँपालिकोको निर्माण" जलवायु परिवर्तन अनुकूलन

### ६.३.४ उद्देश्य

- विकासका योजनामा विपद् ब्यवस्थापनलाई समाहित गराई विपदबाट हुने मानवीय एवं भौतिक लगायतका क्षतिलाई न्यूनिकरण गर्नु
- दीगो विकासको लक्ष्य हासिल गर्न वातावरण संरक्षण गराउनु
- वातावरणमा दूरगामी असर पार्ने प्लाष्टिकजन्य वस्तुको प्रयोगमा कमी ल्याउनु

### ६.३.५ रणनीति

- बिपद् पूर्वतयारि, न्यूनिकरण, आकस्मिक उद्दार, राहत लगायत बिपद् ब्यवस्थापनका सबै आयाम समेट्ने गरि बिपद् ब्यवस्थापन कार्यक्रम संचालन गर्ने
- बिपद् जोखिमबाट बच्ने उपायको अभ्यास लगायत झटपट झोला प्रयोगको तालिम गर्ने
- भवन आचार संहिता कार्यान्वयनमा ल्याउने, भवनलाई भूकम्प प्रतिरोधि बनाउने
- सबै बिद्यालय भवन सबलीकरण गरी भूकम्प प्रतिरोधि बनाउने
- सुरक्षा निकायहरुमा तालिमप्राप्त टोली खटाउन सम्बन्धित निकायमा समन्वय गर्ने
- स्वास्थ्य संस्थाको स्तरोन्नति सहित प्रत्येक स्वास्थ्य चौकीमा एक थान एम्बुलेन्स ब्यवस्था गर्ने
- हरेक वस्तीपिच्छे खुला क्षेत्र तथा सुरक्षित आवास गृहको निर्माण गर्ने
- नदि तटीय क्षेत्रमा साइरन आदि बाढी पूर्वसूचना प्रणाली कार्यान्वयनमा ल्याउने
- नदि किनारमा तारजालि तथा बायो ईन्जिनियरिङ बिधिबाट तटबन्धन गर्ने
- भू-उपयोग नीति र योजना कार्यान्वयन गर्ने
- जोखिमयुक्त क्षेत्र संरक्षण गर्न विस्तृत अध्ययन प्रतिवेदनका आधारमा कार्ययोजना ल्याई कार्यान्वयन गर्ने
- सडक निर्माण गर्दा भूगोल र वातावरणीय सर्वेक्षण गरी मापदण्ड पुरा गरेर मात्र निर्माण गर्ने
- जंगली जनावरको आतंक नियन्त्रणका लागि वन कार्यालयसँग समन्वय गर्ने
- आगलागि नियन्त्रणका लागि कृत्रिम अभ्यासहरु संचालन गर्ने

### ६.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ।

| सूचक | एकाइ | गत आ.ब. सम्मको उपलब्धि | चालु आ.ब.को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२-८३ | २०८३-८४ | २०८४-८५ |
| राहत वितरण गरिएका विपद् प्रभावित घरधुरी | संख्या | ३० | ३० | ५० | ७५ | ७५ |
| बिपद् ब्यवस्थापन कोष | रु. हजार | ३००० | ३००० | ५००० | ६००० | ७००० |
| पहिचान तथा नियन्त्रण भएका वाढी तथा डुवान स्थल | संख्या | १७ | १७ | २० | २० | २२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| पहिचान तथा अभिलेख भएका सुरक्षित खुल्ला क्षेत्र | संख्या | ७ | ७ | १० | १२ | १५ |
| सञ्चालनमा रहेका दमकल, एम्बुलेन्स तथा शव वाहन | संख्या | २ | २ | २ | ३ | ३ |
| विपद् व्यवस्थापनमा क्रियाशील संघ संस्था | संख्या | १७ | १७ | १७ | १८ | २० |

### ६.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन उप–क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ।

| **आ. ब.** | **बजेट अनुमान (रु. हजारमा)** | | | | **बजेटको स्रोत (रु. हजारमा)** | | | |
|---|---|---|---|---|---|---|---|---|
| | **कुल** | **चालु** | **पूँजिगत** | **बित्तिय व्यवस्था** | **आन्तरिक स्रोत** | **नेपाल सरकार** | **प्रदेश सरकार** | **ऋण तथा अन्य** |
| २०८२-८३ | १२५६० | ६७७३ | ५७८८ | ० | १०४० | १०२०० | १३२० | ० |
| २०८३-८४ | १३९५० | ७२०८ | ६७४२ | ० | २०८० | १०४९० | १३८० | ० |
| २०८४-८५ | १४७१४ | ७५६८ | ७१४६ | ० | २२८८ | १०९०८ | १५१८ | ० |

### ६.३.८ कार्यक्रम तथा आयोजनाको संक्षिप्त बिवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ।

| **क्र. स.** | **आयोजना/कार्यक्रम** | **उद्देश्य** | **अवधि** | **कुल लागत (रु. हजार)** | **अपेक्षित नतिजा** |
|---|---|---|---|---|---|
| १ | पहिरो तथा नदि कटान क्षेत्र पहिचान | भू-क्षय तथा नदि कटान हुने क्षेत्र पहिचान गरि आवश्यक पहल गर्ने | २०८२-८०८३ | २००० | जोखिमुक्त क्षेत्रको पहिचान गरि आबश्यक कारवाहिको लागि पहल गरिएको हुनेछ |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | विपद् राहत वितरण कार्यक्रम | विपद् प्रभावितको जिविकामा सहयोग गर्ने | सालबसाली | ४००० | १०० घरधुरि प्रतक्ष्य लाभान्वित |

### ६.३.९ जोखिम तथा अनुमान

वन, वातावरण तथा विपद् व्यवस्थापन सम्वन्धी ऐन, नीति, मापदण्ड, कार्यविधि, तथा निर्देशिकाहरु निर्माण गरिसकेको हुनेछ । संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा वृद्धि भएको हुनेछ । स्थानीय सरोकारवालाको प्रतिवद्धता, सहभागिता समन्वय, सहकार्य एवं साझेदारीमा वृद्धि हुनेछ । जलवायू परिवर्तनको असर, आर्थिक मन्दी, प्राकृतिक स्रोतको अनुचित दोहन, महामारी, प्राकृतिक बिपत्तिमा वृद्धि जस्ता जोखिमहरु यस क्षेत्रमा रहेका छन् ।

# परिच्छेद ७: संस्थागत विकास तथा सुशासन क्षेत्र

यस क्षेत्रमा नीति, कानून, न्याय तथा सुशासन, मानव संशाधन तथा क्षमता विकास, स्रोत सुदृढीकरण तथा परिचालन, तथ्याङ्क तथा योजना व्यवस्थापन जस्ता उप–क्षेत्रहरूको पृष्ठभूमि, समस्या तथा चुनौती, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरू समावेश गरिएको छ।

## ७.१ नीति, कानून, न्याय तथा सुशासन

### ७.१.१ पृष्ठभूमि

लोकतान्त्रिक शासन प्रणालीको दिगो आधार न्यायको सुनिश्चितता हो । न्याय व्यवस्थाको प्रभावकारी कार्यान्वयनबाट मात्र संवैधानिक व्यवस्थाले परिकल्पना गरेको कानुनको शासन, मौलिक हक र मानव अधिकारको संरक्षण र प्रवद्र्धन तथा शान्ति, सुशासन र विकासका माध्यमबाट राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गर्न सम्भव हुन्छ । यसका लागि नगरपालिकामा न्याय प्रणालीको विकास, विस्तार र कार्यान्वयन गर्नु आवश्यक छ। सङ्घीय संरचना अनुसार गठित स्थानीय सरकार आफै संवैधानिक रुपमा अधिकार प्राप्त सार्वभौम सरकार भएकाले गाउँपालिकाले पनि आफ्नो परिस्थिती अनुसारको संस्थागत संरचनाको निर्माण गरी शासकीय अवस्थालाई चुस्त बनाउन सक्ने देखिन्छ। गाउँपालिकाको निर्णय प्रकृयामा स्थानीयको सहभागितालाई सुनिश्चित गर्न सूचना प्रणाली तथा सामाजिक सञ्जालको प्रयोगलाई बढवा दिन थालिएको छ।

### ७.१.२ समस्या तथा चुनौति

योजनाबद्ध तथा नतिजामूलक विकास, संस्थागत सुदृढीकरण र सुशासन कायम गर्न उपयुक्त, सरल र सहज प्रणाली स्थापनालगायतका चुनौति विद्यमान रहेका छन्। नेपालको संविधान व्यवस्थाअनुसार गाउँपालिकाले अझै विपद् व्यस्थापन तथा अनुकूलन, पर्यटन तथा खेलकुद विकास, कला तथा संस्कृति संरक्षण, महिला, बालबालिका र सशक्तीकरणलगायत विषयमा नीति, ऐन, नियम, कार्यविधि निर्माण गर्न तथा निर्माण भएका ऐन कानूनको समेत पूर्ण कार्यान्वयन हुन सकेको छैन। तर्जुमा भएका ऐन, नीति, नियम, कार्यविधिबारे सबै निर्वाचित जनप्रतिनिधि, वडा समिति, आम नागरिक विशेषगरी विपन्न तथा लक्षित वर्गलाई सुसूचीत गराउने, प्रभावकारी रूपमा कार्यान्वयन गर्ने र त्यसको परिपालन हुन सकिरहेको छैन।

### ७.१.३ सोच

"पारदर्शी, जिम्मेवार र जवाफदेही गाउँपालिका"

### ७.१.४ उद्देश्य

- भ्रष्टाचारजन्य कसुरलाई कडा कारवाहिको प्रकृयामा लग्नु
- आयोजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा दीगोपनमा स्थानीय सहभागिता सुनिश्चित गर्नु
- लेखा समितिलाई प्रभावकारि बनाई आय र ब्ययको जानकारी सार्वजनिक गरि सबै सरोकारवालासम्म पुर्याउनु
- उत्तरदायित्वले अख्तियारीको दुरुपयोगलाई नियन्त्रण गरि गुणस्तरीय सेवाको उपलब्धता सुनुश्चित गर्नु

### ७.१.५ रणनीति

- सामाजिक जवाफदेहिता तथा पारदर्शिता सम्बन्धि कार्यबिधी निर्माण तथा कार्यान्वयन गर्ने
- सार्वजनिक सुनुवाई ब्यवस्थित गर्ने
- उपभोक्ता समितिमा सार्वजनिक लेखा परिक्षण सम्बन्धि क्षमता विकास तालिम कार्यक्रम गर्ने
- सबै कार्यालयहरुमा नागरिक वडापत्र तयार गरि राख्ने
- कार्यबिधी बनाई सेवाग्राहिको सन्तुष्टि मापन गर्ने
- सूचना अधिकारी र गुनासो सुन्ने अधिकारी तोक्ने
- पेश्कि फछ्योट तथा बेरुजु असुल गर्न प्रभावकारी कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्ने
- गुनासो पेटिका सहित नियमित गुनासो सुनुवाईको ब्यवस्था गर्ने

### ७.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ ।

| सूचक | एकाइ | गत आ.ब. सम्मको उपलब्धि | चालु आ.ब.को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२-८३ | २०८३-८४ | २०८४-८५ |
| नयाँ नीति, कानून र कार्यविधि तर्जुमा (मस्यौदा समेत) | संख्या | ७५ | ७७ | ८० | ८५ | ९० |
| क्रियाशिल नीतिगत समिति र संयन्त्र | संख्या | ८ | ९ | १० | ११ | १२ |
| सार्वजनिक सुनुवाई आयोजना (बार्षिक) | संख्या | १२ | १२ | १५ | १७ | १८ |
| | | | | | | |

### ७.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा नीति, कानून, न्याय तथा सुशासन उप–क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ ।

| आ. ब. | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजिगत | बित्तिय ब्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२-८३ | ५८५० | ३१५० | २७०० | ० | ० | ५८५० | ० | ० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २०८३-८४ | ५९७३ | ३१०८ | २८६५ | ० | ० | ५९७३ | ० | ० |
| २०८४-८५ | ७२०० | ३२६३ | ३९३७ | ० | ० | ७२०० | ० | ० |

### ७.१.८ कार्यक्रम तथा आयोजनाको संक्षिप्त बिवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ।

| क्र.स. | आयोजना/कार्यक्रम | उद्देश्य | अवधि | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | नीति कानून, न्याय तथा सुशासन प्रवर्द्धन कार्यक्रम | शासन प्रक्रिया, शासन व्यवस्था, सेवा प्रवाह तथा विकास नीति र कार्य सञ्चालन प्रणाली एवम् प्रक्रिया सरल, स्पष्ट र पारदर्शी बनाउनु | सालबसाली | ४००० | नीति, कानून तथा कार्यविधि परिपालनामा ७० प्रतिशतले वृद्धि हुनेछ। |

### ७.१.९ जोखिम तथा अनुमान

संविधान, संघीय, प्रदेश र स्थानीय नीति र कानून बमोजिम तिनै तहका सरकारका निकायहरु र गैसस, समुदाय, सहकारी र नीजि क्षेत्र बीचको समन्वय, स्रोत साधन, प्रविधि र दक्ष मानव संशाधन सहज उपलब्ध भएमा अपेक्षित नतिजा हासिल हुनेछ। उपरोक्त व्यवस्था हुन नसके अपेक्षित नतिजा हासिल हुन नसक्ने जोखिम रहने छ।

## ७.२ सङ्गठन तथा क्षमता विकास, जनशक्ति व्यवस्थापन र सेवा प्रवाह

### ७.२.१ पृष्ठभूमि

यस गाउँपालिकाको कार्यालय हालमा पुरानो स्वास्थ्य चौकि भवनमा संचालन हुँदै आएको छ। नयाँ गाउँपालिका भवनको लागि आबश्यक जमीनको खोजि भइरहेको छ। सबै वडा कार्यालयहरु निर्माण भई संचालनमा आइसकेका छन्। एकीकृत सेवासहितको गाउँ कार्यपालिका, ६ वटै वडाको केन्द्रमा आधारभूत सुविधासहित वडा कार्यालय, स्वास्थ्य संस्थाहरूबाट सेवा प्रवाह भइरहेको छ। गाउँपालिकाको कार्यसम्पादनमा सहजताका लागि कम्प्युटर सफ्टवेयर प्रणालीहरू स्थापना गरिएको छ।

गाउँपालिकामा हाल रहेका प्रशासन, योजना, जिन्सी, लेखा, राजस्व, पूर्वाधार, नक्शा, शिक्षा, स्वास्थ्य, महिला बालबालिका तथा जेष्ठ नागरिक, पञ्जीकरण, गैसस, कृषि, पशुपंछी, सहकारी, आन्तरिक लेखा परीक्षण, वन वातावरण तथा विपद् व्यवस्थापन, कानून र सूचना तथा प्रविधि शाखामा कुल १९१ कर्मचारी कार्यरत रहेका छन्। गाउँपालिकाको जनशक्ति व्यवस्थापनका लागि संगठन तथा व्यवस्थापन सर्वे गरी संस्थागत संरचना निर्माण गर्ने लक्ष्य रहेको छ। गाउँपालिकाका सबै वडा कार्यालयलाई भौतिक सुविधा सम्पन्न बनाउँदै सहज र सरल सेवा प्रवाहमा जोड दिदै लगिएको पाइन्छ।

### ७.२.२ समस्या तथा चुनौति

संस्थागत संरचना, मानव स्रोत, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन पद्धति अवैज्ञानिक र परम्परागत देखिन्छ । गाउँपालिकाको सेवा व्यवस्थापन प्रक्रिया प्रभावकारी हुन सकेको छैन । जनशक्तिको परिचालन तथा गाउँपालिकाको सेवा र सुबिधा गुणस्तरीय र कार्य सम्पादन नतिजामुखी हुन सकेको छैन । गाउँपालिकाबाट भएका कार्यहरुको उचित अभिलेख व्यवस्थापन र सबैले बुझ्ने गरि पसिूचकहरु सहितको प्रतिवेदन प्रकाशन गर्ने प्रचलन नभएकोले पारदर्शितामा प्रश्न उठ्ने गरेको छ ।

### ७.२.३ सोच

पारदर्शी, जनउत्तरदायी, सदाचारयुक्त र सूचना प्रविधिमा आधाारित विधिको शासन तथा सेवा प्रवाह

### ७.२.४ उद्देश्य

- स्थानीय सेवाको व्यवस्थापन क्षमता, मानव संसाधन र कार्य दक्षतामा अभिवृद्धि गर्नु
- छरितो संगठन संरचना, क्षमतावान जनशक्ति गुणस्तरीय सेवा प्रबाहको सुनिश्चित गर्नु
- नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली चुस्त र मजबुत पार्नु

### ७.२.५ रणनीति

- स्थानीय सेवा प्रवाहलाई सरल, सहज, सूचना प्रविधिमा आधारित र सेवाग्राही मैत्री बनाउने
- कार्यविधि निर्माण गरी सेवा प्रवाह तथा कार्यसम्पादनलाई व्यवस्थित गर्ने
- गाउँ कार्यपालिका तथा वडा कार्यालयको संगठन तथा क्षमता विकास सुदृढीकरण गर्ने

### ७.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ ।

| सूचक | एकाइ | गत आ.ब. सम्मको उपलब्धि | चालु आ.ब.को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२-८३ | २०८३-८४ | २०८४-८५ |
| नगरपालिका कार्यरत मानव संशाधन | संख्या | १२५ | १२५ | १३० | १३५ | १४० |
| नगरपालिका कार्यरत प्राविधिक र बिषयबिज्ञ कर्मचारी | संख्या | १६ | १६ | १८ | २० | २२ |
| कार्यपालिका र वडा कार्यालय भवन | संख्या | ७ | ७ | ८ | ८ | ८ |

### ७.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा सङ्गठन तथा क्षमता विकास, जनशक्ति व्यवस्थापन र सेवा प्रवाह उप–क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ।

| आ. ब. | बजेट अनुमान (रु. हजारमा) | | | बजेटको स्रोत (रु. हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजिगत | बित्तिय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२-८३ | ५८५० | ३१५० | २७०० | ० | ० | ५८५० | ० | ० |
| २०८३-८४ | ५९७३ | ३१०८ | २८६५ | ० | ० | ५९७३ | ० | ० |
| २०८४-८५ | ६७९६ | ३२६३ | ३५३३ | ० | ० | ६७९६ | ० | ० |

### ७.२.८ कार्यक्रम तथा आयोजनाको संक्षिप्त बिवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ।

| क्र. स. | आयोजना/कार्यक्रम | उद्देश्य | अवधि | कुल लागत (रु. हजार) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | संगठन, मानव संशाधन, क्षमता विकास र सेवा प्रवाह सुदृढीकरण कार्यक्रम | स्थानीय सेवा, संगठन, मानव संशाधन र कार्य सम्पादनमा अभिवृद्धि गर्नु | सालबसाली | ४००० | कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागू भई सेवा प्रवाहको स्तरमा ३० प्रतिशतले सुधार हुनेछ। |

### ७.२.९ जोखिम तथा अनुमान

संविधान, सङ्घीय, प्रदेश र स्थानीय नीति र कानून बमोजिम संगठन, दक्ष मानव संशाधन, सीप र दक्षतामा अभिबृद्धि भएमा अपेक्षित नतिजा हुनेछ। उपरोक्त व्यवस्था हुन नसकेमा अपेक्षित नतिजा हासिल हुन नसक्ने जोखिम रहेको छ।

## ७.३ राजस्व तथा स्रोत परिचालन

### ७.३.१ पृष्ठभूमि

राजस्व तथा श्रोत परिचालनको लागि विद्यमान कर, सेवा शुल्क तथा दस्तुरको दर घटाई दायरा बढाउने रणनीति लिई कार्यक्रम कार्यान्वयन गरिएको छ। गाउँपालिकाद्वारा तर्जुमा भएका ऐन, नियम, निर्देशिकामा भएको व्यवस्था अनुसारका श्रोत परिचालनको अभ्यास रहेको छ। वेरुजु न्यूनीकरणका लागि नीति तथा कार्यक्रम निर्माण एवम् लगानीमैत्री वातावरण बनाउन आवश्यक नीतिगत व्यवस्था गरिएको छ। राजस्व सुधार कार्ययोजना तर्जुमा तथा

राजस्व परामर्श समितिको अध्ययन र सिफारिसका आधारमा कर तथा गैरकरको दर निर्धारण गरी आन्तरिक आय संकलन गरिएको छ। आन्तरिक राजस्व सुधार तथा अभिवृद्धि कार्यक्रम वित्तीय स्रोत परिचालन तथा पूँजी निर्माण कार्यक्रम कार्यान्वयनमा रहेका छन्।

### ७.३.२ समस्या तथा चुनौति

आर्थिक क्रियाकलाप न्यून हुनु, राजस्वको ठूलो हिस्सा संघीय र प्रदेश अनुदानमा निर्भर रहनु, राजस्वमा करको अंश कम हुनु, करको दायरा कम हुनु तथा सम्भावना अनुरुप राजस्व उठ्न नसक्नु यस क्षेत्रका प्रमुख समस्या रहेका छन्। सबै साना ठुला आर्थिक क्रियाकलापहरुलाई करको दायराभित्र ल्याउनु, आर्थिक वृद्धि र राजस्वबिच सबल अन्तरसम्बन्ध कायम गर्नु, करदाता र कर प्रशासनमा व्यावसायिकता, पारदर्शिता र सदाचारिता कायम गर्नु चुनौति छ।

### ७.३.३ सोच

सुदृढ र प्रगतिशिल राजस्व प्रणाली तथा व्यवस्थित स्रोत परिचालन

### ७.३.४ उद्देश्य

- उत्पादन, लगानी, व्यावसाय तथा करदातामैत्री एवम् स्वच्छ, तटस्थ, पारदर्शी, प्रगतिशील कर प्रणालीको विकास तथा स्वैच्छिक कर सहभागिताबाट अधिकतम राजस्व संकलन गर्नु
- राजस्वका नयाँ क्षेत्रहरुको पहिचान र विद्यमान राजस्व प्रशासनलाई करदातामैत्री बनाउनु
- आन्तरिक तथा बाह्य स्रोत परिचालनमा वृद्धि गर्नु र राजस्व प्रणाली सुदृढ बनाउनु

### ७.३.५ रणनीति

- राजस्वको दायरा, दर र प्रशासनलाई सूचना प्रविधिमा आधारित र व्यवस्थित गरी आन्तरिक आय तथा वाह्य स्रोत परिचालनमा जोड गर्ने
- स्रोत परिचालनका लागि गैसस, निजी क्षेत्र, समुदाय, विकास साझेदार, प्रदेश र संघीय सरकारका निकायहरूसँग समन्वय र साझेदारीको विकास गर्ने

### ७.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ।

| सूचक | एकाइ | गत आ.ब. सम्मको उपलब्धि | चालु आ.ब.को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२-८३ | २०८३-८४ | २०८४-८५ |
| वार्षिक आन्तरिक आय रकम | रु. हजार | ५२९१७ | ५४५१८ | ७०२५५ | ७५९५५ | ८३५५१ |
| प्रतिव्यक्ति बार्षिक बजेट लगानी | रु. | १६१७३ | १७४३४ | १८५५४ | १९७४६ | २११०७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| कुल वार्षिक बजेट खर्च | रु. हजार | ३६९७१२ | ४७५६४० | ५०१५४४ | ५३१६४७ | ५७१६१२ |
| संघीय राजस्व बाँडफाँटबाट प्राप्त रकम | रु. हजार | ३०७६२३ | ३६४५५३ | ३९८१४४ | ४२२३३१ | ४५१११९ |
| प्रदेश राजस्व बाँडफाँटबाट प्राप्त रकम | रु. हजार | १४८३८ | २७३८६ | ३२९६४ | ३३१८५ | ३६७३० |

### ७.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा राजस्व तथा स्रोत परिचालन उप–क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ।

| आ. ब. | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजिगत | बित्तिय ब्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२-८३ | ६६४४ | ३५७० | ३०७४ | ० | ० | ५३४४ | १३०० | ० |
| २०८३-८४ | ६९२५ | ३६५४ | ३२७१ | ० | ० | ५५४५ | १३८० | ० |
| २०८४-८५ | ७३०४ | ३८३७ | ३४६७ | ० | ० | ५७८६ | १५१८ | ० |

### ७.३.८ कार्यक्रम तथा आयोजनाको संक्षिप्त बिवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ।

| क्र. स. | आयोजना/कार्यक्रम | उद्देश्य | अवधि | कुल लागत (रु. हजार) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | राजस्व सुधार कार्ययोजना निर्माण | आन्तरिक राजस्व वृद्दि गर्ने | २०८२-८०८३ | १००० | गाउँपालिकाको राजस्व सुधार कार्ययोजना तयार भएको हुने |

### ७.३.९ जोखिम तथा अनुमान

संविधान, संघीय, प्रदेश र स्थानीय नीति र कानून बमोजिम तिनै तहका सरकार, गैसस, समुदाय, सहकारी र नीजि क्षेत्र बीचको समन्वय, स्रोत साधन, प्रविधि र दक्ष मानव संशाधन परिचालन भएमा अपेक्षित नतिजा हुनेछ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले गाउँपालिकालाई उपलब्ध गराएको वित्तीय अधिकार अनुकुल राजस्व

परिचालनमा सुधार ल्याउनको लागि करको दरमा हेरफेर गरी तत्काल थप तथा योजनाबद्ध प्रयास थाल्नुपर्दछ । उपरोक्त व्यवस्था नहुँदा अपेक्षित नतिजा हासिल नहुने जोखिम रहन्छ ।

## ७.४ तथ्याङ्क प्रणाली र योजना तथा विकास व्यवस्थापन

### ७.४.१ पृष्ठभूमि

लालझाडी गाउँपालिकाको समष्टिगत विकासलाई मार्गदर्शन गर्न आवधिक योजना तर्जुमा गरी सोको आधारमा वार्षिक बजेट तथा कार्यक्रम तयारीको अभ्यास भएको छ। आयोजना बैंक तयार गर्ने, मध्यमकालीन खर्च संरचना मार्फत प्राथमिकता क्षेत्र तथा आयोजना र कार्यक्रममा स्रोत सुनिश्चित गर्र्ने र मध्यमकालीन खर्च संरचना अनुसार वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरी सार्वजनिक वित्त व्यवस्थापन र नतिजामूखी विकास पद्धति कार्यान्वयनमा ल्याइएको छ।

गाउँसभाबाट न्यायिक समिति, विद्यान समिति, लेखा समिति र कार्यपालिकाबाट योजना तर्जुमा, शिक्षा, स्थानीय विपद् व्यवस्थापनलगायत विषयगत समिति गठन भई तत्सम्बन्धी विषयमा क्रियाशील उन्मुख छन्। साथै सेवाग्राही तथा लक्षित समुदाय र नागरिक समाजको समेत सहभागितामा सहभागितामूलक योजना तर्जुमाको अभ्यास गरी गाउँसभाबाट स्वीकृत नीति तथा बजेट र कार्यक्रमलाई बजेट पुस्तिका, वेवसाइट र सूचना पाटीमार्फत् सार्वजनिक गर्ने अभ्यास भइरहेको छ।

### ७.४.२ समस्या तथा चुनौति

योजना तथा बजेट तर्जुमा र निर्णय प्रक्रियामा समावेशी तथा सहभागितामा सुधार गर्नुपर्ने प्रर्याप्त स्थान छन्। शासन सञ्चालन, योजनाबद्ध विकास तथा मापदण्ड अनुसार सेवा तथा सुविधा प्रवाह गर्न आवश्यक स्रोत परिचालन र दक्षतामा कमी रहेको छ । गाउँपालिकाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, प्राथमिकता तथा रणनीतिसहित आवधिक योजना अनुसार गाउँपालिकाको विकासको अग्रणी क्षेत्रहरूको गुरुयोजना तर्जुमा हुन सकेको छैन । संविधानले दिएका साझा अधिकारका बुझाइमा अन्योलता सिर्जना हुनु, कतिपय अवस्थामा एउटै शिर्षकमा फरक फरक तहका सरकारले कर लगाइनु, स्थानीय तहमा भौतिक पुर्वाधार तथा जनशक्ति व्यवस्थापनमा कठिनाई हुनु र सन्तुलित विकासको लागि भौगोलिक विकटता रहनु प्रमुख समस्या रहेकाछन्।

### ७.४.३ सोच

प्रमाण तथा नतिजामा आधारित विकास प्रशासन

### ७.४.४ उद्देश्य

- योजना तर्जुमालाई तथ्यपरक, सहभागितामूलक र नतिजामूलक तुल्याउनु
- स्थानीय शासन प्रणालीको सन्तुलीत र दिगो विकास गर्नु

### ७.४.५ रणनीति

- योजना तर्जुमा, कार्यान्वयन र अनुगमनलाई सूचनामा आधारित, सहभागितामूलक र नतिजामूलक बनाउने

- तथ्याङ्क उत्पादन र आपूर्तिमा सबै तथ्याङ्कीय स्रोतहरु जस्तै घरधुरी सर्वेक्षण तथा प्रशासनिक अभिलेख को उपयोग गर्ने
- सङ्घीय र प्रदेश सरकारको सहयोग र समन्वयमा आफ्नो भौगोलिक क्षेत्रको बस्तुस्थिति विश्लेषण गरी सोको सही सदुपयोग गर्ने गरी विविध उपायको अवलम्बन गर्ने
- गैसस, निजी क्षेत्र, समुदायमा आधारित संस्थासँग समन्वय र साझेदारीमा अभिवृद्धि गर्ने

### ७.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ।

| सूचक | एकाइ | गत आ.ब. सम्मको उपलब्धि | चालु आ.ब.को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२-८३ | २०८३-८४ | २०८४-८५ |
| कुल आयोजना मध्ये उपभोक्ता समितिबाट कार्यान्वयन भएका आयोजनाको अनुपात | प्रतिशत | ७० | ७० | ७० | ७२ | ७५ |
| तर्जुमा भएका दीर्घकालीन, मध्यमकालीन रणनीतिक तथा गुरुयोजना योजना | संख्या | ३ | ४ | ५ | ७ | ९ |
| गाउँमा क्रियाशिल र साझेदार गैसस, सहयोगी र नागरिक समाज संस्था | संख्या | १० | १२ | १४ | १५ | १७ |
| समयमा सम्पन्न आयोजना तथा कार्यक्रम | प्रतिशत | ७० | ७५ | ७७ | ८० | ८३ |

### ७.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा तथ्याङ्क प्रणाली र योजना तथा विकास व्यवस्थापन उप–क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ।

| आ. ब. | बजेट अनुमान (रु. हजारमा) | बजेटको स्रोत (रु. हजारमा) |
|---|---|---|

| | कुल | चालु | पूँजिगत | बित्तिय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
|---|---|---|---|---|---|---|---|---|
| २०८२-८३ | ८९३४ | ४८३० | ४१०४ | ० | ० | ८२८४ | ६५० | ० |
| २०८३-८४ | ८३३६ | ३८८५ | ४४५१ | ० | ० | ७३५६ | ९८० | ० |
| २०८४-८५ | ८७९७ | ४०७९ | ४७१८ | ० | ० | ७७१९ | १०७८ | ० |

### ७.४.८ कार्यक्रम तथा आयोजनाको संक्षिप्त बिवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ।

| क्र. स. | आयोजना/कार्यक्रम | उद्देश्य | अवधि | कुल लागत (रु. हजार) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन कार्यक्रम | गाउँपालिकाको योजना तथा विकास प्रक्रियालाई तथ्यमा आधारित, समावेशी, नतिजामूलक, सहभागितामूलक तथा बनाउनु | सालबसाली | ६००० | बिषय क्षेत्रगत गुरुयोजना, आयोजना बैंक, मध्यमकालीन खर्च संरचना तर्जुमा हुने र सो बमोजिम वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा हुनेछ । |

### ७.४.९ जोखिम तथा अनुमान

संविधान, संघीय, प्रदेश र स्थानीय नीति र कानून बमोजिम तिनै तहका सरकारका निकायहरु र गैसस, समुदाय, सहकारी र नीजि क्षेत्र बीचको समन्वय, स्रोत साधन, प्रविधि र दक्ष मानव संशाधन सहज उपलब्ध भएमा अपेक्षित नतिजा हासिल हुनेछ। उपरोक्त व्यवस्था हुन अपेक्षित नतिजा हासिल हुन नसक्ने जोखिम रहने छ।